# ‘सकस’ उपन्यासको शैली वैज्ञानिक अध्ययन


शोधार्थी
**नवीन के.सी.**
क्याम्पस दर्ता नं. ०१ /२०६७
परीक्षा सि.नं. ४१४००३७ /२०६९
त्रि.वि. दर्ता नं. ९-२-४१४-२५-२००२

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह
दोस्रो वर्षको नेपाली  शिक्षा विषय (नेपा.शि. ५९८) को पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

**शोधपत्र**

नेपाली शिक्षा विभाग
मन्थली सहिद स्मृति बहुमुखी क्याम्पस
मन्थली, रामेछाप

२०७१/2015



उपन्यासकार स्व. जगदीश घिमिरे प्रति हार्दिक
श्रदाञ्जली र
परिवारजन प्रति समवेदना

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली शिक्षा विषय (नेपा.शि.५९८) को पाठ्यांशको प्रयोजनार्थको लागि तयार पारिएको छ । यो अध्ययन सकस उपन्यासको शैलीवैज्ञानिक अध्ययनसँग सम्बन्धित छ ।

प्रस्तुत अनुसन्धानको प्रस्तावना लेखनदेखि शोध पत्र तयारीसम्म आवश्यक सल्लाह एव्म कुशल निर्देशन गरी सहयोग गर्नु हुने आदरणीय गुरू शोध निर्देशक, सहायक प्राध्यापक ईश्वर चौहानप्रति आभार प्रकट गर्दछु । सकस उपन्यास आफैमा सकस रहेको र लेखकको मृत्यु भई सकेको हुनाले यो शोध पत्र लेखन कार्यमा मलाई धेरै जटिलता आइपरेका थिए । जे जस्तो भएतापनि स्व. जगदीश घिमिरेको **सकस उपन्यासको** शोधपत्र लेखन कार्यका लागि सहज बनाउन र अन्तर्वाता तथा छलफलका लागि सहयोग गर्नु हुने जगदीश घिमिरे प्रतिष्ठानका अध्यक्ष श्री दुर्गा घिमीरे, पत्रकार टीका प्रसाद भट्ट र समाजसेवी गोविन्द घिमीरेप्रति धन्यवाद दिन चाहान्छु ।

शोधपत्र लेखनमा थप हौसल्ला तथा प्रेरणा दिनु हुने आदरणीय डा. यादव प्रकाश लामिछानेज्यू प्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै शोधपत्र लेखनलाई आवश्यक सहयोग गर्न अनुभवी स्रोत शिक्षक उपलब्ध गराई आफ्नो कर्तव्य निभाउनु हुने क्याम्पस प्रमुख आदरणीय गुरू गुञ्ज बहादुर श्रेष्ठ प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधपत्र तयार पार्ने क्रममा सहयोग पुर्‍याउनु हुने अन्य गुरूहरू, विद्धान अग्रज महानुभावहरू, सहपाठी मित्रहरू, प्रत्यक्ष अप्रत्यक्ष रूपमा सल्लाह सुझाव तथा उत्प्रेरणा प्रदान गर्ने सबैमा कृतज्ञता अर्पण गर्दछु ।

शोधपत्र लेखन पार्ने क्रममा तथ्याङ्क सङ्कलन कार्यमा सहयोग पुऱ्याउनु हुने जगदीश घिमिरे प्रतिष्ठान, तामाकोसी सेवा समितिप्रति आभार व्यक्त गर्दछु । साथै यस शोधपत्रको भाषा सम्पादन गरदिनु हुने दाई डि.बि. भुजेल, सहायक प्रा. नारदकुमार थापालाई पनि धन्यवाद दिन चाहान्छु । त्रिभुवन विश्व विद्यालयका उप-प्रा. एवम् यस शोधपत्रका बाह्य परीक्षक श्रदेय गुरू दिनेश घिमिरेज्यू प्रति समेत आभार व्यक्त गर्दछु ।

**शोधार्थी**

नवीन के.सी.

मन्थली सहिद स्मृति बहुमुखी क्याम्पस

मन्थली, रामेछाप

# शोधसार

| | | |
|---|---|---|
| **शोधशीर्षक** | : | 'सकस' उपन्यासको शैलीवैज्ञानिक अध्ययन |
| **शोधार्थी** | : | नवीन के.सी. |
| **शोध निर्देशक** | : | ईश्वर चौहान |
| **शैक्षिक वर्ष** | : | २०६७।६८ |
| **पृष्ठ सङ्ख्या** | : | ८+९६ |
| **अध्याय सङ्ख्या** | : | ७ |

## शोध प्रक्रिया

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, मन्थली सहिद स्मृति बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ तयार गरिएको हो ।

प्रस्तुत अध्ययन कथानक र पात्र विधानका दृष्टिले सकस के-कस्तो रहेको छ भन्ने मूल समस्याको केन्द्रित रहेको छ । शोधका उद्‌देश्यहरुमा कथानकका आधारमा सकस उपन्यासको विश्लेषण गर्नु , पात्रविधानका दृष्टिले सकस उपन्यासको विश्लेषण गर्नुका साथै निष्कर्षात्मक मूल्याङ्कन प्रस्तुत गर्नमा शोध केन्द्रित रहेको छ ।

अध्ययनलाई पूर्णता प्रदान गर्ने क्रममा मुख्यगरी पुस्तकालयीय विधिको उपयोग गरिएको छ भने भाषिक अनुसन्धानका अन्य विधिहरु क्षेत्रीय अध्ययन विधि र वर्णनात्मक विधि समेतको उपयोग गरिएको छ । खासगरी अन्तर्वाता प्रश्नावली प्रयोग गरी प्राथमिक श्रोतको आधारमा मुख्य तथ्य सङ्कलन गरिएको छ भने शोधका उद्देश्यलाई थप पूर्णता प्रदान गर्न विभिन्न पुस्तक, पत्रपत्रिका, सम्बन्धित समाज र संस्था जस्ता द्वितीय श्रोतको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

सात अध्याय संङ्गठित प्रस्तुत शोधकार्यलाई क्रमशः अध्याय एकमा शोध परिचय अध्याय दुईमा सम्बन्धित साहित्यको समीक्षा, अध्याय तीनमा शोधविधि/प्रक्रिया, अध्याय

चारमा शैली विज्ञानको परिचय , अध्याय पाँचमा सकस उपन्यासको कथानकको विश्लेषण, अध्याय छ मा सकस उपन्यासको चरित्रको विश्लेषण, अध्याय सातमा समग्र अध्ययनको निष्कर्षात्मक मूल्यांङ्कन प्रस्तुत गरिएको छ ।

**निष्कर्ष**

- लिलाम, साबिति अन्तर्मनको यात्रा र सकस जस्ता आख्यानात्मक कृतिहरु नेपाली साहित्य भण्डारलाई दिएर जगदीश घिमिरे कालजयी बनेका छन् ।
- प्रस्तुत सकस नेपाल र भारतका परिवेशमा भए घटेका विभिन्न सामाजिक तथा राजनैतिक घटनाहरुलाई समेटी आत्मसंस्मरण प्रस्तुत गरिएको पाइन्छ ।
- नेपालको इतिहासभित्र राणाकाल, शाहकाल, प्रजातन्त्र , पञ्चायत र गणतन्त्रसम्मको घटनालाई सफल आख्यान दिइएको पाइन्छ ।
- सकस सामाजिक यथार्थवाद, आदर्शवाद, विसङ्गतिवाद, मानवतावाद, मनोविज्ञान र झिनो अतियथार्थवादलाई समेट्ने कथानक भएको कृति हो जसले सामान्य पाठक,बुद्धिजिबी, समाजसेवी र राजनीतिज्ञ समेतलाइ आकर्षण गर्न सफल देखिन्छ ।
- एक शब्दे शीर्षक रहेको सकस उपन्यासमा तीन चरणमा ५७ उपशीर्षक योजनामा समेटिएको उपन्यासको कथानकमा विविधता पाईन्छ ।
- पूर्वदीप्ति शैलीमा आत्मसंस्मरण गरिएको उपन्यासमा जीवाले सपनामा रणबहादुर शाहले यमराजसँग गरेको बिन्ति र नेपालमा फेरी शासन गर्न चित्रगूप्तको आदेशयुक्त कथानक स्वैरकल्पनात्मक रुपमा प्रस्तुत गरिएको छ ।
- शरदले कालीबाबा सँग भेटगरी मृत जीवाको साक्षत्कारका लागि मन्त्र जप्नु र जीवासाथ सिंहदरवार तथा देश दौडाहामा चराझैं आकाशमा उडेको देखाई झिनो अतियथार्थवादको झलक प्रस्तुत गरिएको छ ।
- शान्तिको जन्म र बलात्कारको घटनालाई कथानक बनाई नेपालको शान्तिप्रक्रियासँग प्रतिकात्मक रुपमा जोडी यथार्थता प्रस्तुत गर्न खोजिएको छ ।

- वृत्ताकारीय ढाँचाको कथानक उपन्यासमा प्रमुख, सहायक र गौण भूमिकामा बहुल पात्रयोजना गरिएको छ ।
- शरद,कुमारी र जीबालाई प्रमुख पात्रको भूमिकामा देख्न सकिन्छ ।
- कथानक उपशीर्षक अनुसार सहायक र गौण भूमिकामा अत्याधिक पात्रहरु प्रयोग गरिएको छ ।
- पूर्व दीप्ति शैलीमा जीवा र शरदले आत्मवृतान्त प्रस्तुत गरेको टिपोट वा नोटको रुपमा समग्र सकसलाई हेर्दा पात्रगत सीमितता रहेको छ तर उपशीर्षक अनुसारको आख्यानलाई चलायमान गराउन असीमित पात्रको उपस्थिति भेटिन्छ ।
- इतिहास, राजनीति, समाज र मनोविज्ञानका विभिन्न विषयवस्तुलाई समेट्न सक्ने चरित्र योजना भएको सफल उपन्यास हो ।

# विषय सूची

पृष्ठ

अध्याय एक

**शोध परिचय** १-३

१.१ **विषय प्रवेश** १

१.२ **समस्या कथन** २

१.३ **शोधका उद्देश्यहरू** २

१.४ **शोधको औचित्य** २

१.५ **शोधको सीमाङ्कन** ३

अध्याय दुई

**सम्बन्धित साहित्यको समीक्षा र सैद्धान्तिक अध्ययन** ४-९

२.१ **पूर्व कार्यको समीक्षा** ४

२.२ **अप्रकाशित शोधग्रन्थहरूको समीक्षा** ६

अध्याय तिन

**शोधविधि/प्रक्रिया** १०-११

३.१ **शोधविधि** १०

३.१.१ **तथ्याङ्क सङ्कलन** १०

३.१.२ **सामग्री निर्माण** १०

३.१.३ **सामग्रीको परिमार्जन** १०

३.१.४ **सामग्रीको प्रयोग** ११

३.१.५ **व्याख्या, विश्लेषण तथा प्रस्तुतीकरण** ११

अध्याय चार

**शैली विज्ञानको परिचय** १२-२३

४.१ **परिचय** १२

४.२ **शैली विज्ञानको सैद्धान्तिक स्वरुप र विकास प्रक्रिया** १५

४.३ **कृति विश्लेषणका शैली वैज्ञानिक आधार** १७

४.३.१ **साहित्यिक संरचना** १९

४.३.२ **भाषा संरचना** १९

४.३.३ **शैली** २०

४.४ निष्कर्ष २३

अध्याय पाँच

**सकस उपन्यासको कथानकको विश्लेषण** २४–६४

५.१ कथानकको परिचय २४

५.२ उपन्यासको शीर्षक चयन २६

५.३ सकस उपन्यासको चरणगत उपशीर्षक योजना र कथानक २७

५.४ सकस उपन्यासको चरणगत उपशीर्षकका आधारमा कथानकको प्रस्तुति २८

५.५ सकस उपन्यासको कथानक तथ्याङ्कको विश्लेषण ५९

५.६ निष्कर्ष ६३

अध्याय छ

**सकस उपन्यासको चरित्रको विश्लेषण** ६५–८१

६.१ पृष्ठभूमि ६५

६.२ पात्र वा चरित्रको शैलीवैज्ञानिक वर्गीकरणका आधारहरु ६६

६.२.१ लिङ्ग ६६

६.२.२ कार्य ६६

६.२.३ प्रवृत्ति ६७

६.२.४ स्वभाव ६७

६.२.५ जीवन चेतना ६७

६.२.६ आसन्नता ६८

६.२.७ आवद्धता ६८

६.३ सकस उपन्यासका पात्रहरुको शैलीवैज्ञानिक अध्ययनमा ६८

६.३.१ सकस उपन्यासका पात्रहरूहको शैलिवैज्ञानिक वर्गीकरण तालिका ७०

६.३.२ शैलीवैज्ञानिक वर्गीकरण तालिकाका आधारमा पात्रहरूको व्याख्या तथा विश्लेषण ७१

६.४ निष्कर्ष ८१

अध्याय सात

**उपसंहार** ८२-९१

७.१ निष्कर्ष ८२

७.१.१ अध्याय एक, दुई र तिनको निष्कर्ष ८३

७.१.२ अध्याय चारको निष्कर्ष ८३

७.१.३ अध्याय पाँचको निष्कर्ष ८५

७.१.४ अध्याय छ को निष्कर्ष ८७

७.२ निष्कर्षात्मक मूल्याङ्कन ८९

सन्दर्भ सूची ९२-९३

परिशिष्ट एक : 'सकस' उपन्यासको शैलीवैज्ञानिक अध्ययन ९४-९६

## अध्याय एक

# शोध परिचय

### १.१ विषय प्रवेश

साहित्य समालोचनाको नवीनतम् विधाका रुपमा शैलीविज्ञानलाई चिनिन्छ । भाषाको माध्यमबाट गरिने वस्तुनिष्ठ समालोचना प्रणालीको रुपमा पनि शैलीविज्ञानलाई हेरिन्छ । साहित्य शास्त्र र भाषाविज्ञानको मिलन बिन्दु मानिने शैलीविज्ञान भाषाविज्ञानको एक महत्वपूर्ण शाखा हो । विषयवस्तु अनुकूलको भाव अभिव्यक्ति गर्ने ढाँचा वा पद्धति शैली जसले वैज्ञानिक अध्ययन गर्दछ ।

नेपाली साहित्यको क्षेत्रमा गद्य आख्यानको रुपमा उपन्यास विधालाई राखिएको छ । मानव जीवनका कारुणिक, मार्मिक तथा विविध पक्ष सँग सम्बन्धित भाव उद्घाटन गर्ने क्रममा मूल कथाका अतिरिक्त अन्य उपकथाहरूको समेत संयोजन गरिएको आख्यानात्मक कृति उपन्यास हो ( भण्डारी र अन्य : २०६६:१६९ ) । यसर्थ खास जीवनदर्शन बोकेको, लामो कथात्मक अभिव्यक्ति भएको नैतिक सन्देश र जीवन सान्दर्भिक सारवस्तुयुक्त विशेष कृति उपन्यास हो ।

प्रस्तुत अध्ययन पनि सकस उपन्यासको शैलीवैज्ञानिक अध्ययनसँग सम्बन्धित रहेको छ । शैलीवैज्ञानिक अध्ययन परम्पराको सैद्धान्तिक खाकाभित्र उक्त उपन्यासलाई राखी समालोचनाका साथ निष्कर्ष प्रदान गरिएको छ । सकस नेपाली समाज, इतिहास, राजनीति र प्रेमका किस्साहरू भएको विविध आख्यानयुक्त नवीन उपन्यास हो । उपन्यासमा स्वैरकल्पना, यथार्थवाद, विसङ्गतिवाद, आदर्शवाद तथा झिनो अतियथार्थवादलाई सफल ढङ्गले प्रस्तुत गरिएको छ ।

पूर्व दीप्ति शैलीमा जीवा र शरदले आत्मासंस्मरण प्रस्तुत गरेको शैलीमा उपन्यास संरचित देखिन्छ । विभिन्न विषयवस्तुलाई समेट्ने उपशीर्षक योजनागरी वहुल पात्रको साथ कथानक अगाडि बढाइएको छ । साहित्यकार जगदीश घिमिरेले आफ्नो जीवनको उत्तरार्धमा नेपाल र नेपालीहरूको इतिहास र वर्तमानको सकसपूर्ण यथार्थ अनुभवलाई सफल ढङ्गले

प्रस्तुत गरेका छन् । भविष्यमा छिट्टै शान्ति प्राप्त हुने आर्दशवादी विचारका साथ कथानक समापन गरिएको उक्त उपन्यासका विभिन्न पक्षहरुको शैलीवैज्ञानिक अध्ययनलाई यस शोधमा समेटिएको छ ।

## १.२ समस्या कथन

अनुसन्धान कार्यका लागि त्यसमा निहित रहेका समस्यालाई महवपूर्ण रूपमा लिइन्छ । जब समस्या आउछ तब त्यसको समाधान गर्नका लागि अध्ययन/अनुसन्धान प्रक्रियाको थालनी हुन्छ, त्यसैले कुनै खास विषय क्षेत्रमा देखिएका समस्याहरूको खोजी गर्ने र तिनीहरूको समाधान गर्ने कार्य शोधसँग सम्बन्धित हुने भएकाले समस्या कथनलाई अनुसन्धान कार्यको क्षेत्रमा अपरिहार्य तत्त्वका रूपमा लिइने गरिन्छ । उपन्यासकार जगदीश घिमिरेद्वारा लिखित सकस उपन्यास नेपाली गद्य साहित्यको महत्वपूर्ण उपन्यास हो । नेपाली साहित्यमा सकस उपन्यासले आधुनिक सोचको आख्यान कृतिको स्थान पाएको छ । प्रस्तुत **'सकस'** उपन्यासको शैलीवैज्ञानिक अध्ययन निम्न लिखित समस्यामा केन्द्रित रहेको छ -

१. कथानकका आधारमा **'सकस'** उपन्यास के कस्तो रहेको छ ?

२. पात्र विधानका दृष्टिले **'सकस'** उपन्यास के कस्तो रहेको छ ?

३. प्राप्त निष्कर्षका आधारमा उपन्यासको कसरी मूल्याङ्कन गर्न सकिन्छ ?

## १.३ शोधका उद्देश्यहरू

प्रस्तत अध्ययनमा निम्न लिखित उद्देश्यहरू रहेका छन -

१. कथानकका आधारमा **सकस** उपन्यासको विश्लेषण गर्नु ,

२. पात्र विधानका दृष्टिले **सकस** उपन्यासको विश्लेषण गर्नु ,

३. प्राप्त निष्कर्षको आधारमा उपन्यासको मूल्याङ्कन गर्नु ।

## १.४ शोधको औचित्य

नेपाली साहित्य जगत्को लोकप्रिय गद्यमय विधाका रूपमा उपन्यासलाई हेर्ने गरिन्छ । गद्य साहित्यका अन्य विधासँग न्यायोचित सम्बन्ध स्थापित गर्ने यस विधाको महत्व वर्तमान समयमा अझ विस्तार हुँदै गएको पाइन्छ । उपन्यासले मानसिक, वौद्धिक, वैयक्तिक एवम् सामाजिक पक्षको विकासमा सहयोग गर्नुका साथै व्यक्तिमा अन्तर्निहित क्षमतालाई प्रष्फुटन, विस्तार र परिस्कार गर्न समेत सहयोग गर्दछ । यसर्थ पनि यस क्षेत्र र विषयमा अध्ययन अनुसन्धान गर्न औचित्यपूर्ण हुने ठहर गरिएको छ ।

उपन्यासले नवीन तथा सम्बन्ध विधाको उचाई ग्रहण गर्दै गर्दा नेपाली साहित्य, समालोचना र भाषा शिक्षणका क्षेत्रमा यसको प्रत्यक्ष प्रभाव पर्ने कुरामा दुइमत छैन । यसर्थ पनि यस अध्ययनबाट सम्बन्धित सवै पक्षका उपन्यासका शैलिवैज्ञानिक अध्ययन गरिने भएकाले मौलिक तथा प्राज्ञिक योगदान पुग्ने देखिन्छ । त्यसैगरी यस्ता साहित्यको अध्ययनबाट शिक्षार्थीहरूमा सामाजिक दृष्टिकोणको विकास गर्ने, उपन्यास विधा शिक्षणका लागि सैद्धान्तिक आधार तयार हुने, शिक्षणीय चुनौति समाधानमा सहयोग पुग्ने आदि क्षेत्रमा पनि प्रस्तुत अध्ययनले सहयोग पुऱ्याउने देखिन्छ ।

प्रस्तुत **'सकस'** उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरी उपन्यास क्षेत्रमा देखिएका सैद्धान्तिक र प्रायोगिक समस्याहरूको निदान गर्न र वास्तविकताको उजागर गरी अन्य विधा अध्ययन अध्यापनका लागि मार्ग प्रशस्त गर्न थप सहयोग पुग्ने ठहर गरिएको छ । यस उपन्यासको विषयमा धेरै अध्येता तथा विद्वानहरूले विभिन्न समालोचनात्मक धारणा प्रस्तुत गरेको भए तापनि त्यो अध्ययनले उपन्यासको सम्पूर्ण पक्षलाई समेट्न नसकेको ठहर गरिएको छ । साथै यस अगाडि गरिएको उपन्यास क्षेत्रका अध्ययन पनि पूर्ण नभएको ठहर गरी उक्त रिक्ततालाई पूर्ण गर्ने उद्देश्यका साथ यो अध्ययन अगाडि बढाउनु पर्ने औचित्यतता सावित भएको छ ।

## १.५ शोधको सीमाङ्कन

प्रस्तुत अध्ययन निम्न लिखित सीमामा सीमित रही अगाडि वढाइएको छ -

१. प्रस्तुत अध्ययन कथानकका दृष्टिले **सकस** उपन्यासको विश्लेषण गर्न सीमित रहेको छ ।

२. पात्र विधानका दृष्टिले **सकस** उपन्यासको शैलीवैज्ञानिक वर्गीकरण र विश्लेषण गर्न अध्ययन सीमित रहेको छ ।

३. प्राप्त निष्कर्षको आधारमा सकस उपन्यासको मूल्याङ्कन प्रस्तुत गर्न मात्र सीमित रहेको छ ।

अध्याय दुई

# सम्बन्धित साहित्यको समीक्षा र सैद्धान्तिक अध्ययन

## २.१ पूर्व कार्यको समीक्षा

साहित्यका विविध विधा मध्ये उपन्यास नवीनतम विधा हो । नेपाली उपन्यास परम्परामा यसका चरण, काल र धाराहरूको विकास भएको पाइन्छ । आधुनिक नेपाली उपन्यासको उत्तरार्ध चरणमा आएर मानवतावादी धाराको प्रखर रूपमा विकास भएको पाइन्छ । अस्तित्ववादको खोजीमा सशक्त मानवतावाद र बैचारिक धरातलमा चर्चित बन्न पुगेको सकस विशिष्ट स्थान ओगट्न सफल उपन्यासका रूपमा रहेको छ । विभिन्न समालोचकनात्मक कृति र पत्र पत्रिकामा विविध किसिमले समीक्षा भए पनि शिक्षणीय हिसाबले र शैलीवैज्ञानिक दृष्टिले यस उपन्यासको अध्ययन व्याख्या विश्लेषण कमै मात्रामा भएको पाइन्छ । शोधको शीर्षक सँग सबन्धीत पूर्व रूपमा के कस्ता अध्ययन अनुसन्धान भए गरेका छन सो अध्ययन गरी अध्ययनलाई पूर्णता दिन ती पूर्व कार्यहरूको समीक्षा गर्नु जरूरी देखिन्छ । यसर्थ यहाँ सम्बन्धित पक्षको समीक्षा गरिएको छ -

सुवेदीले **सांस्कृतिक समीक्षणका कसीमा सकस उपन्यासको परीक्षण** शीर्षकमा समीक्षात्मक लेख प्रकाशित गरेका छन । लेखका क्रममा **सकस** उपन्यास भित्रको समाजशास्त्रीय चिन्तन र सांस्कृतिक समीक्षा, सांस्कृतिक जीवनका विविध सन्दर्भ र साहित्य सांस्कृतिकको सूचना साम्राज्यको प्रभाव तथा **सकस** उपन्यासको विषय सङ्केत उपशीर्षकमा विस्तृत चर्चा गरेका छन । चर्चाका क्रममा - नेपाली राजनीतिक इतिहास, आर्थिक विसङ्गतिका पक्षहरू, नेपाली जाति धर्म र संस्कृति आदि विषयवस्तु रहेको उल्लेख गरिएको छ । उपन्यासमा द्धितीय पुरूषात्मक कथन ढाँचाको प्रयोग गरिएको छ भने कथानुकुल पात्र व्यवस्था गरी स्तरीय कथ्य भाषाको उपयोग गरिएको उल्लेख गरेका छन । ( रचना, पृ.११-४२)

दीक्षित द्वारा **नेपालको रघुवंश हो सकस** भनी सकस विमोचनमा मन्तव्य व्यक्त गरेका छन् । मन्तव्यका क्रममा उपन्यास आख्यानको रूपमा विकास भएको धारावाहिक वंशावली जस्तो लागेको धारणा व्यक्त गरे । सकस उपन्यास अन्य उपन्यास भन्दा भिन्न

भएको र नेपाल एकिकरणका प्रणेता पृथ्वीनारायणबाट सुरू भई पछिल्लो प्रधानमन्त्री डा.बाबुराम भट्टराईमा आएर टुङ्गिएको छ । नेपालमा पृथ्वीनारायण शाह पछिका अढाइ सय वर्षका प्रत्येक शासक यस्तै शक्ति-लिप्सारत रहेर जनता भनेका उनीहरूका लागि गौण नै रहिरहे भन्ने सन्दर्भ उल्लेख गरेका छन् । (रचना, पृ ६७)

नेपालद्वारा **समाज, इतिहास र राजनीतिको त्रिवेणी 'सकस'** शीर्षकमा समीक्षात्मक लेख प्रकाशित गरेका छन । लेखका क्रममा सकस उपन्यास भित्रको पृथ्वीनारायण बाहेक उनका उत्तराधिकारीहरूले देह र जनताका लागि केही राम्रो काम गर्न नसकेका, केवल दरबारिया षडयन्त्र, खुराफात र निहित स्वार्थमै आफ्नो जीवन बिताएको एउटा स्त्रीलम्पट व्यक्तिले नीचताको हद पार गर्दै कस्तो सम्म कुकृत्य गर्न सक्छ, त्यसको फेरिस्त प्रस्तुत गर्दै साहित्यिक आवरणमा ढालेर प्रस्तुत गरिएको माओवादी आन्दोलनको उद्गम संरक्षण र आश्रमस्थलका बारेमा कृतिले स्पष्ट पारेको, भारतीय भूमिमा नेताहरूको आदेश र रोहवरमा माओवादी र संसदवादी बिच १२ बुँदे समझदारी नामक मिलापत्रमा अङ्कमाल गराइदिएको, पीडा र शोषणका कारण महिलाहरूले आत्महत्या गर्नुपर्ने सम्मको स्थितिको चित्रण गरिएको पाइएको छ । दरबारिया षडयन्त्रका कारण दमिनी बज्यै प्रतिको दुर्व्यवहार अनि तत्कालीन अवस्थामा रहेको सतीप्रथाको वर्णन कारूणिक रहेको, सामाजिक, राजनैतिक र ऐतिहासिक घटनालाई आधार बनाएर लेखिएको छ । ( रचना, पृ.७४ )

प्रधान द्वारा **जगदीश घिमिरेको सकस पढ्दा** उपन्यास शीर्षकमा समीक्षात्मक लेख प्रकासित गरेका छन । लेखका कममा सकस उपन्यास भित्रको चरित्र, चित्रण, वर्णन र वार्तालापको औपन्यासिक सिमालाई नाघेर स्वभाविक रूपले सकसलाई खिम्ति खोला जस्तै नागवेली र तलमाथि गरी बग्न दिनु, काल्पनिक पात्रहरूले केही जीवित र मृत्युले राजनैतिक नायक र खलनायकहरूको सम्झना गराउँछ । हरिवंश अधिकारी (जीबा) नै सकस को मूल पात्र हुनु, मधेसवादी आन्दोलन पछि तराईमा देखिएको पहाडी विरोधी साम्प्रदायिकता र भारतीय सीमाबाट आएका अपराधीबाट हुने लुटपाट, आतङ्क हत्या हिंसा र अपहरणले त्यसबेलाको डरलाग्दो स्थितिलाई चित्रण गर्नु, पुनःर्स्थापना गृहकी सञ्चालिका देवीजीले कुमारीबाट पाएको शरद्को डायरीको कलात्मक बुनाईले **सकस** नेपालको यथार्थवादी पौवा बनेकी सरल भाषाको शब्द चित्रले साधारण पाठकलाई समेत अन्त्यसम्म, आशा र उज्यालो

बाटोको अभावमा पाठक छामछाम छुमछुम गरी अगाडि बढ्नुपर्ने स्थितिमा छोड्दा लेखक स्वयं गन्तव्य नभएको बन्ने डर रहन्छ । ( रचना, पृ. ९९-१०१)

सुवेदीले **सकस** उपन्यासको सन्दर्भमा सङ्क्षिप्त लेख प्रकासन गरेका छन् । लेखमा **सकस** नेपाली समय स्मृतिलाई लिएर लेखिएको एक शक्तिशाली रचना हो भन्ने कुरा उल्लेख गरेका छन् । उपन्यासभित्र नेपाल राज्यको स्थापनादेखि यता दरबारीयाहरूले सर्वसाधारण मानिसहरूप्रति औपन्यासिक शैलीमा चित्रण गरिएको छ । इतिहासमा विद्रोह गरी मुक्ति प्राप्त गर्ने तर शक्तिशालीहरूको अर्को माखेसाङ्लोमा परी फेरि यातना प्राप्त भएको बिडम्बनाको चित्रण गरिएको छ । (रचना, पृ. १३९ )

## २.२ अप्रकाशित शोधग्रन्थहरूको समीक्षा

खनाल (२०६१) ले **मुगलान उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकमा शोध तयार पारेका छन् । प्रस्तुत शोधमा मुगलान उपन्यासको कथानकको विश्लेषण गर्नु, पात्रहरूको वर्गीकरण र विश्लेषण गर्नु, भाषाको आधारमा उपन्यासको अध्ययन गर्नु जस्ता महत्वपूर्ण उद्देश्यहरू राखिएको छ । उक्त शोधलाई अगाडि बढाउने क्रममा पुस्तकालयीय अध्ययन विधिलाई मात्र प्रयोग गरेको देखिन्छ । मानवीय अस्तित्व पहिचानका दृष्टिले मुगलान कष्टपूर्ण रहने तथ्य प्रस्तुत भएको छ । उपन्यासमा प्रस्तुत भएका कार्की, सुतार जस्ता पात्रहरूको चारित्रिक विश्लेषण गरी प्रवासमा कुल्ली भई जोखिमपूर्ण काम गर्नु पर्ने तीतो यथार्थ प्रस्तुत गरिएको छ । साथै पात्र अनुसारको भाषिक प्रगोग गरिएको छ भन्ने जस्ता महत्वपूर्ण निष्कर्ष पेश गरिएको देखिन्छ । समग्र उपन्यासको शैलविज्ञानिक अध्ययनबाट उपन्यास सामाजिक यथार्थवादी कित्तामा रहेको, सोही अनुसार पात्र विधान र भाषाको प्रयोगमा थप सचेत भइदिएको भए उपन्यास थप उत्कृष्ट हुने सुझाव प्रस्तुत गरिएको छ ।

शर्मा (२०६३) ले **अलिखित उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकमा शोध तयार पारेका छन् । शोधका क्रममा कथानकको आधारमा अलिखित उपन्यासको विश्लेषण गर्नु, चरित्रको आधारमा अलिखित उपन्यासको विश्लेषण गर्नु, भाषिक विचलन तथा समानान्तरताको आधारमा उपन्यासको विश्लेषण गर्नु, जस्ता महत्वपूर्ण उद्देश्यहरू

राखिएको पाइन्छ । शोधका क्रममा पुस्तकालयीय अध्ययन विधिलाई अवलम्वन गर्ने र भाषिक तथा संरचनात्मक शैलीवैज्ञानिक विश्लेषण पद्धति अपनाउने निश्चित गरिएको पाइन्छ । अङगुमानको नेतृत्वमा उत्खनन स्थलतर्फ गएको प्रसङ्गसँग कथावस्तु आरम्भ गरिएको पाइन्छ । ऐतिहासिक पृष्ठभूमि रहेको उपन्यासको आदि, मध्य र अन्त्यको विन्यास मिलेको पाइन्छ । पात्र विधानगत रूपमा बहुलपात्रको प्रयोग गरिएको छ, साथै ग्रामिण परिवेश अनुसारकै पात्र र भाषा शैलीको प्रयोग गरिएको, जस्ता महत्वपूर्ण निष्कर्ष निकालिएको छ । कर्ताको कार्य व्यापार बुझाउने क्रियापद, क्रियाको विशेषता बुझाउने क्रिया विशेषण, भाषामा रस र मिठास थप्ने निपात र प्रतिकात्मक भाषिक प्रयोगले उपन्यासलाई थप उचाइ प्रदान गरेको कुरा उल्लेख गरिएको पाइन्छ । स्वैरकल्पनात्मक ढङ्गमा अमूर्त ढङ्गले गरिएको प्रस्तुति पात्रगत रूपमा मिलाउन उपन्यासकार चुकेका भेटिन्छन् । प्रयोगवादी मान्यतालाई अझ थप उचाइमा पुऱ्याउन वहुल पात्र भित्र विशिष्टीकृत गर्नुपर्ने जस्ता महत्वपूर्ण सुझाव प्रस्तुत गरिएको छ ।

बुर्लाकोटी (छत्कुली) (२०६८) द्वारा **मोदिआइन उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकमा शोध तयार पारेकी छिन् । उनले शोधको उद्देश्य कथानकको आधारमा मोदीआइन उपन्यासको विश्लेषण गर्नु, चरित्रको आधारमा उपन्यासको विश्लेषण गर्नु, छनौट र चयनको आधारमा विश्लेषण गर्नु, भाषिक विचलन र समानान्तरताको आधार उपन्यासको अध्ययन गर्नु जस्ता महत्वपूर्ण उद्देश्यहरू राखेकी छन् । मूलतः प्राथमिक स्रोतको प्रयोग गरी सामग्री सङ्कलन गरी व्याख्या विश्लेषण गर्ने विधि तथा प्रक्रिया अवलम्बन गरिएको छ । यसक्रममा मुख्य रूपमा पुस्तकालयीय र वर्णनात्मक जस्ता महत्वपूर्ण विधिको समेत उपयोग गरिएको पाइएको छ । अध्ययनका कममा उपन्यासमा धर्मको व्याख्या, सम्भ्रान्त वर्गको निम्न वर्गमाथि शासन, गीता दर्शनले मानवताको रक्षा गर्न नसकेको, नारीहरू वैध व्यापारका सिकार हुनु परेको र युद्धले कसैको हित गर्न सक्दैन भन्ने जस्ता विषयलाई समेटी कथानक अगाडि बढाइएको भन्ने कुरा उल्लेख गरेका छन् । पात्रविधानलाई कथानक सुहाउँदो गरी संयोजन गरिएको तथा भूमिका अनुसारको परिवेश समेत समायोजन गरिएको छ । साथै विविध नवीन प्रयोगहरूको सफल समन्वय भएको एक उत्कृष्ट उपन्यास हुन

पुगेको महत्वपूर्ण निष्कर्ष पेश गरिएको छ । यति हुँदाहुँदै पनि पात्र विधान र भाषाको प्रयोगमा थप सचेत भइदिएको भए उपन्यास अझ उत्कृष्ट हुने सुझाव प्रस्तुत गरिएको छ ।

पाण्डे ( २०६८) द्वारा **छिमेकी कथाको शैलीवैज्ञानिक अध्ययन** शीर्षकमा शोध तयार पारेका छन् । उनले शोधका उद्देश्यहरूमा कथाको कथानक विश्लेषण गर्नु, भाषा तत्वको आधारमा कथाको विश्लेषण गर्नु जस्ता महत्वपूर्ण उद्देश्यहरू राखिएको छ । प्राथमिक स्रोतको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ भने पुस्ताकालयीय र वर्णनात्मक विधिका आधारमा शोध तयार पारिएको देखिन्छ । नेपालको ग्रामीण परिवेश एवम् राणाकालीन अन्धकारको अशिक्षा र गरिबीले व्याप्त आधुनिकताले नछोएको सुदूर दुर्गम ग्रामीण जनजीवनको चित्रणको स्वरूप प्रस्तुत भएको छ । पात्रहरूमा निहीत चरित्रले कथावस्तु सँग कृतिको तादात्म्यता स्थापित गर्न सकेको विश्लेषण पाइन्छ । पात्रहरू प्रयोगका दृष्टिले मानवीय, मानवेतर र जडवस्तु लाई समेटिएको पाइन्छ । भाषिक छनोटका कारणले कृतिलाई जीवन्त तुल्याउनुका साथै प्रभावकारी वनाउन महत्वपूर्ण भूमिका रहेको छ । समाजको स्थानीय परिवेश र भाषाको समेत कृतिमा प्रत्यक्ष प्रभाव रहेको जस्ता महत्वपूर्ण निष्कर्षहरू प्रस्तुत गरिएको पाइन्छ । समग्र कथाको शैलीवैज्ञानिक अध्ययनमा पात्र विधान र भाषाको प्रयोगमा थप सचेत भई दिइएको भए शोधपत्र अझ परिस्कृत र उत्कृष्ट हुने सुझाव प्रस्तुत गरिएको छ ।

शर्मा (२०६९) द्वारा **अल्वर्ट आइस्टाइन र गौतम वुद्ध खण्डकाव्यको शैलीवैज्ञानिक अध्ययन** शीर्षकमा शोध तयार पारिएको छ । उनले शोधका क्रममा शैलीवैज्ञानिक पद्धतिबाट अल्वर्ट आइस्टाइन र गौतम वुद्ध खण्डकाव्य कृतिको विश्लेषण गर्ने, कृति भित्रको अन्तरनिहीत भाषिक पक्षको विश्लेषण गर्ने, जस्ता महत्वपूर्ण उद्देश्यहरू राखिएको छ । पुस्तकालयीय अध्ययनमा आधारित रही प्राथमिक र गौण सामग्री सङ्कलनका स्रोतहरू प्रयोग गर्ने निर्क्योल गरिएको छ । साथै भाषिक एवम् संरचनात्मक शैलीवैज्ञानिक पद्धतिलाई अंङ्गालिएको छ । महान वैज्ञानिक अल्वर्ट आइस्टाइनको युद्ध विरोधी नीति र उनले विश्व प्रसिद्ध महामानव गौतम वुद्धसँगै गरेको काल्पनिक कविको संवाद पश्चातापको आधारमा प्रस्तुत खण्डकाव्यको रचना गरिएको छ । ऐतिहासिक विषयवस्तु भएको, विभिन्न छन्द प्रयोगमा उत्कृष्ट देखिएको, आलङ्कारिक सहजता सन्नीवेश गरी बुद्ध आईस्टाइन,

गान्धि मार्क्सका विचारहरू मार्फत आफ्ना आवाजहरू बुलन्द गर्न खोजिएको, विशिष्ट भाषिक प्रयोगको स्थिति रहेको जस्ता महत्वपूर्ण निष्कर्षहरू प्रस्तुत गरिएको छ । खण्डकाव्यमा आख्यानतत्व र कवितातत्व बिचमा सन्तुलन कायम हुन नसकेको सुझाव उल्लेख गरिएको छ ।

यसरी हालसम्म भएका महत्वपूर्ण उपन्यासहरूको शैलीवैज्ञानिक अध्ययन विश्लेषणलाई आधार मानेर सकेसम्म नयाँ आधार र समीक्षात्मक ढङ्गबाट **सकस** उपन्यासको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्ने जमर्को गरिएको छ । नेपाल राष्ट्रको एकीकरण गर्ने पृथ्वीनारायण देखि अनेकीकरणको जिद्धी गर्ने प्रचण्डका पाला सम्म नेपाली-जनले भोग्नु परेको सन्त्रासमय जीवन यापन गर्ने कुराको समन्वयात्मक ढङगले प्रस्तुत गर्न सफल उपन्यास सकस नेपाली उपन्यास विधाको महत्वपूर्ण कृतिको रूपमा अगाडि आएको छ । यो उपन्यासको आफ्नो मौलिक पहिचान रहेको छ ।

प्रस्तुत **सकस** उपन्यासका वारेमा अहिलेसम्म भएका जे-जति अध्ययन, विश्लेषण र समीक्षा भएका छन । ती वाहेक बाँकी रहेका अनुसन्धानात्मक कार्यहरूको खोजी गरी थप ज्ञानको ज्योती वालेर उज्यालो आशाका किरण छर्ने प्रयासमा यो अध्ययन सफल हुने छ ।

## अध्याय तिन

# शोधविधि/प्रक्रिया

### ३.१ शोधविधि

प्रस्तुत अध्ययनलाई पूर्णता प्रदान गर्ने सन्दर्भमा आवश्यक तथ्य सङ्कलनको लागि मूलतः पुस्तकालयीय विधिको उपयोग गरिने छ । साथै भाषिक अनुसन्धानका अन्य विधिहरू क्षेत्रीय अध्ययन, वर्णनात्मक विधिको समेत प्रयोग गरी निम्न प्रक्रिया अवलम्वन गरिएको छ -

### ३.१.१ तथ्याङ्क सङ्कलन

प्रस्तुत अध्ययनका क्रममा आवश्यक तथ्याङ्क सङ्कलन गर्न निम्न स्रोतको उपयोग गरिएको छ :

**क. प्राथमिक स्रोत**

प्राथमिक स्रोतको प्रयोग गरी उपन्यासकार जगदीश घिमिरे र **सकस**सँग सम्बद्ध अन्तर्वार्ता तय गरी आवश्यक तथ्य सङ्कलन गरिएकोछ । यस क्रममा शोध निर्देशक तथा गुरूहरूको राय सल्लाह अनुसार सम्बन्धित व्यक्ति सँग गरिने अन्तर्वार्ता प्रश्नावली समेत तय गरिएको छ ।

**ख. द्वितीय स्रोत**

प्राथमिक स्रोतबाट प्राप्त तथ्यका अलावा शोधलाई पूर्णतामा पुऱ्याउन शोधसँग सम्बन्धित विभिन्न पुस्तक, पत्रपत्रिका सम्बन्धित समाज र संस्थाबाट समेत थप तथ्य प्राप्त गरिएको छ ।

### ३.१.२ सामग्री निर्माण

प्रस्तुत अध्ययनको लागि **सकस** उपन्याससँग सम्बन्धित रही शैलीवैज्ञानिक अध्ययनलाई अगाडि बढाउन अन्तर्वार्ता प्रश्नावलीको निर्माण गरिएको छ ।

### ३.१.३ सामग्रीको परिमार्जन

निर्मित सामग्रीलाई गुरूहरूको सल्लाह तथा जगदीश घिमिरे प्रतिष्ठानका अध्यक्ष श्री दुर्गा घिमिरेज्यूसँग परामर्श लिनुका साथ परिमार्जन गरी अन्तिम रूप दिइएको छ ।

### ३.१.४ सामग्रीको प्रयोग

शोधलाई पूर्णता दिन **सकस** उपन्यासको बारेमा जगदीश घिमिरे प्रतिष्ठान र तामाकोशी सेवा समितिका प्रमुखसँग अन्तर्वार्ता प्रश्नावलीका साथ भेटी अन्तर्वार्ता लिइएको छ ।

### ३.१.५ व्याख्या, विश्लेषण तथा प्रस्तुतीकरण

शोधका क्रममा राखिएका उद्देश्य पुरा गर्न विभिन्न स्रोतबाट प्राप्त तथ्यलाई आधार बनाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्न शैलीवैज्ञानिक तवरबाट व्याख्या, विश्लेषण तथा प्रस्तुतीकरण गरी निष्कर्ष प्रदान गरिएको छ ।

अध्याय चार

# शैली विज्ञानको परिचय

## ४.१ परिचय

सामान्य अर्थमा शैली विज्ञान भन्नाले शैलीको अध्ययन गर्ने विज्ञान हुन्छ भने विशिष्ट रुपमा शैली विज्ञानले भाषाको माध्यमबाट गरिने वस्तुनिष्ठ आलोचना प्रणालीलाई बुझाउछ । शैली विज्ञानलाई भाषा विज्ञानको एउटा महत्वपूर्ण शाखा मानिन्छ । साथै यसलाई भाषा विज्ञान र साहित्य शास्त्रको मिलन विन्दुको रुपमा पनि लिइन्छ । भाषा विज्ञानको विभिन्न शाखाहरुमध्ये एक शाखा शैली विज्ञान हो । शैली विज्ञानलाई साहित्यिक भाषा विज्ञान, साहित्यिक शैली विज्ञान, प्रयोगात्मक समीक्षा, शैली वैज्ञानिक आलोचना, साहित्यको संरचनात्मक व्याख्या, साहित्यको वैज्ञानिक आलोचना आदि नामहरुले पनि चिनिन्छ । सङ्क्षेपमा भन्ने हो भने शैली विज्ञानले कुनै रचनाकारको विशिष्ट रचना प्रकार अथवा अभिव्यक्तिलाई शैली मान्न सकिन्छ ।

शैली विज्ञान अङ्ग्रेजी शब्द क्तथष्कितष्अ को नेपाली रुपान्तरण हो । उक्त क्तथष्कितष्अ को निर्माण क्तथभि मा क्ष्कत र क्ष्अभ को योगबाट भएको हो । जुन शब्द ल्याटीन भाषाको क्तथगिक बाट अङ्ग्रेजीमा क्तथभि हुँदै नेपाली आर्यभाषामा समानार्थी शैली शब्दको प्रयोग भएको हो । अझ प्रष्ट भन्ने हो भने १९ औं शताब्दीको सुरुवात देखि जर्मनीमा प्रचलित क्तषष्कितष्अ, अङ्ग्रेजीमा सन १८६४ देखी प्रचलीत क्तथष्कितष्अ तथा फ्रेन्चमा सन १८७२ देखी प्रचलीत क्तथष्कितष्त्रगभ जस्ता पृष्ठभूमीका साथ आधुनिक शैलीविज्ञानले समृद्धि प्राप्त गरेको हो ।

शैली-ना.(सं.) १) विशेष किसिमले कुनै काम गर्ने प्रणाली वा पद्धति, काम गराइको ढाँचाः परिपाटीः छाँट छन्द । २) असल शील स्वाभाव व्यक्तिवाट हुने कुरा ३) कुनै सिद्धान्त जस्तै भएर आएको रीति वा चलन ४) साहित्यिक रचनामा लेखकका व्यक्तित्व विशेषताको छाप, दिने वा विषयवस्तुका अनुकूल भाव अभिव्यक्त हुने खास ढाँचा । (सरल शैली, तार्किक शैली, आलङ्कारिक शैली आदि) (ने.वृ श २०४०: १२६७) ।

पश्चिममा साहित्यमा जसरी शैली शब्द विभिन्न उतार चढाव पार गर्दै प्रचलनमा आएको छ । त्यसरी नै पूर्वीय साहित्यमा पनि शील धातुवाट व्युत्पन्न भएको हो । 'शी' धातु तथा 'लक्' प्रत्ययको मेलबाट शील व्युत्पन्न भएको मानिन्छ । त्यही ढाँचा वा पद्धतिलाई शैली भनिन्छ । विषयवस्तु अनुकूलको भाव अभिव्यक्त गर्ने ढाँचा वा पद्धतिलाई शैली भनिन्छ । त्यही शैलीको वैज्ञानिक अध्ययन गर्ने अनुशासनको नाम शैली विज्ञान हो ।

पूर्व पश्चिम दुवैतिर यसको परम्परा पाइन्छ । पूर्वमा भरत मुनि, भामह, दण्डीको, साहित्य शास्त्रीय चिन्तनबाट र पश्चिममा प्लेटो, अरस्तु, सिसेरो आदिदेखि नै देखिए पनि यसको नयाँ दृष्टि चाँहि आधुनिक कालमा भएको हो । अतः यसलाई नवोदित विज्ञान भनिन्छ । तथापी शैलीविज्ञान भाषा विज्ञानका विभिन्न शाखाहरू र सम्प्रदायको अनुप्रयोग स्वरुप शाखा हो । कि स्वतन्त्र-स्वायत शाखा हो भन्ने वारेमा विद्दवानहरूका बीच मतभेद भने कायम नै छ । यसै बीचमा शैलीविज्ञानलाई प्रायोगीक भाषा विज्ञानमा आधारीत एक प्रायोगीक अध्ययन हो । तापनि यसका भाषिक सामग्रीको रुपमा रहेका शैलीको विशिष्ट प्रकृति तथा शैलीगत अध्ययनको परिप्रेक्ष र लक्ष्यको सापेक्ष अन्तर समेतले गर्दा शैली विज्ञानको सीमित ढङ्गको आफ्नै स्वतन्त्र व्यक्तित्व र प्रशस्त सैद्धान्तिक आधारको विकास पनि हुँदै आएको छ । समग्रमा शैलीविज्ञान भाषावादी सिद्धान्त र पद्धतिका रुपमा साहित्य समालोचनाको क्षेत्रमा देखा परेको नवीनतम विधा हो । जसले मौखिक र लिखित साहित्यिक सङ्कथनका विशिष्ट शैलीको आफ्नो प्रकृति अनुसार भाषा वैज्ञानिक अध्ययन गर्दछ ।

शैली विज्ञानलाई प्रष्ट पार्ने सन्दर्भमा विभिन्न विद्वानहरुले अगाडि सारेका केही परिभाषाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ -

१. इन्साइक्लोपेडिक डिक्सनरी अफ अप्लाइड लिङ्ग्विस्टिकका अनुसार शैली विज्ञान एउटा सामान्य पद हो जस अन्तर्गत कुनै व्यक्ति वा सामाजिक समूहले कुन आधारमा भाषा सम्बन्धि छनोट गर्दछ र ती कारकहरुको अध्ययन गरिन्छ । (ढुङ्गेल र दाहाल, २०५८: १३०) ।

२. नगेन्द्र (भारतीय भाषा शास्त्री) का अनुसार शैली मात्र वा शैलीको व्यापक रुपको अध्ययन हो र यस अन्तर्गत लोक व्यवहार, शास्त्र र साहित्य सबैमा व्यावहारिक, प्रायोगिक र भाषा विधान समावेश भएको हुन्छ । शैली विज्ञान

साहित्यिक शैली अथवा कलात्मक भाषा विज्ञानको अध्ययन हो (ढकाल, २०६०:१२९) ।

३. “समीक्षाका वास्तविक रूप भाषिक समीक्षा में ही उपलब्ध होता हैः साहित्य भाषा प्रयोगकी कला है-अर्थात् विशेष प्रयोग विधि या शैलीका विवेचना विश्लेषण है और इस विवेचना विश्लेषणकी नियम संहिता है शैली विज्ञान” डा. नगेन्द्र १९८०:४ ।

४. टर्नरका अनुसार शैली विज्ञान साहित्यिक (काव्य) भाषाका विविध प्रयोगहरुको अध्ययन र विश्लेषणमा केन्द्रित रहन्छ । विशिष्ट भाषिक प्रयोगहरुको साथमा यसले सूक्ष्म र जटिल प्रयोगहरुको पनि विवेचना गर्छ (ढुङ्गेल र दाहाल, २०५८:१३०) ।

५. रवीन्द्र नाथ श्रीवास्वमका अनुसार शैली विज्ञान साहित्यिक आलोचनाको सिद्धान्त पनि हो र प्रणाली पनि । सिद्धान्तका रुपमा यसको दृष्टि भाषावादी हुन्छ । भाषावादी सिद्धान्तका रुपमा यसको प्रमुख मान्यता साहित्य शाब्दिक कला हो र कृतिको रुपमा साहित्यिक रचना, भाषाको आफ्नो सीमामा बाँधिएको एक स्वनिष्ठ एकाइ हो भन्ने रहेको छ (ढुङ्गेल र दाहाल, २०५८:१३०) ।

६. घनश्याम नेपालका अनुसार भाषापरक पद्धती र कलापरक दृष्टिको आधारमा भाषा विज्ञानको सहयोगबाट साहित्यको शैलीपरक अध्ययन गर्ने विधा नै शैली विज्ञान हो (ढुङ्गेल र दाहाल, २०५८:१३०) ।

७. कृष्ण गौतमका अनुसार शैली विज्ञान कृति केन्द्रीत हुन्छ र शाब्दिक संरचनालाई अध्ययनको विषय बनाउँछ । (ढुङ्गेल र दाहाल, २०५८:१३०) ।

८. मोहन राज शर्माका अनुसार शैली विज्ञानले कुनै रचनाकारको विशिष्ट रचना प्रकार अथवा अभिव्यक्तिलाई शैली मान्दछ (ढकाल, २०६०:११४) ।

उपरोक्त परिभाषाहरुको आधारमा शैली विज्ञानलाई रचनाकारको आधारमा यस्तो विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ जसमा भाषिक एकाइको

सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवम् विषयका दृष्टिबाट विचलन हुन्छ । साथै कुनै पनि साहित्यिक रचनाको भाषा वैज्ञानीक पद्धतीबाट गरीने विशिष्ट र शूक्ष्म विश्लेषण जुन वस्तुपरकता तथा कृति केन्द्रीतततामा आधारित हुन्छ, त्यो नै शैलीवैज्ञानिक समालोचना वा शैलीविज्ञान हो ।

## ४.२ शैली विज्ञानको सैद्धान्तिक स्वरुप र विकास प्रक्रिया

शैली विज्ञानको उठान र थालनीको खोजी गर्दै जाँदा यसको प्रारम्भ हुनमा भाषा विज्ञानको उपस्थितिमा पुग्नु पर्ने हुन्छ । आधुनिक समयमा भाषा विज्ञानले साहित्यिक भाषाको (काव्यभाषाको) अध्ययन गर्न थालेपनि शैली विज्ञानले विधिवत जन्म लिएको पाइन्छ । शैली विज्ञान आधुनिक र नविनतम शाखा हो तै पनि यसको आधारभूमि पूर्वीय र पाश्चात्य मान्यता नै हुन भन्नमा अत्युक्ति हुने छैन ।

पूर्वी तथा पाश्चात्य विद्धानहरु भरत मुनि, भामह, वामन, दण्डी, प्लेटो, अरस्तु, सिसेरो आदिले भाषा सम्बन्धी सामान्य वर्णन, विश्लेषण गरेको पाइन्छ । पूर्वीय साहित्यिक एवम् भाषिक परम्परामा शैली विज्ञानको थालनी भारतदेखि भएको पाइन्छ । तथापि आधुनिक समयमात्र विशिष्ट रुपमा शैली विज्ञानले मान्यता पाएको पाइन्छ । शैली विज्ञानलाई आधुनिक भाषा विज्ञानको नवीन शाखा भनिन्छ । शैलीको प्रयोग विभिन्न शास्त्रमा विभिन्न तरिकाले भएको पाइन्छ । पूर्वीय आचार्य भरतभन्दा पहिले शैलीको चर्चा ऋग्वेदमा र पाणिनीले अष्टाध्यायी व्याकरणात्मक कृतिमार्फत भाषिक अध्ययन विश्लेषणको आधार प्रदान गरेको पाइन्छ । त्यसै गरी भामहले अलङ्कारमार्फत, वामनले रीति र गुणको चर्चा गरेर, आनन्दबर्धनले ध्वनिवादको चर्चा गरेर, कुन्तकले वक्रोक्तिवादको चर्चा गरेर तथा क्षेमेन्द्रले औचित्यवादको स्थापना गरेर शैलीलाई आ-आफ्नो तरिकाले चर्चा परिचर्चा गरेका छन् । यसरी शाब्दिक रुपमै शैली विज्ञान शब्दको प्रयोग आरम्भ नभए पनि विभिन्न मान्यता र धारणहरुमार्फत यसलाई प्रयोग गर्ने गरेको पाइन्छ । अतः उल्लेखित रसवाद, ध्वनिवाद, रीतिवाद, अलङ्कारवाद, वक्रोक्तिवाद, औचित्यवाद आदि मान्यताले पनि भाषापरक अध्ययन विश्लेषणका लागि आधार प्रदान गरेको पाइन्छ ।

आधुनिक भाषा विज्ञानका प्रणेता फर्डिनान्ड डी. सस्युरको आगमन सँगसँगै शैली विज्ञानलाई वस्तुगत आधार प्राप्त भएको पाइन्छ । सस्युरले नै भाषिक संरचनाको अध्यन विश्लेषण गर्ने कार्यको थालनी गरेको पाइन्छ । विसौ शताब्दीमा आएर शैली विज्ञानले

वैज्ञानिक आधार प्राप्त गरेको देखिन्छ । त्यसपछि साहित्यिक भाषाको शैली वैज्ञानिक अध्ययन विश्लेषणमा द्रुतता आएको पाइन्छ ।

शैली विज्ञानका प्रवर्तक सस्युरलाई मानिए तापनि चेला आर्ल्सवालीको योगदानलाई पनि कम आँकलन गर्न मिल्दैन । खास गरी शैली विज्ञान बेनेडिटो क्रोचेको सौन्दर्य शास्त्रीय सिद्धान्तबाट विशेष प्रेरित एवं प्रभावित देखिन्छ । तैपनि यस मान्यताका प्रवर्तकका रुपमा लियास्पिट्जरलाई मानिन्छ । उनी र उनका समर्थकहरु भाषालाई कलात्मक अभिव्यक्तिको साधन र साहित्यिक अभिव्यक्तिलाई कला मानेर त्यसको अध्ययन विश्लेषण गर्दछन् । शैली विज्ञान भाषा विज्ञानको एउटा शाखा भएपनि वर्तमानमा स्वतन्त्र शाखाको रुपमा विकसित भएको देखिन्छ ।

वर्तमान समयमा स्वतन्त्र विधाका रुपमा विकसित शैली विज्ञानको निकटता प्रतिक विज्ञानसँग देखिन्छ । शैली विज्ञानले साहित्यलाई भाषिक कला र साहित्य कृतिलाई भाषिक प्रतिकका रुपमा स्वीकारेको देखिन्छ । यसको समालोचनात्मक दृष्टिकोण वस्तुवादी र मूर्त प्रकृतिको भएकोले यसले वैज्ञानिक एवम् सिर्जनात्मक समालोचना पद्धतिको सम्मान पाएको देखिन्छ । वर्तमान समयमा शैली विज्ञान भाषाशास्त्र र साहित्य शास्त्रको समीश्रण हो । साहित्यिक, मनोवैज्ञानिक, भाषिक दार्शनिक आदि विभिन्न उपशाखाहरुलाई शैली विज्ञानले जन्म दिएको पाइन्छ । यसले साहित्यिक कृतिमा निहित भाषिक पक्षको उद्घाटन गर्दै त्यसभित्र रहेको कला र सौन्दर्यको समेत उजागर गर्ने काम गर्दछ । यसरी हेर्दा शैली विज्ञान साहित्यिक कृतिको सौन्दर्य शास्त्रीय पक्षसँग निकटवर्ती देखिए पनि यसको प्रवृत्ति र दृष्टिकोण भाषा वैज्ञानिक छ ।


शैली विज्ञानको कृति विश्लेषण प्रक्रियाअनुसार यसले कुनै पनि कृतिको बाह्य पक्षको विश्लेषण गर्दै त्यसको आन्तरिक पक्षतिर अघि बढ्दछ र त्यसभित्र रहेको सौन्दर्य पक्षलाई उजागर गर्दै त्यसको गर्ने प्रयत्न गर्दछ । शैली विज्ञानको समालोचनात्मक प्रकृति नै कृतिको बाह्य तलबाट गहन तलमा प्रवेश गर्ने रहेको छ । शैली विज्ञानले साहित्यलाई भाषिक कला मान्दछ । प्रत्येक कृतिमा दुई पक्ष हुन्छन् । अभिव्यक्ति र कथ्य । अभिव्यक्ति कृतिको बाह्य पक्षसँग र कथ्य आन्तरिक पक्षसँग सम्बद्ध हुन्छ । प्रत्येक रचना अभिव्यक्ति र कथ्यको संश्लिष्ट रुपमा हुने हुँदा शैली विज्ञानले अभिव्यक्ति वा रुपात्मक संरचनाको

विश्लेषण गरी त्यसमा आन्तर्निहित सौन्दर्यको उद्घाटनका साथै मनोबोध गराउने अनि सन्देशलाई पक्रेर सो रचना प्रतिफलित हुने प्रयोजनलाई समेत सिद्ध गर्ने प्रयास गर्दछ ।

"शैली विज्ञानले कृतिको अमूर्त आकारलाई मूर्त आकारका माध्यमबाट बुझ्ने सामर्थ्य प्रदान गर्दछ" (शर्मा, २०५९:५) ।

उल्लेखित कुरा प्रस्ट्याउन मोहनराज शर्माले निम्न तालिकाको प्रयोग गरेका छन्:-

**तालिका-१**




(शर्मा, २०४८:७)

माथिका चर्चा र तालिकाबाट यो स्पष्ट हुन्छ कि शैली विज्ञानले भाषा विज्ञानमा प्राप्त भाषिक उपकरणका माध्यमबाट शैलीगत विश्लेषण गर्ने गर्दछ । यसरी शैली विश्लेषण गर्दा भाष सिद्धान्तको कुनै पनि पद्धति (संरचनात्मक, वर्णनात्मक, प्रजनक रुपान्तरणात्मक आदि) को प्रयोग गरिन्छ ।

## ४.३ कृति विश्लेषणका शैली वैज्ञानिक आधार

कुनै पनि कृतिको विश्लेषणमा त्यसको भाषिक शैली नै महत्वपूर्ण मान्निछ । शैली वैज्ञानिक सिद्धान्तका आधारमा कृतिको वर्णन-विश्लेषण गर्दा कृतिको व्यवस्थित, क्रमबद्ध र वस्तुनिष्ठ व्याख्या-विवेचना हुन्छ । शैली विज्ञान साहित्य आलोचनाको भाषावादी र वस्तुवादी मान्यता भएकोले यसको व्याख्या विश्लेषण वास्तविक र वस्तुनिष्ठ मानिन्छ ।

कृतिको शैली विश्लेषणका क्रममा विभिन्न पक्षहरुको संलग्नता रहेको हुन्छ जुन पक्षहरु बिना वैज्ञानिक एवं व्यवस्थित विश्लेषण सम्भव छैन । ती पक्षहरुलाई निम्नानुसार प्रस्तुत गरिन्छ:

क. विश्लेष्य कृतिको प्रकृति के कस्तो छ ?

ख. विश्लेषणको आफ्नो ज्ञान के कस्तो छ ?

ग. उसको आफ्नो क्षमता के कस्तो छ ?

घ. उसको शक्ति र सीमा के हो ? (शर्मा, २०५५:५४८) ।

कुनै कृतिको विश्लेषण गर्दा विश्लेषणलाई पर्याप्त र स्पष्ट विश्लेष्य क्षमताको आवश्यकता पर्दछ । कृति विश्लेषकलाई शैली वैज्ञानिक तवरबाट विश्लेषण गर्न शैली वैज्ञानिक सिद्धान्त, कृतिगत संरचना, भाषा वैज्ञानिक प्रकृति र अध्ययनीय भाषिक व्याकरणको बारेमा आवश्यक र पर्याप्त ज्ञानको जरुरी हुन्छ । साहित्य वा कृति सिर्जना गर्दा विभिन्न विधाहरुमा आधारित रहेर गरिन्छ र ती कृतिको विश्लेषण पनि विधागत आधारमा नै गरिन्छ । जस्तै गद्यय साहित्यको विश्लेषणका क्रममा कथावस्तु, कथानक, परिवेश, चरित्र चित्रण, दृष्टि विन्दु, भाषा, उद्धेश्य आदिलाई आधार मानिन्छ भने पद्यय साहित्यको विश्लेषणमा लयात्मकता, भावगत स्वरुप, गति, यति, आदिको आधार लिइन्छ । कृतिगत विश्लेषणका क्रममा अपनाइने आधार भाषा वैज्ञानिक र वस्तुनिष्ठ हुनु जरुरी छ ।

कुनैपनि विश्लेष्य कृतिको शैलीवैज्ञानिक विश्लेषणका क्रममा विश्लेषकले विश्लेषणको सैद्धान्तिक पक्षको स्पष्ट ज्ञान गरेको हुनुपर्छ । साथै अध्ययनीय विषयको समय सीमा, क्षेत्र आदिको निर्धारण गरी त्यसको विश्लेषण गर्नु पर्ने हुन्छ । कृतिको शैली वैज्ञानिक अध्ययन विश्लेषणका क्रममा पाश्चात्य भाषा सिद्धान्तमा आधारित संरचनात्मक, वर्णनात्मक, रुपार्थपरक, व्यवस्थापरक, प्रजनक रुपान्तरणात्मक पद्धतिहरु प्रयोगमा ल्याइन्छन् । यसरी गरिएको व्यख्या विश्लेषण चाहि वास्तविक र नियम सङ्गत हुनु आवश्यक छ ।

शैली वैज्ञानिक अध्ययन विश्लेषणका क्रममा पाश्चात्य एवं पूर्वीय दुवै भाषिक सम्प्रदायलाई आधार मानेको पाइन्छ । पूर्वीय भाषिक सम्प्रदाय रस, ध्वनि, अलङ्कार, रीति, वक्रोक्ति, औचित्य आदि विभिन्न क्षेत्रबाट पनि शैली वैज्ञानिक अध्ययन विश्लेषण गर्न सकिन्छ ।

शैली विज्ञानले समालोचना वा मूल्याङ्कनका निम्ती कृतिको विश्लेषण निम्न लिखित प्रक्रियाबाट गर्छः- (शर्मा २०४८:८)

**तालिका नं. २**

- कृति
  - साहित्यिक संरचना
    - (१) बनोट
    - (२) बुनोट
  - शैली
    - (१) चयन
    - (२) अग्रभूमिको निर्माण - समानान्तरता
      - विचलन
    - (३) विविधता/शैली चिन्ह
  - भाषा संरचना
    - (१) व्याकरण व्यवस्था
    - (२) शब्द व्यवस्था
    - (३) ध्वनि व्यवस्था

## ४.३.१ साहित्यिक संरचना

कुनै पनि साहित्यिक कृतिको आफ्नै संरचना हुन्छ । कुनै पनि कृतिमा पाइने सानो संरचक घटकहरुको संश्लिष्ट रुपले संरचना पक्षलाई बुझाउँछ । कृतिको संरचनाभित्र निहित घटकहरु विभिन्न क्रम र श्रेणी वा तहमा विभक्त हुन्छन् ।

### क. बनोट

कुनै पनि कृतिमा भएका साना घटकहरुको संश्लिष्ट रुप नै बनोट हो । जस्तै उपन्यासमा रहेका परिच्छेद, प्रसङ्ग, घटना आदिको मेल नै उपन्यासको बनोट हो । बनोट साहित्यिक कृतिको आन्तरिक पक्षसँग सम्बन्धित हुन्छ ।

### ख. बुनोट

बनोटका पर्याधारमा रहेर हुने लघु घटकहरुको कार्य बुनोट हो । बनोटका विपरित बुनोट मूर्त हुन्छ । यसले कृतिको बाह्य स्वरुप र कृति सौन्दर्यसँग निकटता राखेको हुन्छ ।

## ४.३.२ भाषा संरचना

कुनै पनि कृतिको माध्यम वा आधार सामग्री भाषा हो र भाषाको आफ्नै संरचना हुन्छ । भाषा क्रमशः तल्लो श्रेणीबाट माथिल्लो सोपान क्रमिक रुपबाट निर्मित हुन्छ । अथवा भाषाको व्याकरणिक व्यवस्थापन पुग्न ध्वनि, वर्ण, अक्षर, रुप, शब्द, पद, पदावली, उपवाक्य र वाक्य हुँदै अघि बढाइन्छ । भाषा संरचनाको श्रेणीक्रमलाई निम्नानुसार देखाउन सकिन्छः-

**क. व्याकरण व्यवस्था**

यो तह भाषिक व्यवस्थाको माथिल्लो तह हो । यसभित्र रुप प्रक्रिया र वाक्य विज्ञान पर्दछन् ।

**ख. ध्वनि व्यवस्था**

भाषाको सबैभन्दा सानो एकाइ ध्वनि हो । यसभित्र खण्डेतरय र खण्डेत्तर ध्वनि व्यवस्था रहेको हुन्छ । यसैमा स्वर र व्यञ्जन ध्वनि व्यवस्था हुन्छ ।

**ग. शब्द व्यवस्था**

रूपहरुको समुच्चयबाट निर्मित भाषिक व्यवस्था शब्द व्यवस्था हो । भाषाको रुपपक्ष र आर्थीपक्षसँग सम्बन्धित हुने भएकोले यसलाई रुपप्रक्रिया र अर्थ विज्ञानसँग सम्बन्ति भाषिक संरचना भनिन्छ ।

शैली विज्ञान अन्तर्गत कुनै पनि कृतिको भाषा संरचनाको विश्लेषण गर्नु छ भने उपयुक्त तीन वटै तहमा आधारित हुनु जरुरी छ ।

## ४.३.३ शैली

भाषा संरचनाको उपयुक्त क्रम रुपान्तरित भएर साहित्यिक संरचनाको श्रेणीक्रम बन्न पुग्छ । यस्तो रुपान्तरणलाई विशिष्ट तर अमूर्त प्रक्रिया मानिन्छ । यस्तो प्रक्रिया एकातिर भाषा रुपी र अर्कोतिर कृतिरुपी गरी मध्यवर्ती अवस्थामा रहेको हुन्छ । यस्तो प्रक्रियात्मक सम्बन्ध एकैसाथ हुन्छ जसलाई शैली भन्निछ । कृतिका दुवै पाटा (मूर्त र अमूर्त वा बाह्य र आन्तरिक) को वास्तविक र वस्तुनिष्ठ वर्णन विश्लेषण गर्ने काम नै शैली वैज्ञानिक अध्ययन हो । शैलीको पहिचान गर्ने सम्बन्धगत पक्षहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### क. चयन

चयन भन्नाले छनोटलाई बुझिन्छ । भाषिक आधारमा भन्दा कृतिकारसँग उपलब्ध विभिन्न विकल्पकहरुमध्येबाट गरिने कुनै एक विकल्प नै चयन हो । जस्तै पृथ्वीलाई जनाउने शब्दहरु धरणी, धर्ती, भूमि, मृत्तिका आदि विकल्पहरुमध्ये कृतिकारले कुनै एकको छनोट गर्ने काम चयन हो । कृतिकारले सन्दर्भानुसार आफ्ना लागि उपयुक्त विकल्प छनोट गर्दछ । शैली विज्ञानले यस्तै चयनको विशिष्टतालाई पहिल्याउने काम गर्छ ।

### ख. अग्रभूमि निर्माण

अग्रभूमि निर्माण धारणाका प्रवर्तकका रुपमा जे. मुकरोब्स्की मानिन्छन् । उनले परम्परागत रुपमा रुढ भएका शब्दलाई नविनता दिदै प्रयोग गर्ने कार्यका लागि यो धारणाको प्रवर्तन गरेको देखिन्छ । यी आधारमा हेर्दा भाषा प्रयोगको अधिक पुनरावृत्तिले यान्त्रिक बनेको शब्दलाई परम्परागत मान्यताबाट नवीनता प्रदान गरी प्रयोगमा ल्याउनु नै अग्रभूमिको निर्माण हो । च्यापम्यानका अनुसार "रचनाको कुनै अंशलाई विशिष्ट तुल्याउन सो अंशमा विशेष बल दिनु नै अग्रभूमिको निर्माण हो" (ने.रा.प्र.प्र.वि.सं. २०५५:८१५)

अग्रभूमिको निर्माण निम्न लिखित आधारमा हुने गर्दछः-

### क. समानान्तरता

भाषा प्रयोगका क्रममा प्रयुक्त शब्द वा वाक्यको नियमित पुनरावृत्ति गर्ने कार्यलाई समानान्तरता भनिन्छ । समानान्तरताले बढी नियमितताको पालनालाई जनाँउछ । समानान्तरताले विचलनको विपरित अर्थ द्योतन गर्दछ । समानान्तरता दुई किसिमबाट देखिन्छ । लिचका अनुसार "समानान्तरता भनेको भाषा प्रयोगमा देखिने नियमित पुनरावृत्ति हो" । (ने.रा.प्र.प्र. २०५५:८१५)

### अ. आन्तरिक समानान्तरता

अर्थ वा भाव स्तरको आवृत्तिलाई आन्तरिक समानान्तरता भनिन्छ । यसको प्रकृति अमूर्त किसिमको हुन्छ । जस्तै काम गर्ने कालु मकै खाने भालु ।

### आ. बाह्य समानान्तरता

साहित्यिक, कृतिको आवरण पक्ष (वर्ण मात्रा, छन्द, लय) सँग सम्बन्धित पुनरावृत्ति बाह्य समानान्तरता हो । यसको प्रकृति मूर्त किसिमको हुन्छ । जस्तै “पापको पोको पारेर पुण्य प्रसाद पञ्जाव पुगे” ।

## ख. बिचलन

च्यापम्यानका अनुसार "मानकको उल्लङ्घन वा अतिक्रमणलाई विचलन भनिन्छ" । (ने.रा.प्र.प्र. २०५५:८१५) ।

स्थापित साहित्य मूल्य, मान्यतामाथिको अतिक्रमणलाई बिचलन भन्निछ । सामान्य भाषामा स्वीकृत मानक रुपलाई खज्जमज्याएर वा उल्टोपाल्टो पारी प्रयोग गर्नु विचलन हो । साहित्यिक कृतिमा विभिन्न किसिमका विचलन देखा पर्दछन् ।

### अ. कोशीय विचलन

सामान्य प्रयोगमा नरहेका र शब्दकोशमा समावेश नभएका नयाँ शब्दहरुको प्रयोग नै कोशिय विचलन हो । जस्तैः चक्रेटो, फुलारु, युरेसिया, सेन्टरिलो आदि ।

### आ. व्याकरणिक विचलन

व्याकरणिक पक्षका विविध सङ्गतिमा देखा पर्ने विचलन व्याकरणिक हो । जस्तैः सीताले भात खायो ।

### इ. ध्वनि प्रक्रियात्मक विचलन

उच्चारणका क्रममा देखा पर्ने विचलन ध्वनि प्रक्रियात्मक विचलन हो । जस्तैः गएको छ (गाको छ), भनि दिएको (भन्देको) आदि ।

### ई. लेख्य प्रक्रियात्मक विचलन

शाब्दिक लेखाइका क्रममा देखा पर्ने विचलनलाई लेख्य प्रक्रियात्मक विचलन भनिन्छ । यस्तो विचलनमा लेखाइलाई तलमाथि लेख्ने गरिन्छ ।

### उ. अर्थतात्विक विचलन

अर्थका तहमा देखा पर्ने विचलन अर्थतात्विक विचलन हो । जस्तैः मुटुमाथि ढुङ्गा राखी हास्नु पऱ्या छ ।

### ऊ. प्रयुक्ति विचलन

एउटा परिस्थिति र प्रसङ्गमा प्रयोग गर्नु पर्ने भाषालाई अर्कै परिस्थिति र प्रसङ्गमा प्रयोग गर्नु प्रयुक्ति विचलन हो । जस्तैः प्रत्येक रात मलाई लामखुट्टेले कानमा आएर सशस्त्र युद्धको घोषणा सुनाउँछन् ।

### ए. भाषिक विचलन

भाषाको शिष्ट र मानक रुपको भाषिकागत विशेषताको प्रयोग गर्नु भाषिक विचलन हो । जस्तैः हिजोआज ओलनमा पानी थपेर बेचिन्छ ।

### ग. शैली चिन्ह

निल्स एरिक एङ्क्विस्टले 'लिङ्ग्वस्टिक एन्ड स्टायल' भन्ने पुस्तकको अन डिफाइनिङ स्टायल, एन एसे इन अप्लाइड लिङ्ग्विस्टिक्स शीर्षकमा सर्वप्रथम शैली विश्लेषणका लागि शैली चिन्हकको धारणा प्रस्तुत गरेका छन् । उनका अनुसार कुनै कृतिमा कम भन्दा कमपटक वा बढी भन्दा बढीपटक विशेष सन्दर्भमा देखिने सबै भाषिक एकाइहरुलाई शैली चिन्ह भनिन्छ । शैली चिन्हकहरु विभिन्न स्तरमा हुन सक्छन् । जस्तैः वर्णगत, रुपगत, वाक्यगत, लेख्यगत आदि (ढुंगेल र दाहाल २०५८:१३९) ।

यसरी शैली वैज्ञानिक विश्लेषणका क्रममा उल्लेखित उपकरणहरुको प्रयोग गरी कृतिको विश्लेषण गरेमा सो विश्लेषण वैज्ञानिक मानिन्छ । साथै कृतिको आन्तरिक र बाह्य दुवै पक्षको भाषिक मूल्यांङ्कन हुन्छ ।

## ४.४ निष्कर्ष

आधुनिक समयमा भाषा र साहित्यलाई निकटता राखी साहित्यको समीक्षा गर्ने विभिन्न भाषिक तौर तरिकाको विकास भएको पाइन्छ । ती साहित्यिक समालोचनाको विविध तरिकाहरुमध्ये एक नवीन र आधुनिक शाखा शैली विज्ञान हो । शैली विज्ञानको प्रवृत्ति भाषिक भए पनि यसले कृतिको आन्तरिक सौन्दर्यको उद्घाटनमा पनि विशेष चासो राख्दछ । शैली विज्ञानले भाषा विज्ञानको एक शाखाका रुपमा मान्यता पाएको छ र भाषा विज्ञानकै सहयोगबाट साहित्यबाट साहित्यको समालोचना गर्दछ । शैली विज्ञानको पद्धती भाषापरक र दृष्टि कलापरक छ । यसरी प्रतिकको सहायता लिई भाषा वैज्ञानिक दृष्टिकोणबाट साहित्यिक कृतिको समालोचना गर्नु नै शैली विज्ञान हो भन्न सकिन्छ ।

अध्याय पाँच

# सकस उपन्यासको कथानकको विश्लेषण

## ५.१ कथानकको परिचय

साहित्यको गद्यविधा अन्तर्गत पर्ने आख्यानात्मक विद्या उपन्यासको आधारतत्व कथावस्तु नै हो । कथावस्तु उपन्यासको कथ्यवस्तु हो । अर्थात उपन्यासको कथावस्तुको रूपमा आउने विषय नै कथावस्तु हो । यसको निर्माण जीवनले आत्मासात गरेको र घट्नाहरूलाई जोरजाम गर्ने प्रक्रियाबाट हुन्छ । त्यसरी व्यवस्थित ढङ्गबाट प्रस्तुत गरिएको कृतिगत अवस्थालाई नै कथानक भनिन्छ ।

उपन्यास क्षीण भए पनि वस्तुका अभावमा अड्ने स्थिति नै रहदैन । त्यसकारण क्षीण हुन सक्छ तर वस्तुहीन हुन सक्दैन । कथालाई मेरूदण्ड मानेर जीवन्त रहने विद्या भएकोले यसमा आख्यानपक्ष अनिवार्य हुन्छ । त्यसकारण कथाले जस्तै उपन्यासले पनि कथानक पक्षको अपेक्षा गर्दछ । ( सुवेदी : २०५३ पृ १८ )

कथा घटनावलीको योजना, अभिरेखा अथवा ढाँचालाई कथानक भनिन्छ । साथै उत्सुकता र सम्यम जगाउने गरी व्यवस्थित घटना र चरित्रको सङ्गठनलाई पनि कथानक भनिन्छ । ( शर्मा २०५५:३८४ )

कथानक भनेको उपन्यासमा घट्ने घट्नाहरूको योजनाबद्ध ढाँचा हो । यसमा आउने घट्नाहरू कार्यकारण सम्बन्धद्धारा कसिएका हुन्छन । सपाट अवस्थामा घटेनाहरू वा क्रियात्मक समूह श्रृङ्खलायुक्त भई प्रमाणिक सन्तुष्टि दिन सक्ने भएमा त्यो कार्यकारण सम्बन्धमा नियोजित मानिन्छ । कथानकमा चरित्र, विचार, बुद्धि, कल्पना जस्ता कुराहरू समाविष्ट हुन्छन । कथानकले नै उपन्यासको मूल ढाँचा निर्माण गर्ने प्राथमिक तत्वको काम गर्छ । ( बराल र एटम : २०५६: २२ )

आख्यानमा घटनावलीको योजना वा ढाँचालाई कथानक भनिन्छ । घटनावली भनेको क्रियाहरूको समूह हो । क्रियाहरूका रुपमा प्रतिफलित हुने हुँदा कथानकमा आख्यानको गति हुन्छ । कथानकले नै आख्यानलाई गतिमय बनाउँछ । ( शर्मा २०५९: १११ )

## तालिका नं. ३

आदि (चिनारी)

(सङ्घर्ष विकास)

कथानक मध्य — (सङ्कटावस्था)

(चरण)

अन्त्य (सङ्घर्ष-ह्रास)

**<u>उपसंहार</u>**

प्रस्तुत विभिन्न सन्दर्भलाई नियाल्दा पनि उपन्यासको आख्यानात्मक आधारभूमि नै कथानक हो । आख्यानात्मक विभिन्न विधाहरूमा झैं उपन्यासमा पनि प्रारम्भदेखी अन्त्यसम्म निरन्तर र गतिशील रूपमा कथावस्तुका माध्यमबाट अगाडि वढिरहेको हुन्छ र क्रियाकलापका आधारमा कथानकको झलक प्रस्तुत हुन्छ । परिवेश र चरित्रको विन्यास समेत हुनुपर्दछ । कथाभित्र यी सवै तत्त्वका नाममा संयोजन भएर वस्ने गुणका रूपमा कथानकलाई चिन्नुपर्ने हुन्छ ।

शैलीवैज्ञानिक समालोचक मोहनराज शर्माले कथानकका सवालमा विभिन्न प्रश्नहरू उठाएका छन-

१. त्यो किन घटित भयो ?

२. त्यो किन घटित हुँदैछ ?

३. अब के हुन्छ र किन ?

प्रस्तुत सवालको जवाफ दिने तत्त्व वा गण नै कथावस्तु/कथानक हो । कथानकलाई चिनाउन उनले प्रस्तुत गरेका तालिका समेत उल्लेख गरिएको छ ।

निष्कर्षतः आदि मध्य र अन्त्य तीन खण्डमा निर्मित आख्यानात्मक व्यवस्थाका रूपमा कथानकलाई वुझ्नुपर्दछ । आख्यान उपन्यासको प्राण हो भने कथानकले त्यो आख्यानका व्यवस्थित र सिलसिलेवार ढाँचालाई दर्शाउँछ । वर्तमान सन्दर्भमा प्रचलित कथाहीन कथाजस्तै उपन्यासहीन उपन्यासमा पनि कथानक हुन्छ । त्यो कथानक लेखकको

कथनबाट प्रकट हुन्छ । कथाको भोक्ता पात्रको रूपमा वा कथायिता लेखककै रुपमा कथानकको स्वरुप ग्रहण गर्दछ । प्राचीन सन्दर्भमा वस्तु, नेत र सरलाई कृतिमा प्रधानता दिइन्थ्यो ती सम्पूर्णताको जड कथानक नै हो । यसर्थ पनि उपन्यासको एक अनिवार्य सर्त कथानक/कथावस्तु हो ।

## ५.२ उपन्यासको शीर्षक चयन

कुनै पनि वस्तु वा व्यक्तिलाई चिनाउन त्यसको नामकरण गरिएको हुन्छ । उक्त नाम वा शीर्षकले त्यो व्यक्ति वस्तुको सम्पूर्णताको जानकारी दिन सक्नुपर्दछ । उपन्यासको सन्दर्भमा पनि कृतिको नाम वा शीर्षकबाट नै त्यस कृतिलाई पहिचान गर्न सकिन्छ । त्यसैले हरेक साहित्यिक कृतिको शीर्षक चयन गरिएको हुन्छ, जुन सो कृतिको केन्द्रीय अभिव्यक्ति पनि हो ।

प्रस्तुत शोध विश्लेष्य कृतिको शीर्षक सकस चयन गरिएको छ । वास्तवमा उक्त एक शव्दे शीर्षक सकस शव्दवर्गीय हिसावमा नाम अन्तर्गत पर्दछ । जसलाई फारसी भाषामा 'सख्ती' भनिन्छ । यसको शाव्दिक अर्थ १ कुनै कामकुरोमा हुने वा पाउने हैरानी सासन, सास्ती, २ अप्ठेरो स्थिति वा दुःखी अवस्था, कठिनाइ तकलिफ । - नेपाली वृहत शव्दकोश पृ. १२१० . भन्ने हुन्छ ।

नेपाली समाज इतिहास र राजनीतिको त्रिवेणी सकस आख्यान क्षेत्रको अनुपम प्राप्ति हो । उपन्यासमा निहीत कथानक र परिवेश मार्फत रौद्रता, पीडा घृणा र करूणाको सकसपूर्ण फन्दाको माखेसाङलो को प्रतिमुर्ति शीर्षक सकस सार्थक तथा सान्दर्भिक छ भन्न सकिन्छ । विगत अढाई सय वर्ष अगाडि देखिएको राजनैतिक तथा सामाजीक परिवेशमा नेपालीले भोग्दै आएका सकसपूर्ण विकृतिहरूमा जीवन्त कथानक सार्थक नवीन बान्की दिइएको उपन्यासको शीर्षक सकसले सम्पूर्ण विषयवस्तुको प्रतिनिधित्व गरेको देखिन्छ ।

प्रस्तुत उपन्यासको शीर्षकले नै अध्येतालाई सकसपूर्ण ऋतुहलता र उत्सुकता जगाउँदछ । हिमाल, पहाड र तराईमा घटेका यथार्थ र वास्तविक घट्नाक्रममा रङभरी पूर्वदीप्ति शैलीमा ५७ उपशीर्षकभित्र समेटिएको पाइन्छ । सरदको प्रशन र जीबाको उत्तर भित्र विभिन्न पात्रहरूलाई कुनै न कुनै रूपमा सास्ती र हैरानीमा पुग्न वाध्य पारीएको छ ।

लैङगिकता, जातीयता र क्षेत्रीयताको संयोजन गर्ने सन्दर्भमा तिन पुस्तालाई प्रयोग गरी नेपाली र नेपालले भोग्नु परेका सकसको प्रस्तुतिमा आधारित भएर चयन गरिएको शीर्षक पूर्णतः सार्थक छ भन्न सकिन्छ ।

## ५.३ सकस उपन्यासको चरणगत उपशीर्षक योजना र कथानक

कथानकको आङ्गिक विकास भनेको आदि, मध्य र अन्त्यको समुचित विन्यास हो । (भन्डारी र अन्य, २०६६ पृ २३८ ) । यस प्रकारको विन्यास सबै उपन्यासहरूमा समान ढङ्गले विकास भएको पाइदैन । खासगरी रेखीय कथानक भएको उपन्यास फ्रेटागको मान्यता भित्र अनुवन्दित हुन सक्दछन । तर त्यस्तो अवस्थामा पनि पताका र प्रकरी जस्ता कुराहरूको अन्तरमिश्रण भने हुन्छ नै ।

विश्वजगतमा तीव्र विकास भइरहेको विज्ञान र प्रविधिको प्रयोगले स्रष्टा र द्रष्टामा समेत ज्ञानको भण्डार वृद्धि भएको पाइन्छ । त्यसको प्रत्यक्ष प्रभाव उपन्यासको संरचना निर्माण, कथानक छनोट र त्यसको विकास प्रक्रियामा परेको पाइन्छ । यसर्थ वृतकारीय ढाँचा र दीप्ति शैलीमा उपन्यासलाई अगाडि बढाउन रुचाउने उपन्यासकारहरू पनि प्रसस्त देखापरेका छन ।

उपन्यासमा निहीत कथावस्तु, कथानकको प्रवाहमा आउने परिवर्तन, घटना र उपघटना कार्य कारण स्वरूप साथै विभिन्न सन्दर्भमा यसरी देखिने परिवर्तन सँग चरण/खण्ड विभाजन गरिएको पाइन्छ । यसरी खण्ड वा भाग विभाजन नगरिएमा विषयवस्तुको अन्तरमिश्रण सही नभई सहृदयमा सहज अनुभूत नहुने देखिन्छ । त्यसैले आवशयकता अनुसार कथानकको उपयुक्त समाख्यान गर्ने पात्रहरूको सही योजना साथ चरण र उपशीर्षक विभाजन गर्नु जरूरी छ ।

विषयवस्तुको छनोट र आख्यान निर्माण गर्ने सन्दर्भमा सकस उपन्यासलाई पनि विभिन्न चरण र उपशीर्षकमा प्रस्तुत गरिएको छ । उपशीर्षक अन्तरगत पताका र प्रकरीलाई निरूपण गर्दा रैखिक ढाँचा अवलम्बन गरेको भैँ महसुस हुन्छ । तर सकस उपन्यासको समग्रता मूल्याङ्कन गर्दा पूर्व दीप्ति शैलीको प्रयोग र कथानकको आदि, मध्य र अन्त्यको विशृङ्खलताले वृताकारीय कथन पद्धतिमा नै अनुबन्दित छ भन्न सकिन्छ ।

सकस उपन्यासको समग्र कथावस्तुलाई मध्यनजर गरी तीन चरणमा विभाजन गरिएको छ । हरेक चरणमा विभिन्न उपशीर्षक राखी कथानकको विकास योजना निर्माण गरिएको देखिन्छ । चरण एकको आरम्भ कसको नोटबुक ? भन्ने उपशीर्षकलाई अङ्कन गरिएको छैन र त्यस वाहेक जम्मा ५७ उपशीर्षकभित्र उपन्यासलाई पूर्णता प्रदान गरिएको पाइन्छ । कुल ३०६ पृष्ठमा फैलिएको प्रस्तुत उपन्यासको तीन चरण उल्लेख गरिएको ६ पृष्ठको अङ्क नगरिएको देखिन्छ । उपन्यासको अनुच्छेद विभाजनमा एकरूपता नभएकाले एक हरफ देखि धेरै हरफ सम्मका यकिन गर्न नसकिने अनुच्छेद रहेको पाइन्छ ।

समग्रमा उपन्यासको चरणगत उपशीर्षक योजनालाई निम्न तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. ४**

**उपशीर्षक योजना**

| चरण | उपशीर्षक | पृष्ठदेखि | पृष्ठसम्म | जम्मा पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|
| एक | २४ | ३ | १०० | ९७ |
| दुई | १८ | १०३ | १८८ | ८५ |
| तीन | १६ | १९१ | ३०६ | ११५ |

## ५.४ सकस उपन्यासको चरणगत उपशीर्षकका आधारमा कथानकको प्रस्तुति

**चरण - एक**

**उपशीर्षकः कसको नोटबुक ?**

1_ एउटा पीडित बेपत्ता महिलाले दिएको नोटबुक देवीजीले कसैलाई पढ्न आग्रह गर्नु,

2_ देवीजी पञ्चायतकाल देखी नै महिला र बाल हिंसाका विरूद्धमा समाजसेवा गर्नु,

3_ सबैभन्दा बढी हिंसा आफन्तजनबाटै हुने सन्दर्भ उल्लेख गर्नु,

4_ उद्दारगरि शिक्षित बनाएका पीडितहरू आफ्नौ खुट्टामा उभिन सक्ने हुनु,

5_ सर्वत्र विरोधी, सहयोगी हुने साथै नेपाल सरकारको कुनै जिम्मेवारी र सहयोग नभएको बताउनु,

6_ नोटबुक दिने महिलाका सन्दर्भमा प्रस्ट पार्दै देवीजीले भनिन् एउटी मधेशमुलकी महिलाले आफ्नी छोरी बलाकृत भएको भन्ने उजुरी गर्नु र त्यसलाई उद्धार गर्न आग्रह गर्नु,

7_ शरद नामको पत्रकारलाई कुमारी नेपालीले मनपराउनु,

8_ शान्ति नामकी छोरीको संविधान सभा भङ्ग भएकै दिन बलात्कृत हुनु,

9_ कुमारी लालजस्ता वलात्कार गर्नेलाई मारेर शान्तिको बलात्कार गर्नेलाई खोज्न र मार्न शान्तिलाई शरण दिनु भनी संडघर्ष गर्न प्रतिवद्धता जाहेर गर्नु,

10_ शरदको स्वास्थ्य बिग्रनु र काठमाडौं उपचार गर्न जनकपुरको घडेरी बेची फर्कदा शरद अपहरणमा पर्नु,

11_ भारतीय गुण्डाको जनकपुरमा दवदवा रहनु र फिरौतिका लागि ३ लाख भारतीय रूपैयाँ माग्नु ,

12_ शरद चिठ्ठी छोडी वेपत्ता हुनु,

13_ लाललाई कुमारीले दाजु मान्नु तर लालले कुमारीप्रति भेदरती भाव देखाउनु,

14_ घरमा खेल्दै गर भनेर छाडेकी छोरी बलात्कृत अवस्थामा फेला पर्नु,

15_ आमा आइमाइको जुनी जन्मेदेखि नमरून्जेल सम्म वलात्कृत र त्रासै त्रास हो भनी देवीजीलाई सुनाउनु,

16_ लालले कुमारीलाई सहार जरूरत छ भनी गिद्धे आँखा लगाउनु,

17_ लालले मानवता नै धर्म हो भनी कुमारीलाई ल्याएको मासु पकाउन आग्रह गर्नु,

18_ शान्ति र कुमारी प्रति हिंसात्मक व्यवहार प्रस्तुत गर्नु,

19_ मातेको उन्मात स्वभावमा शान्तिको वलत्कार गरेको खुलास गरी कुमारीलाई ओछ्यानमा हिड्न जवरजस्ती गर्नु,

20_ जग्गा वेच्न ग्राहक र शरद अपहरणमा लालकै जाल रहेको खुलासा गर्नु,

21_ कुमारी द्वारा खुकुरी प्रहार गरी लालको हत्या गर्नु,

22_ देवीजीलाई सम्पूर्ण कुरा सुनाइ शान्ति काखमा राखी दिएर कुमारी हिड्नु,

23_ देवीजीले म पात्रसँग गरेको वार्तालाप र सकस लेखिएको नोटबुक लिएसँगै यस उपशीर्षकको अन्त्य हुनु,

१. **उपशीर्षक : सैलुङ**

1_ म पात्र सैलुङमा जन्मनु र आमासहित चरिकोट मावल शरणमा पुग्नु,

2_ आफ्ना बुबा सिपालु चोर भएको र रन्डिबाजी गर्ने सन्दर्भ उल्लेख हुनु,

3_ बा का कान्छीहरू नाका नाकामा भट्टी गर्थे र चेलीबेटी दलाललाई सुम्पन्ने काम गर्थे,

4_ आमाले ट्रकड्राइभरसँग विवाह गर्नु,

5_ जिबाले नजिकैको स्कुलमा शरदकुमारका नाममा भर्ना गरिदिनु,

6_ नयाँ बा र आमाको झगडा परी बा घर छोडी हिड्नु,

7_ जिमाले सम्पूर्ण दुःख बुझी त्यही बस्न सहयोग गर्नु,

8_ शरदकी आमा दोजिया हुनु र वागमतिको पुलबाट हाम्फालेर मर्नु,

9_ शरद जिबाको धर्मपुत्र बनी उनैको घरमा गई बस्नु,

२. **उपशीर्षकः क्याम्पस**

1_ शरदले पहिलो दर्जामा एस.एल.सी. पास गर्नु र पत्रकारिता पढ्ने निर्णय गर्नु,

2_ क्याम्पसमा काङ्ग्रेस, कम्युनिष्ट र मण्डेलाका नाममा राजनीति चल्नु,

3_ सबै दादाहरूले पालै पालो शरदलाई पिट्नु,

4_ राष्ट्रवादी दादा मन्त्रीको छोराले कयाम्पसमा आतङ्क मच्चाउनु,

5_ सुसनलाई राष्ट्रवादी दादाले जर्बजस्ती सिन्दुर हाल्नु,

6_ विश्वबन्धु दादा र रक्तिम दादाले राष्ट्रवादी दादालाई बेसमार पिट्नु,

7_ शरद रक्तिम दादाको निकट हुनु,

8_ प्रजातन्त्रको पुनःस्थापनाको लागि विभिन्न आन्दोलनहरू हुनु,

9_ लाटी बहुलाईको बलात्कार हुनु, लास फेला पर्नु र लाटी जेल जानु,

10_ पहाडबाट आएका दुई केटा फेला पर्नु र कुटाई समेत खानु,

11_ रन्डिबाजी र पकेटमारको सन्दर्भको चर्चा चल्नु,

12_ पञ्चायतविरोधी जुलुस निस्कनु र सारा मानिस ढल्नु,

13_ राजाले बहुदल दिएको घोषणा र विजयजुलुस निस्कनु,

14_ कृष्णप्रसादको नेतृत्वमा सरकार बन्नु र चुनावपछि गिरिजा प्रसाद कोइराला प्रधानमन्त्री बन्नु,

15_ सरकार र प्रतिपक्षका वीचमा ठूलो डकाराव चल्दै जानु,

16_ काङ्ग्रेसको सरकार ढल्यो र कम्युनिस्टको सरकार बन्यो, कांग्रेसले उही प्रतिक्रिया दोहोऱ्याउनु,

17_ पञ्चको नेतृत्वमा काङ्ग्रेस र कम्युनिस्ट मिलिजुली सरकार वन्नु,

३. **उपशीर्षकः पार्टीका रङ्ग**

1_ जिबाले ४६ सालपछिका विभिन्न दलहरूको एजेन्डा देश नभई सत्ता र भत्ता मात्र भएको सङ्केत गर्नु,

2_ विभिन्न रङ्गको मेलबाट छुट्टै रङ्ग वनेभ्रै पाटीका रङ्ग पनि कहाँ मिसिन्छन थाहा नहुने,

3_ सबै गुणहरू सुनमा आश्रित भए भ्रैं सबै राजनैतिक दलहरू नैतिकता भुलिरहेको हुनु,

4_ हरेक पार्टी, सङ्गठन एनजिओ आइएनजिओका आफ्नै भित्री र बाहिरी रङ्ग छन् । ती रङ्ग मिश्रण मात्र हुनु,

5_ पाटिका नामको कुनै अर्थ नहुने केवल रङ्ग हुनु, रङ्गले भाव बुभ्राउनु भनी राजनीतिमा जे देखिन्छ त्यो हुदैन भन्नु,

४. **उपशीर्षक : कुमारी**

1_ शरद कुमारले पत्रकारितामा डिप्लोमा गर्नु, प्रेस इन्स्टिच्यूटको तालिम लिनु तथा रिपोर्टरको काम गर्नु,

2_ देवीजीको अन्तरवार्ता लिन जाँदा कुमारी सँग शरदको भेट हुनु,

3_ जीबालाई नर्सिङहोम भर्ना गर्दा पुनः कुमारीसँग भेट हुनु,

4_ कुमारीलाई शरदले मनपराउन थाल्नु तर आई लभ यू भन्ने हिम्मत गर्न नसक्नु,

5_ कुमारीलाई गोदावारी डुल्न जाने प्रस्ताव गर्नु र स्वीकार्नु,

6_ शरद र कुमारी दुवैले निजी आत्मवृतान्त बताउनु साथै शरदले प्रेम प्रस्ताव राख्नु,

7_ दुवै एक अर्कामा आजीवन माया गर्ने प्रेम प्रणयमा भ्रुम्नु,

8_ विभिन्न घटना र अनुभवले कुमारीले भनिन् लोग्ने मान्छे प्रेम होइन बलात्कार गर्छन भनी पुरूषजन प्रति घृणा गर्नु,

9_ गुहेश्वरीमा टिकाटाला गरी शरदले सिन्दुर हाल्नु,

10_ जीमाको क्यान्सरले मृत्यु हुनु,

५. **उपशीर्षक : जीबा**

1_ जीबा थलापर्नु र उनकै सेवामा दुवैजना शरद र कुमारी जुट्नु,

2_ नरेश र बद्री जीबाका पुराना साथी भेटघाटमा आउने गर्नु र विभिन्न राजनैतिक गफ समेत गर्नु,

3_ मार्क्सवाद लेनिनवाद र माओवाद शास्वत सत्य हो भन्ने गर्नु,

4_ पुराना त्यस्ता मीठा वार्तालाप हुन छोडर जीबा छीण बन्दै जानु,

5_ जीबा केही सुविस्ता भए र भन्न लागे जो सुखसँग मर्छ त्यो नै सुखी हो,

6_ शरदलाई जीबाको बाँकी दीन कसरी सजिलो होला भनी द्वन्द्व भयो र जीबाको अनुभव लेख्ने विचार फुर्‍यो,

7_ जीबा आफ्नो आत्मावृतान्त सुनाउन तयार बन्नु,

६. **उपशीर्षक : झीनामसिना**

1_ जीबाले आत्मबृतान्त सुनाउनु र टेपरेकर्डर गर्नु,

2_ संसार आँखा खोलेर भन्दा चिम्लेर चिनिन्छ भन्दै उमेरमा नबुझेका सत्य बुढेसकालमा बुझिने कुरा व्यक्त गर्नु,

3_ वाल्यकालमा मातृवात्सल्य पीडा र पितृ ममता दुवैलाई बुझी बुढेसकालमा पाल्नु पर्ने धारणा भन्दै गए, आजभोलि बुझ्दै जानु,

4_ आमाले भाइ जन्माउदा सिंगारीले जोरपाठा पाउँदाको सकस सम्झनु,

5_ मनेलाई हुर्काउनु, बढाउनु र दशैंमा हत्या गर्नु जुन आजभोलिका जनतालाई गरिन्छ,

6_ भोटे र बा का ठट्यौली कुरा चल्नु,

7_ भोटेहरूमा बहुपति प्रथा हुने तर बाहुनमा वहुपत्नी प्रथाको चर्चा चल्नु,

8_ दिशा गरेपछि नधुने, पुछ्ने चलन वाहेक र फिरङ्गीहरूमा हुने,

७. **उपशीर्षक : ढिकुराको पुजारी**

1_ वाल्यकाल पछिका विर्सना कुरा जीबाले भन्न लाग्नु,

2_ बुढेसकाल र मृत्युपछि सम्पूर्णता बेहोर्ने ढिकुराको पुजारी म बाले भन्ने गरेको कुरा सुनाउनु,

3_ बाले आफ्नी आमाबाट पनि छोरा नभएकोले थानपति महादेवस्थान गएर बकस माग्नु,

4_ हरिवंशको पुरान साथै विभिन्न प्रयास पश्चात ढिकुराको पुजारी म जन्मिएको बताउनु,

5_ भाइ समेत जन्मनु र बा धेरै खुसी हुनु,

८. **उपशीर्षक : नेपालको बाटो**

1_ बाले. नेपाल पढ्न (जीबालाई ) पठाउने निधो गर्नु,

2_ आठ वर्षमा वर्तमान र बाह्र वर्षमा बिहे हुनु,

3_ मन्थलीमा गाईगोठाला जानु र पौडी खेल्नु,

4_ कर्मकाण्डमा पनि दख्खल बढ्दै जानु,

5_ ठूलो पण्डित बनी काठमाडौं दरवारीया पण्डित बनाउने धोको रहनु,

6_ माझीहरु घटुवारेको काम गर्थे छोरीबुहारी घाटमा जाँड् बेच्थे बा र म त्यही डुङ्गा चढी कोसी पार गर्नु,

7_ चुर्ने काइँलोलाई भरिया लिएर हिँडेको यात्रा हनुमान ढोकाबाट छब्बीस कोष नजिक पुग्नु,

8_ मेरा धेरै जिज्ञासाका साथ सुनकोसी र रोसी तरी दुम्जामा बास बस्न पुग्नु,

९. **उपशीर्षक : कली धपक्क बली**

1_ दुम्जाबाट कालिदास सरदार भई मोरङ जानु र कृष्ण प्रसाद लाई तन्नेरी भाइ भतिजा लिएर आउन अह्राउनु,

2_ सबैजना गएका तर कोइराला बाजे त्यो कालापानी नजाने पहाडमै सुन्दतामा रमाउने निचोड गरी बस्नु,

3_ महाराजहरुलाई चिड्याएर सर्वस्वहरण भई कष्टपद जीवन बिताउनु,

4_ कृष्ण प्रसाद कोइरालाले पुलिन्दा मार्फत बेइज्जती हुने गरी लुगा र खान्किको नमुना पठाउनु र महाराज उल्टै खनिनु,

5_ भीमशमसेरले माफी दिनु र गान्धीवादी भई समाज सेवामा लाग्नु,

6_ कृष्णलाललाई पनि मकैको खेती लेखेको निहुमा जेल हाले भनी बा ले भन्नु,

7_ कालिफगमा राजा धौता नमान्नाले सम्पूर्ण दुर्गति भएको भन्दै सम्धीसम्धी गन्गन गर्दै थिए म निदाए जीबाले भने,

१०. **उपशीर्षक : तीनधारा पाकशाला**

1_ तीनधारा पाकशाला पुग्नु र बाले सम्पूर्ण बन्दोबस्त मिलाउनु,

2_ ज्वाइँ रामप्रसाद पौड्यालको जिम्मामा छोडी राजाको भक्ति गर्ने सन्देश समेत दिएर बा घर फर्कनु,

3_ मन्थलीको न्यास्रो मान्दै भिनाजुले सिकाए अनुसार पाकशालाको नियममा बाँधिएर खान खानु अघि राणाहरुको जयजयकार गर्नु,

4_ राणाहरुको जयजयकार गर्नुको महत्व बुझ्ेपछि केही साथीले झ्ैँ जयको सट्टा क्षय भन्न लाग्नु,

5_ इन्द्रचोकको शुक्रराज शास्त्रीले बोल्दै गरेको पहिलो राजनीतिक आमसभामा पुग्नु,

6_ गंगालालले जनता उठाउने भाषण गर्नु र भेट हुनु,

7_ वि.स. १९९७ सालमा जुद्धशमशेरले सहिद काण्ड मच्चाउनु र जीबालाई समेत राणा शासन प्रति घृणा जाग्दै जानु,

११. **उपशीर्षक : हिडे काशी, पुगे कुती**

1_ परीक्षा दिन काशी जानु र रेलको यात्रा अनुभब गर्नु,

2_ त्यही बेला भारतमा अंग्रेजविरुद्ध आन्दोलन चर्कनु र गान्धीको उदय हुनु,

3_ सुगौली सन्धिको स्मरण, देवपुरुष र महात्मगान्धीको प्रेरणा प्राप्त गर्नु,

4_ नेपालमा प्रजातन्त्र स्थापना गर्ने सन्दर्भमा राष्ट्रिय काङग्रेसको भेलामा पुग्नु,

5_ धरणीधर कोइरालासँग भेट हुनु र भारतमा अंग्रेज हटे सँगै नेपालमा राजा पनि हट्छन् त्यो जिम्मा तिमीहरु जस्ता युवाको काँधमा छ भनी अर्ति गर्नु,

१२. **उपशीर्षक : राजबन्दीहरु**

1_ रामेछापको विहिबारे हाटमा राणा विरोधी बन्दीलाई विराटनगरबाट ल्याउँदै गर्दा देखेको प्रसङ्ग उल्लेख गर्नु,

2_ कृष्ण प्रसादलाई जेलमा सडाएर मरेको पसङ्ग र तिनको थोपा थोपा रगतले अरु विद्रोह जन्मने सर्न्दभको गफ चल्नु,

3_ साम्बभक्तले कृष्णलालले अस्पताल, स्कुल खोल्ने काम र मन्दिर वनाएको कुरा सुनाउनु,

4_ बा साम्ब गुरूको विरोधमा जङ्गिनु र मलाई सम्झाउनु,

5_ मलाई सुगौंली, काँशी र रामेछापको त्यो अनुभवले साम्ब प्रति श्रद्धा जागी नयाँ मोड ल्यायो भनी भन्नु,

१३. **उपशीर्षक : ढोके कुटिदा**

1_ समाजको विकास र परिवर्तनको मोड तर्फ लाग्न प्रेरित हुनु ,

2_ बीपी लगायतका राजवन्दीलाई दरवार ल्याइयो त्यो हेर्न हामी पुग्यौं भन्नु ,

3_ धेरै वेरको कुराई र थकान साथै ढोकेको गालीले रन्केर वीपीले चड्कन लगाउनु ,

4_ बद्रीलाललाई सङ्केत गर्दै भारतमा जनताको छोरा प्रधानमन्त्री हुने र अहिंसावादी गान्धीपक्षधरको विजय हुने सर्न्दभ वत्ताउनु,

5_ अङ्ग्रेज नामको थाङ्ग्रोमा लहरिएको नेपालको तानाशाह ढल्दै छ, तयसमा साथ दिन युवाहरूलाई आग्रह गर्नु,

6_ युवाहरू सत्याग्रह आन्दोलनमा लाग्नु तथा बीपी थुनामा अनसन वस्नु,

7_ भारतका ठूलानेता समेतको हस्तक्षेपले बीपीलाई छोड्न बाध्य हुनु,

**१४. उपशीर्षक : जयतु संस्कृतम्**

1_ २००४ सालमा काङ्ग्रेसको आहवानमा चलेको सत्याग्रह आन्दोलन चरणमा पुग्नु,

2_ कर्मकाण्ड शिक्षाको विरूद्ध इतिहास, भूगोल जस्ता आधुनिक विषय समावेस माग गर्नु, प्रहरीको धडपकड र निष्कासनमा पर्नु,

3_ पद्मशमसेरले माफी माग भन्दै सबै माग पूरा गर्छु भन्नु,

4_ विजयशमसेर आएपछि पुनः जङ्गिनु,

5_ महाराजले संस्कृतलाई मृतभाषा घोषणा गर्नु र हामी प्रचारमा लाग्नु,

6_ वटुकहरूले बाँच्ने आधारका लागि समेत संस्कृतको जगेर्ना गर्ने भन्दै भिक्षा माग्नु,

7_ विभिन्न किसीमका कार्वाही हुनु र चार भञ्ज्याङ्ग कटाउनेमा म र भिनाजु पनि पर्नु,

8_ घरको यात्रा तयार हुनु तर भिनाजु घर गए म जनकपुर हिडे भन्ने प्रसङ्ग उल्लेख गर्नु,

**१५. उपशीर्षक : बोधदादा**

1_ म पात्रको बोध दादासँग भेट र राणा शासनको अत्याचारबाट मुक्तिको सङ्घर्ष गर्ने अठोट ,

2_ बीपी छदमभेषी रूपमा बोददादा भएको ठाँउमा आइपुग्नु, ठीक त्यसैबेला मोहोन शमसेरले टाउकाको मोल तोक्नु ,

3_ सङ्गठन विस्तार गरी क्रान्ति गर्न लाग्नु ,

4_ राणाकाल, प्रजातन्त्र र पञ्चायतका समयमा विभिन्न परिवर्तनहरूको सन्र्दभ उल्लेख गर्नु,

१६. **उपशीर्षक : जाइकटक नगर्नु**

1_ यात्राको पाँचौवास सिन्धुली माडीमा हुनु र बाटो काट्ने क्रममा नेपाल अङ्ग्रेज युद्धको घटना सुनाउन बीपीले आग्रह गर्नु,

2_ बोधदादाले उक्त घटना वर्णन गर्दै जानु,

3_ पृथ्वीनारायण शाहले सम्पूर्ण योजना साथ फिरङ्गीलाई सिन्धुली गडीमा फाँड्नु पर्छ भनी जाइकटक नगर्नु, झिकी कटक गर्नु भने भनी धर्मयुद्ध गर्न आह्वान गरेको भाषण सुनाउनु,

4_ गोर्खाली फौजले जित हात पारे र त्यसको सप्रमाण अझै पनि गढी किल्लामा रहेको बताए,

5_ अरिगांलको गोला र सिस्नुको झ्याङको कथा वीपीले सोधे र दादाले सुनाए,

6_ कप्तानसँगको भेट र गेटपासको चेक रमाइलो सँग प्राप्त गर्नु,

१७. **उपशीर्षक : सती**

1_ पृथ्वीनारायणले काठमाडौंका तीनवटै जिल्ला मिलाई नयाँ नेपाल निर्माण गर्नु,

2_ छोरालाई राज्य सुम्पि नुवाकोट लाग्नु र ६ वर्षमै दिव्य उपदेश छोडी मर्नु,

3_ नुवाकोट विजय पछि जयन्तलाई छालाकाडेर मार्नु त्यो पृथ्वीनारायणको अन्तिम अवस्थामा निन्द्रामा लिन आउनु र त्यसै दिन मर्नु,

4_ भोग्या र रानीहरूको सति प्रक्रिया उल्लेख्य रहनु,

5_ पाण्डु र माद्रीको महाभारतीय सतीको कथा बताउनु,

6_ राणा परिवारमा चल्ने सति प्रथाको फेहरिस्त वर्णन गर्नु,

१८. **उपशीर्षक : तान्त्रिक राजा**

1_ पृथ्वीनारायणको मृत्युपछि राजा वनेका प्रताप सिंह शहले भाइभारदारलाई नजरबन्द र सर्वस्वहरण गर्नु,

2_ दरबार परिसरमा बनाएको कैलाश मन्दिरलाई प्रतापले कामोत्सव मन्दिर बनाउनु,

3_ दरबारीया राजाहरूको भैरव-भैरवी रसलीलाचक्र प्रस्तुति झल्कनु,

4_ राजाको निधन र दुधेवालकका साथ राजेन्द्रलक्ष्मी र बहादुर शाहले शासन चलाउनु,

5_ राजेन्द्रलक्ष्मीलाई सती पठाउने षडयन्त्र विफल रहनु,

6_ रणबहादुर राजाबन्नु र राजेन्द्रलक्ष्मी राजप्रतिनिधि हुनु,

7_ राज्य व्यवस्थामा विभिन्न हलचल मच्चाउनु,

8_ नारी सत्ताले सर्वोच्चता प्राप्त गऱ्यो,

9_ सर्वजित राणाले राजमातासँग करणी गरेको खुलासा हुनु,

10_ बहादुर शाहले राजमातालाई नेलठोकी नजरबन्द गर्नु,

11_ राजेन्द्रलक्ष्मी पुनः चोखी हुनु, बहादुर शाह भाग्नु राजमाताको मृत्यु हुनु,

12_ बहादुर शाहले राज प्रतिनिधि भएर ७ वर्ष काम गर्नु,

१९. **उपशीर्षक : कन्याशुल्क**

1_ बहादुर शाहलाई पनि १९ वर्ष भएपछि रणबहादुरले शासनको बागडोर हाफ्नो हातमा लिएर बावुको बिँडो थाम्न नदिनु,

2_ रणबहादुर शाह सम्पूर्णता भुली विलासी बन्दै जानु,

3_ कुटुनी आमाछोरीको प्रयासले कान्तावतीको राजासँग दर्शन हुनु,

4_ जेठी रानी राजराजेश्वरीले कान्तावतीलाई फकाउनु,

5_ राजाले कान्तावतीको इच्छा विपरित छुन समेत नछुने र आफू सो सरह सुविधा मिलाउन आदेश दिनु,

6_ कान्तावतीले आफू गरिब बाहुनी र बालविधवा भएकाले पुन : विवाह हुँदा अनिष्ट हुने भन्दै राजराजेश्वरीको पाउ पर्नु,

7_ राजा कामउत्तेजनाका लागि विभिन्न भोजन गर्ने र कान्तावतीलाई समेत आहारमा ती सबै मिसाएपछि यौनउत्तेजना बढ्दै जानु,

8_ राजा कान्तावतीलाई भेट्न आई हत्केला समाउन पुग्नु,

9_ राजाको उत्तराधिकारी आफ्नो छोरो बनाउन कन्याशुल्क स्वरूप माग गर्नु साथै राजाले सहज स्वीकार्नु,

10_ कामदेवको आशीर्वाद प्राप्त गरी एक अर्कामा कसिन पुग्नु,

२०. **उपशीर्षक : नारी कहिल्यै बिटुलिन्न**

1_ कान्तावती माने पछि रणले धर्म र शास्त्र मिलाउन लाग्नु,

2_ राजाको आशय बुझि पण्डित दिनानाथले अनेक दृष्टान्त बताउनु,

3_ माधवी र गाल्लवको समेत कथा सुनाए,

4_ स्त्री सदा अदूषिता हुन्छन भनी थप दृष्टान्त बताउनु,

२१. **उपशीर्षक : कुकर्मी बहादुर शाह**

1_ रणबहादुर कान्तावतीलाई पटरानी र उनको छोरालाई राजा बनाउने कुरा शास्त्र विरूद्ध हो भनी विरोधमा उत्रनु,

2_ रामेपोडेलाई जात परिवर्तन हुने र वकस पाउने भन्दै काम फत्ते गर्न अह्‌ाउनु,

3_ बहादुर शाहको औँशीको रातमा जेलको दलिनमा शव फेला पर्नु,

4_ रैती कोही नव्यूँझी लाश पहिल्यै खरानी पार्नु,

२२.  **उपशीर्षक : गीर्वाणसम्भवम्**

1_ रण र कान्तावती शिव र पार्वतीको भन्दा चर्को मैथुन योग्यमा लिप्त हुनु,

2_ महाकवि कालीदासले कुमार समभवम्मा आधारित शिवपार्वती रतिलिला वर्णन गर्नु,

3_ शिवले कुमार जन्माएझैँ कान्तावतीको रतिरागमा लीन भएर गीर्वाणयुद्ध विक्रम शाह हुनपुग्नु,

4_ अतिभोगले कान्तवती क्षयरोग ग्रस्त हुनु,

5_ गीर्वाणलाई राजा भएको देख्न पाउने आशा वढ्नु,

२३.  **उपशीर्षक : स्वामी निर्वाणनन्द**

1_ रणवहादुर शाह जोगी वन्नु र गीर्वाणलाई राजगढ्दिमा वसाउनु,

2_ रण र कान्तवती दुवै धर्मपत्र गराएर गेरूवस्त्र धारण गरी जोगी-जोगीनी भेषमा हिड्नु,

3_ कान्तावतीको चोला उठ्नु र राजा विछिप्त वन्नु,

4_ रानी मृत्यु शोकले पश्पते भगवानलाई तोप पड्काउन हिडेका राजा तलेजु भवानी तर्फ खनिनु,

5_ कान्तावतीको खाँचो टार्न धेरै युवती लाम लागे तर कान्तावतीलाई विर्साउन नसक्नु,

6_ काठमाण्डौमा विफरको महामारी चल्नु र त्यसबाट गीर्वाणलाई जोगाउन सबै रोगी केटाकेटीलाई चार भञ्ज्याङ कटाउन आदेश दिनु,

7_ रणबहादुर पुरानो कन्या मार्गमा पुनः डुब्नु,

8_ गीर्वाण र उनकी रानीको मृत्यु विफरकै कारण हुनु,

**चरणः दुई**

२४.  **उपशीर्षक : घर**

1_ पुनः बोधदादा र बीपीसँग फर्कदै खुर्कोटमा वासबस्न आइपुग्नु,

2_ बीपीहरू काठमाडौं लाग्नु बोधदादा चिसापानी तर्फ जीबा (म) मन्थली बेसी लागे भन्नु,

3_ हरिवंश ( जीवा ) को घरमा भेटघाट र भलाकुसारी चल्नु,

4_ छोराछोरी आत्मा हो भनी पाठशालाबाट निकालिएकोमा बा लाई ठूलो पीर पर्नु,

5_ नेपालमा छिट्टै प्रजातन्त्र आउने भन्दै बा र भाईलाई सम्हाल्न खोज्नु,

6_ एकातिर बूढा बा र अर्को तर्फ देशको भविष्यको सन्दर्भमा दोधारमा पर्नु,

7_ बा ले छोरालाई सम्झाउदै काङ्ग्रेस /राजनीती छोड्न आग्रह गर्नु,

8_ अंश भाग बुझ्न बाध्य गराउनु,

9_ पँधेराबाट नुहाएर फर्कदा लडेर बा को ज्यान जानु र मैले ढिकुराको पूजा गर्न पाए भन्नु,

10_ आफ्नो अंश भाइलाई बकस पास गरी जहान छोराछोरीको कर्मदिने बाबु समेत बन्न भाइलाई आग्रह गर्नु,

11_ भाइ सल्लाह मिलाई काठमाडौं लाग्नु र नरेशसँग बस्नु,

२५. **उपशीर्षक : महात्मा लेनिन**

1_ बद्रीलाल र नरेशसहित राणाशासन पल्टाउने आन्दोलनमा लाग्न कलकत्ता जानु ,

2_ पुष्पलालसँग भेट हुनु र सर्वहारावर्गको हित गर्ने कम्युनिस्ट पाटिमा लाग्न प्रेरित गर्नु,

3_ काँङ्ग्रेस र संसदीय व्यवस्थाका पक्षधरलाई घृणा गर्न लाग्नु ,

4_ बीपीसँग भेट पछि प्रजातान्त्रिक समाजवादका पक्षमा नै फर्कनु ,

5_ जीवनरुपी पाठशाला कलकत्ता बन्नु र धेरै सिकाइ हुनु ,

२६. **उपर्शीक : मुक्तात्मा**

1_ २००७ सालको क्रान्तिमा वेपत्ता भएको मुक्तात्मा भन्ने साथीको स्मरण सुनाउनु,

2_ जातविरोधी, पढेलेखेको, विभिन्न भाषाको ज्ञाता, राजनीतिज्ञ पात्रको रुपमा परिचित,

3_ मुक्तात्मा कम्युनिष्ट विचारको धनाढ्य सौखिन भएको चर्चा गर्नु,

4_ पनागारमा गएर ह्विस्की र अन्य चिज खाएर रमाउनु र विभिन्न कथाहरु सुन्नु,

२७. **उपशीर्षक : दमिनी बज्यै**

1_ कान्तावतीको मृत्युपछि विच्छिप्त राजाले उपचार गर्ने बैद्यहरुलाई भौतिक र विभिन्न यातना दिनु,

2_ उनका स्वास्नीलाई दमाई र पोडेलाई इनाम स्वरुप दिन अह्राउनु,

3_ डुमले बाहुनी घिस्याउन नमान्दा छाला काट्ने र नुनचुक दल्ने आदेश हुनु,

4_ ज्यान बकस मागी बेहोस बाहुनीलाई घिस्याउन पुग्नु,

5_ पोडे र हाकुचाले आ-आफ्ना पुरस्कार बाँकी हिड्न र मोरङको सालवाडी मौजामा गरिखाने मेलो पाउनु,

२८. **उपशीर्षक : सालबाडी**

1_ रामे, पोडेल बहादुर शाहबाट सफाय साथ क्षेत्रीको जात पाई मोरङको सालबाडी मौजा पाउनु,

2_ कृष्ण बाजे र पाका वा दुवै रामेपोडे सँगै जाने निर्णय गर्नु र रामेपोडे क्षेत्री दर्जा पाएको थाहा पाउनु,

3_ सम्पूर्ण सँधै सिमा मिलाई रणनिगाहपुर नाम राख्नु,

4_ रामबहादुरले पृथ्वीनारायणको झै ठूलो काश्यपगोत्र प्राप्त गर्नु,

5_ किस्न बाजे धरनीधर पण्डित भई कर्मकाण्ड संचालन गर्नु कुलिन क्षेत्री कन्याहरुसंग विवाह गरी धेरै ठाउँ नातागोता विस्तार गर्नु,

6_ जातजातिको सन्दर्भमा मान्छेको चिन्तन र सोच नै सर्वोपरी हो भन्ने ठहर गर्नु,

२९ **उपशीर्षक : नेने मदु खने मदु**

1_ बद्रीलालको रामेछाप आगमन र उसको पेशा तथा उदारताको भावना छोरालाई अह्राउनु,

2_ बिफर फैलिएपछि त्यो परिवारलाई चारभञ्ज्याङ्ग कटाउने राजाको हुकुम पछि धेरै परिवार बनवास भई हिड्नु,

3_ लालमती र कर्मलाल आफ्नो छोराछोरी च्यापेर हिड्नु र धुलिखेलमा मामलीमा बस्न आग्रह गर्दा पनि बोझ नदिने निर्णय गरी त्यहाँबाट पनि बाटो लाग्नु,

4_ दोलालघाट नजिकै पुग्दा लालमातीको छोरा साने ज्वरोले मर्नु,

5_ भोटेले लाशलाई जलाउन र गाड्न नदिई सुनकोशीमा बगाउनु भन्यो,

6_ भक्तेका आमाछोरा मर्नु र सुनकोसीमा बगाए र घर फर्किए अरु अगाडि बढे,

7_ लश्कर बाटामा अवस्था हेरी छुट्दै पातलिदै गए,

8_ कर्मलाल मन्थली पुग्दा नपुग्दै दुधे छोरी राजमती मरी र तामाकासीमा बगायो,

9_ मन्थली द्वारेबाकामा बासबस्न पुग्नु र तालपती इन्तुनचिन्तु हुनु,

10_ कर्मलालले विर्तावार सँग भेटी आफ्नो बृतान्त सुनाउनु,

11_ विर्ताबारले कर्मलाललाई सम्पूर्ण बन्दोवस्त मिलाइदिनु,

३० **उपशीर्षक : सिमपानी खोरिया**

1_ कर्मलाल र लालमती मिलेर खोरियामा बासको प्रबन्ध गरी जिउन जीउन थाल्नु,

2_ ठूले लाठे भएपछि जातकी केटी खोजी विवाह गरिदिनु,

3_ खानमात्र धौ धौ पुग्ने भएपछि विर्तावालालाई गुहार्‍यो र उनकै सहयोगमा कर्मलालले पसल थाप्यो,

4_ ठीक एक महिनापछि कहिल्यै नउठने गरी ठेस लागेर लड्यो,

३१ **उपर्शीषक : सन्तान थरी थरीका**

1_ कर्मलालको आठौ पुस्ता धर्मलाल साहु प्रख्यात बन्नु,

2_ धेरै आसामीहरुबाट एउटा कुखुराको फुलबाट भैसी हुँदै त्यसबाट खेत जोड्यो,

3_ विच्छे सार्की पनि अर्को ठूलो साहु बन्यो,

4_ कसाईलाई सुरूङ्मा थुन्नु र धर्मलालकी जेठ्ठी छोरीले ताल्चा खोली त्यसैसंग भागी दाजलिङ्गमा गएर क्रिश्चियन बन्नु,

5_ नरेश र म पात्र भएर बद्रीलाललाई परिवारले गरेको शोषण विरुद्ध कम्युनिष्ट भएर के विद्रोह गर्छौ भनी सोध्नु र बेला आएपछि विद्रोह गर्ने कुरा गर्नु,

6_ बद्रीलाल कम्युनिष्ट पार्टीका अनेक पुट जुटमा रहिरहनु र माओवादी भएपछि अहिले सम्पन्न बन्नु,

7_ मालेमाबाद र प्रचण्डपथका सारा कर्तुतको अन्तराष्ट्रिय कम्युनिजम भएका मुलुकसँग राखी व्याख्या गर्नु,

३२. **उपर्शीषक : सनातन मन्थली**

1_ कलकत्तामा आफ्नो साथीहरुलाई उ बेलाको मन्थली ( सनातन ) को सम्पूर्णताको वर्णन गर्नु,

2_ विर्तावार ध्वासे, धर्मेभोटे लगायत कर्मलाल नेवारको चर्चा हुनु,

3_ सवैले एकअर्काका बीच आफ्ना पुर्खा अन्त कतैबाट मन्थली आइपुगेको इतिहास /कथा बताए,

३३. **उपर्शीषक : सात साल**

1_ राजा त्रिभूवन शरणार्थी भई भारत जानु,

2_ मोहन शमशेरले चारवर्षे ज्ञानेन्द्रलाई राजा बनाउनु,

3_ भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरु सँग त्रिभूवनको भेट हुनु,

4_ नेपालमा शताब्दीदेखि को राणाकालीन अन्यायको चर्चा सुनाउनु,

5_ राणाहरु पनि ल्याइते र व्याइते भनी ए,बी,र सी वर्गमा विभाजन हुनु,

6_ मोहन शमशेर र महावीर शम्शेरले प्रजातन्त्रको आन्दोलनमा धन, शिक्षित युवाको मन र काँङ्ग्रेसको संयोजन गर्नु,

7_ २००७ साल फागुन ७ गते राणा शासन ढाल्नु,

8_ सिन्धुलीगढीमा बडाहाकिमको टोलीसँग भिषण आक्रमण र विजय प्राप्त गर्नु,

9_ जनकपुर पुग्नु र बोधदादाले सेनाहरुलाई लुगा फेराउनु,

10_ दिल्ली सम्झौता हुनु र क्रान्तिकारी सहितको नयाँ सरकार बन्नु,

३४. **उपशीर्षक : विद्रोह**

1_ पन्ध्र सालमा संसद निर्वाचन भई बीपी प्रधानमन्त्री बन्नु,

2_ काँङ्ग्रेस र कम्युनिस्टका कतिपय नेताहरूले महेन्द्रलाई सघाइ अठार महिना नपुग्दै संसद भङ्ग गरी निरङकुश राजतन्त्र लागु गर्नु,

3_ नेताहरू जेल पर्नु तथा भागाभाग भई काङ्गेसले फेरी हतियार उठाउनु,

4_ रामलाल र त्रिभुवन ढुंङगेल जस्ता सामन्तीलाई कार्वाही गरी हत्यागरेपछि काँङ्गेसको आतङ्क जिल्लाभर फैलनु,

5_ टाउकाको मोल तोकी जहाँ भेटे पनि मार्ने आदेश दिनु,

6_ कठजोरको नाताले भतिज पर्ने अग्नी प्रसाद भन्ने नम्मरी जालीलाई कार्वाही गरी कठजोर काङ्गेसमय वनाउनु,

7_ काङ्गेस आन्दोलन स्थगीत हुनु,

8_ देशभरका धेरै नेताहरूलाई सर्वस्हरण सहित जन्मकैदको सजाय हुनु,

३५ **उपशीर्षक : जेल**

1_ कष्ठपूर्ण जेल जीवन नर्कझैँ भएको चर्चा गर्नु,

2_ थुनुवाहरूको वर्गीकरण गरि सुविधा प्रदान गर्ने गर्नु,

3_ नेताहरू प्रजातन्त्र पुनः स्थापनाको लागि जेल बस्नु तर तारिणी आफ्ना दाजुका लागि जेल बसेको खुलासा हुनु,

4_ धेरै नेपाली काङ्ग्रेसका नेताहरू कागज गरी छुटे तर गिरिजा बोधदादा लगायत नमान्नु,

5_ नेताहरूको दुर्गति र पञ्चायत समर्पणले म पात्रलाई नयाँ नेपाल बन्ने आस मर्नु,

6_ घरपरिवार प्रतिको दायित्व बोध भई घर जानु,

३६. **उपशीर्षक : फेरी मुसो**

1_ महेन्द्रवादी र पञ्चायती व्यवस्थाको नयाँ नेपालमा क्रान्तिकारी काङ्ग्रेसहरू उपहास र तिरस्कार हुनु,

2_ राजनीति गरिखाने नभई लुटिखाने धन्दा हुनु,

3_ सबै पञ्च हुनु र पञ्चायतमा लाग्न आग्रह गर्नु,

4_ सम्पतिको नामको एउटा गैरीखेत समेत भाइले बेचेर उसैकोमा आश्रय लिनु पर्ने बिचल्ली अवस्था हुनु,

5_ सीतासँगको भेटपछि मेरो राजनीतिले दिएको हण्डर महसुस गरे,

6_ ब्राहमण कुलमा बुहारीले भोग्नु पर्ने हण्डर प्रस्तुत हुनु,

7_ राजासँग सरण पर्नु र सर्वस्व फिर्ता गरी पञ्चायतकालमा मन्त्री सम्म हुनु,

३७. **उपशीर्षक : तरबारको दरबार**

1_ २०५८ साल जेठ १९ गते राजदरवार हत्याकाण्डको खबर पाउनु, दिपेन्द्र मार्फत सम्पूर्ण घटना घटाइनु,

2_ तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले ग्राइनडिजाइन भन्नु र त्यो आफै लगेर जानु,

3_ विश्लेषकहरू विभिन्न विश्लेषण गर्दै दिपेन्द्रको मास्क लगाएर कसैले हत्या गरेको तर्क सार्नु,

4_ विभिन्न व्यक्ति तथा सभामुख समेतले चित्तवुझ्दो प्रतिक्रिया दिन नसक्नु,

5_ दरवार तरवार झै हो यस्ता धेरै घटना भइरहने नजिर रहनु,

6_ राजा रणबहादुरको हत्या पनि विभिन्न दरबारीया कारणवाट भएको तर्क प्रस्तुत गर्नु,

३८. **उपशीर्षक : यमराजको न्याय**

1_ हरीवंशले ( जीबा ) आफू पनि यमलोक पुगेको र रणबहादुरले यमराजसँग नेपालमा गई पुन :शासन गर्न पाऊँ भनी गरेको बिन्तीपूर्ण सपना देख्नु,

2_ चित्रगुप्त सहितको सहयोगमा रणेले केवल दण्डनीतिको मात्र प्रयोग गरेको जाहेर गर्नु,

3_ रणबहादुरले दुईसय वर्ष नेपालका ठूलाबडाको ( जनसरकारवाला ) आत्मामा शासन गर्ने आदेश सहित मिसिल बन्द गर्न चित्रगुप्तालाई अह्राएसँगै म ब्युँझिए भन्नु,

३९. **उपशीर्षक : अन्तिम आशिर्वाद**

1_ शरदले मन्त्री भएपछि त सुख भयो होला भनी सोध्नु,

2_ मन्त्री पद नायक हैन खलनायक भएको र बिकेको भन्नु,

3_ जेलबाट घरमा पुग्दा रूष्ट व्यवहार प्रस्तुत गर्ने आफ्नै भाइ पीए बनाउनु भन्न पुग्नु,

4_ भाइलाई राजनीति जनताको सेवा हो भनी रामेछापमै राजनीति गर्न भनी अह्राउनु,

5_ सुन्दरलाई पीए राख्नु,

6_ दुवै सुन्दर र सुनीताको विवाह मन्त्री भएकै बेला धुमधाम सँग गर्नु,

7_ पञ्चायतमा यस्तो चरित्रको भ्रष्ट विष रोपियो जुन बहुदलकालमा विशाल विषवृक्ष बनेका छन् भन्नु,

8_ जीबाले जीवनको अर्थ र सार्थकता वताए सँगै प्रधानमन्त्री हुँदाको अनुभव भोलि सुनाउने भन्दै सुत्नु,

9_ कुमारीले बेलुका डाक्टरी ड्यूटी गर्नु र राती शरदले दिशा बसाएर आफैले धोइदिए जुन अन्तिम ड्युटि रहेछ भन्नु,

10_ सुन्दरलाई खबर गर्दा जीवको अन्त्यष्टिमा समेत कुनै सन्तान नआउनु,

11_ सम्पूर्ण सम्पति र घरजग्गा जिम्मा लगाउन आदेश/खवर हुनु,

४०. **उपशीर्षक : जीबाको गृहस्थी**

1_ जीबाले भन्न खोजेको जीवन वृत्तान्त पूरा नहुनु तर उनको अधुरो प्रतिमाको थप बान्की बनाउन कम्मर कस्नु,

2_ कुमारी र शरदले देखेकी जीमा कान्छी श्रीमती थिइन,

3_ मन्त्री बन्दा जोडेको सम्पति भ्रष्टाचारको डरले आफ्ना नाममा राखेनन्,

4_ सुन्दर केवल नास्तिक र लक्ष्मीको पूजारी थियो,

5_ सुन्दर र उसका साथीहरूको यौनजीवन अत्यन्तै विलासी वन्दै जानु,

6_ क्याम्पसकका सहर सुन्दरी, ग्रामवाला तथा कति एकल माताहरू वाध्यतामा विभिन्न आसनका कामशुत्रमा वेरीनु पर्दथ्यो,

7_ जेठी जीमा क्यान्सरले वित्नु र आफ्नो मृत्युपछि विवाह गर्न आग्रह गर्नु,

8_ जीबा पेट दुखेर अस्पतालमा भर्ना भई अप्रेशन गर्नु तर छोरा वुहारीको भेट्ने समेत समय नमिल्नु,

9_ घरमा आएपछि समेत सुन्दरले वेवास्ता गर्नु र छोराप्रतिको पुत्रमोह अन्त्य हुनु,

४१. **उपशीर्षक : फूलवाली जीमा**

1_ आफन्तको उपेक्षित व्यवहार पछि फूलबारी सँग जीबाको मोहनी तानिनु,

2_ सविता पनि जीवाको अनपेक्षित प्रश्नवाट कौतुहल हुनु,

3_ सविताको सन्तोषसँगको प्रेमविवाह भएको प्रसङ्ग खुल्नु,

4_ सन्तोष दलित जातको भएकाले सविताको घरपरिवारले नस्वीकार्नु,

5_ सन्तोषले जागिर काठमाडौँ सरूवा ल्याउनु,

6_ सन्तोषको बसदुर्घटना भई त्रिशुलीमा मृत्यु हुनु,

7_ सविता अझ एक्ली हुनु,

8_ सविताको बाँच्ने इच्छा अन्त्य हुनु तर पेटको शिशु र सन्तोषको दुर्घटना भएवापत प्राप्त रकमले बाँच्न सघाउनु,

9_ उषा भन्ने साथीले आफ्नो घरमा कोठा भाडामा दिनु र सुत्केरी चोखिएपछि पशुपतिमा गई फूल बेच्न थाल्नु ,

10_ केही दिनपछि गृहस्थलीमा भेट्न आउनु भनी जीबा हिड्नु,

11_ सविता गृहस्थली जानु,

12_ दुवैले आफ्नो जीवनको पूर्वयथार्थ सुनाई एक अर्का सँगै हुनु,

13_ सुन्दर र रश्मिले कान्छी आमा ल्याउने थाहा भएपछि घरमा नवस्न भन्नु,

14_ जीबा घरबाट निश्किएर सिनामंगलमा सानो घर किनी फुलवाली सँग वस्न लागे,

15_ रश्मिले पनि लालपूर्जा, सेयरकागजपत्र र गहना सहित आफ्नै ड्राइभरसँग नयाँघरजम गर्न लागि,

16_ सुन्दरले पनि अर्को भित्र्यायो,

४२. **उपशीर्षक : नूतन मन्थली**

1_ रामेश्वर शर्माले शरद र कुमारीलाई ज्यादै माया गर्नु,

2_ जीबाले आफ्ना सन्तानबाट बचेको सम्पत्ति स्वरुपको घर सरदहरुलाई नामसारी गर्ने धोको रहनु तर पूरा हुन नसक्नु,

3_ जीबाको मृत्यु पछि काठमाण्डौ बस्न मन नलाग्नु,

4_ रामेश्वर सरले मन्थली संस्थामा जागिर पक्का हुने भने सँगै मन्थली जाने निधो गर्नु,

5_ कुमारीको काम नर्सिङ्होमको कोठामा मात्र जस्तो नभई गाउँ गाउँ जानु पर्दथ्यो,

6_ सरले सरदलाई पनि म्यानेजरको काम सिकाई जिम्मा दिनु,

४३. **उपशीर्षक : टपरीको नातो**

1_ मन्थली सदरमुकाम सर्नको रहस्यमय कारण हुनु,

2_ राष्ट्रिय पञ्चायतका अध्यक्षलाई सम्मान गर्ने कार्यक्रममा धनकुमारीले टपरीमा नातो खुटेर मान्छेको सुनौला मल दिएर अपमान गर्नु,

3_ राजा बीरेन्द्रको रामेछाप भ्रमण र कृत्रिम जुनार खेतीको आकर्षण हुनु,

4_ उदयपुर केन्द्र भएर ठूलो भूकम्प जानु, छेरुवाको पहिरो बढ्दै जानु लगायतलाई आधार बनाई राजाको हेलिकप्टर भ्रमणबाट मूकाम सार्ने हुकुम हुनु,

5_ २०४५ सालमा सदरमुकाम मन्थली सर्नु,

6_ मुकाम लालपाटीको सहयोगमा फेरी फिर्ता जानु र पछि ठूलो सङ्घर्ष पछि मन्थली आयो,

४४. **उपशीर्षक : युद्धको रापताप**

1_ मन्थली पुग्दा माओवादीको युद्ध देश भरी चम्किसकेको हुनु,

2_ देशका विभिन्न ठाउँमा आक्रमण र भिडन्तमा सयौ मान्छेको मृत्यु हुनु,

3_ मन्थली संस्थाको कार्यालय सस्थापककै घरमा हुनु,

4_ अतिक्रमणमा परी संस्थाको समेत विचल्नि हुनु,

5_ आतङ्क बढ्दा सुख्खा मरुभूमि झै दक्षिण फर्केको पाखामा सानो क्लिनिक र पाहुनाघर बनाइसकेको हुनु,

6_ सेना र माओवादीको चेपुवामा पर्ने डर संस्थालाई भयो,

7_ सिडियो र डिएसपी र अरु अफिसरहरु सुरक्षित ठाउँको खोजीमा भौत्तारिनु,

8_ कार्यालय तथा एयरपोटका सुरक्षाकर्मीहरु व्यारेक तर्फ लाग्नु,

9_ दोरम्बा हत्याकाण्ड पछि माओवादीले बदला लिन्छन् भन्ने त्रास बढनु,

४५. **उपर्शीषक : चन्दा आंतक**

1_ शरदलाई माओवादी एरिया इन्चार्ज आकाशले लेखेको चिठी नचिनेको व्यक्तिबाट प्राप्त हुनु,

2_ विभिन्न कुराहरु अवगत गराई पठाएको पत्र केशव श्रेष्ठसँग गम्भीरताको साथ अध्ययन गर्नु,

3_ क्याम्पसमा पनि सोही वेहोराको चिठी प्राप्त गर्नु,

4_ केशव र शरद चन्दा दिदा सेना र नदिदा माओवादीबाट मारिने डरले त्रासदित बन्नु,

5_ रामेश्वर सरले भने लम्जुङका हेडमास्टर र सिन्धुपालचोकका पत्रकार मुक्तिनाथ अधिकारी र ज्ञानेन्द्र खड्कालाई जसरी तारो बनाए हाम्रो पनि सोही गति हुने भो भन्नु,

6_ शरद तिल्पुङ्ग चौतारामा माओवादी भेट्न पुग्नु,

7_ त्यहाँ कमरेड बारूदसँग भेट हुनु र ब्राह्मण वादी सोच र चिन्तनको विषयमा तर्क वितर्क साथ अगाडि बढ्नु,

8_ माओवादीको आधार इलाका पुगेपछि विभिन्न कर्मचारी हाकिमहरुले चन्दा दिने गरेको खुलासा हुनु,

9_ कमरेड आकाशले संस्थाले राम्रो काम गरेकोले सहकार्य गरेको बताउँदै देशमा कुनै पनि एनजिओ, आइएनजिओ चल्न नदिने बताउनु,

10_ स्वैच्छिक चन्दा बुझाउन भन्दै कुमारीलाई माओवादीमा पठाए चन्दा माफी गर्ने समेत आग्रह गर्नु,

11_ शरद र केशव सर दुवैले आफ्नो कर्मचारीसँग गोप्य सल्लाह गरी चन्दा बुझाउन जानु,

12_ रामेश्वर सरले कुनै चन्दा दिएनन् उनको ज्यान मार्ने धम्की आयो,

13_ रामेश्वर सरले संस्थाबाट राजिनामा दिएर भक्तपुर लागे र घरैमा माओवादीको गोली लागी लामो समय पीडा भोग गरी मरे,

४६. **उपशीर्षक : कमरेड आकास**

1_ शरद चन्दा बुझाउन जाँदा कमरेड आकास र वारूदसँग अभिन्न मित्रझैं हुनु तथा सिद्दान्ततः प्रभावित समेत बन्दै जानु,

2_ झुट्टा सुराकी माओवादीमा नहुने र सेनाले झै निरपराध जनतालाई मार्ने काम गर्दैनौ भनी कमरेड आकाशले भन्नु,

3_ सम्पर्कको निरन्तरताले माओवादीको देश रूपान्तरणको भिजन प्रति मौन प्रवक्ता भएको शरदले स्वीकार गर्नु,

४७. **उपशीर्षक : जिल्ला जनसरकार**

1_ शेरबहादुर देउवा प्रधानमन्त्री भएपश्चात एकतर्फी युद्धविराम घोषणा गर्नु,

2_ सम्पूर्ण तहमा माओवादीले जनरसरकार निर्माण गर्नु,

3_ माओवादीको जनसरकार बनाएका प्रत्यक्ष दर्शी पत्रकारलाई सिडियोले वृतान्त, सोध्नु र पत्रकारले सारा कुरा सुनाउनु,

4_ जिल्ला सरकार गठनको रिपोटिङमा जाँदा कमरेड आकास सँगको भेट भएको र प्रगतिवादी रिपोटिङ गर्न आग्रह सहित पूर्ण स्वागत गर्नु,

5_ सावाडाँडामा पुगी वास वस्ने प्रबन्ध गर्नु र भोलिपल्ट फुलासी पोखरीडाँडा हुँदै अगाडी वढ्यौं भन्दै सुनाउनु,

6_ दशवजे कुखुरे आहाल पुग्नु जहाँ कार्यक्रम स्थल थियो,

7_ रितबहादुर खड्का तथा काठमाण्डौंवाट आएका पत्रकार सँग समेत भेट हुनु,

8_ भव्यताका साथ कार्यक्रमका वीच रामेछाप जिल्ला जनसरकार घोषणा भयो,

9_ रीतबहादुर खड्काले चर्को र जोशिलो भाषण गर्नु,

10_ फर्कदाका सारा वृतान्त सुनाउदैं पत्रकारले कुरा विट मारे,

11_ ललेकामी माओवादी हुनु र गाउँभरी उर्दीगरी मच्छेडाँडी जाने आग्रह गर्नु,

12_ सारा मान्छेको भीडमा कमरेड ज्वालाले भाषण गरी जिल्ला जनसरकार उद्घाटनमा सहभागी बन्न धम्की सहित आग्रह गर्नु,

13_ शरदकुमार लगायतले भोगेको सारा द्वन्द्वकालीन दुख र पीडा व्यक्त गर्नु,

४८. **उपशीर्षक : बुढी बाटो हेरेर बसिरही बसिरही**

1_ मीनबहादुर र टेकबहादुर मन्थली बचतको कारोबार गर्ने कर्मचारी नियुक्त हुनु,

2_ विभिन्न गाउँमा गएर समूहमा छलफल र बचतको तालिम गर्नु पर्दथ्यो,

3_ उनीहरु माओवादीको सुराकी ठहर गरी अपहरणमा पर्नु,

4_ मदन नामको माओवादी कमाण्डरसँग चिन्जान भएको नाताले थप अनुसन्धान गर्न म्याद थप गर्नु साथै आफैसँग हिडाउनु,

5_ रामे तामाङको सम्पूर्ण सम्पत्ति बाँढी दिनु र भौतिक कारवाही समेत गर्नु,

6_ एक बथान छापामारले पर चौतारासम्म हिँड अनि मात्र साँचो पाउछस भनी लैजानु र मार्नु,

7_ आकाश कमरेड सँगको भेटपछि तारिखमा रिहा पाउनु,

४९. **नरबली**

1_ मीन बहादुरले आफ्नै आँखाले माओवादीलाई उसकै भतिजो पर्नेले बलि दिएको देख्नु,

2_ बासुजी सँगको भेट र गफगाफमा उसको बुबाको माओवादीले खुट्टा भाँचेको खुलासा हुनु र काठमाडौँ मै बस्नु,

3_ गोपाल माओवादीले आफ्नो बुबालाई मारेको सम्झि रहनु,

4_ उसको काका भाग्नु र पछाडिबाट खुकुरीले मार हान्नु,

5_ लीलेलाई खेदाई खेदाई भतिजोले गिंड्नु,

6_ गोपाल आफ्नो खुकुरीको रगत पुछि दापमा हालेर सेना र प्रहरीमा भर्ना हुन लाग्नु,

५०. **उपशीर्षक : धन**

1_ कर्मचारी माझी र शरद काठमाडौँ जानु,

2_ शरदकुमारलाई अपहरण गरी सबै सामान खोस्नु,

3_ माओवादी होस भनी सम्पूर्ण विवरण भन नत्र यमलोक पुऱ्याइदिने भन्दै यातना दिनु,

4_ रामेछापको मुठभेडमा रेकर्ड भएको झोला छाडेर माओवादी भाग्नु,

5_ त्यसै आधारमा सम्पूर्ण सूचना थाहा पाई विभिन्न कर्मचारीलाई कारवाही गर्नु,

6_ रेकर्ड र विभिन्न आधारमा पटक पटक कुटेको बेहोरा बनाउनु,

7_ कैदी जीवनमा भोक, प्यास, कुटाइ, करेन्टको झड्का आदी सम्पूर्णले सकस हुनु,

8_ अफिसरको आगमन पछि जेलजीवन सरल बन्दै जानु,

9_ एउटा जाति स्वरले आफ्नो परिवारको वारेमा सोध्नु,

10_ कुनै कुरा नढाँटी सुनाएपछि अनायास डाँको छुट्न पुग्नु,

11_ एउटा मानव अधिकार कर्मीलाई माओवादीको केन्द्रिय सदस्य भनी ल्याउनु,

12_ अधिकारकर्मीहरु हेर्न आउँदा फरक व्यवस्थापन गर्नु,

13_ रामेछापमा सवै निकायमा निवेदन गरी मेरो खोजी गरेछन् भन्नु,

14_ सामुन्ने कोठामा एउटा जनवादी माओवादी बस्नु,

15_ एकदिन शरदले तिमी को हौ ? भनी सोध्नु,

16_ उक्त जवामर्द माओवादीले जनवादी क्रान्तिका पक्षमा सहिद हुन पाउनु गर्भ हो भनी काँतर नभन भन्दै धेरै कुरा सुनाउनु,

17_ अफिसर र दिदीले शुभकामना दिएर छुट्ने कुरा बताए,

18_ जहाजमा हालेर मन्थली ल्याउनु र क्याप्टन प्रधान सँग भेट हुनु,

19_ मन्थली संस्था नजिकै बाट व्यारेक लगेको चाल पाएसँगै कुमारीलाई देख्न असाध्य मन लाग्नु,

20_ रामेछाप जेलमा पुगेसँगै मेजर शर्माले हामीलाई सहयोग गर्नुस भन्दै जान आदेश दिनु,

21_ विहिबारको हाटको दिन छुटेर मन्थली बल्लतल्ल आइपुग्नु,

22_ कुमारीलाई कोठामा पुगेर बोलाउनु र कुमारीले अङ्कमाल गर्नु,

23_ सम्पूर्ण कुराहरु छोडकरीमा भन्दै नोटबुक लेख्छु र त्यसबाट थाहा पाउँछौ भन्नु,

24_ शरद, आत्मा केन्द्री बन्दै जानु र नोटबुकका संस्करण लेख्दै बस्नु,

**५१ उपशीर्षक : डाक्टर अहमद**

1_ शरदसँगै झोक्राइरहेको देखेर डाक्टर अहमदलाई देखाउने कुरा गर्नु,

2_ अपवाद डाक्टरहरू मध्ये रामेछापमा बस्ने एक थिए उनी,

3_ विभिन्न खालका बिरामीलाई उपचार गर्दा नलागेपछि फुकफाक समेत गरेर निको पार्नु,

4_ गाउँ घरमा फुकफाक गर्ने धेरै र आफ्नै तरिका हुनु,

5_ अहमदले रातभरी फुकफाक गरेपनि आफ्नो रोग निको नहुनु,

6_ पुनः डाः सुमन सँग सल्लाहगरी काठमाडौं गएर डा. शर्मालाई देखाउने कुरा हुनु,

५२.	**उपशीर्षक : दोरम्बा**

1_ दाङको हापुरेमा शान्तिवार्ता चलिरहेको बेला दोरम्बामा माओवादीको हत्यागरी सैनिकहरू मन्थली आउनु,

2_ मन्थली संस्थामा आएर रातगुजारा गर्नाले सेना र संस्थाको सम्बन्ध भएको सुराकीले महसुस गर्नु,

3_ पत्रकारहरू माझ जवाफी कार्वाहीमा माओवादीको मृत्यु भएको मेजरले बताउनु,

4_ गाँउका सोझा जनता नक्कली व्यहार प्रर्दशन गर्ने माओवादी र सेनाको पक्षमा कुरा गर्दा आफ्नो काल दुवै तर्फबाट निम्त्याउनु,

5_ शिक्षक युवराज तामाङको घरमा मिटिङमा वसेका माओवादीलाई सेनाले घेराहाली डांडाकटेरी जङगलमा लगी निर्ममहत्या गरी छोडेर गएको बताउनु,

6_ नयाँ एरिया इन्चार्ज सागर आएपछि फेरि शरदलाई ताकेता गर्नु,

7_ सेनाले कार्वाही नगरेर माओवादी विरूद्ध सुराक गर्न छोडेको अभियोग लाउनु,

8_ केशव सरलाई सेनाले वोलाएर माओवादीले गरेको व्यवहाको स्मरण गर्नु,

9_ मन्थलीमा बस्न असम्भव बन्दै जानु,

10_ मिथिलाले जनकपुरमा नर्सको जागिर छ भनि कुमारीलाई डाक्नु र मन्थली छोडी हिड्नु,

५३.	**उपशीर्षक : जै जानकी माता**

1_ जनकपुर पुगी सीतामातासँग वरदान मागेर केदार नरसहिं थापाकोमा कोठा खोजी बस्नु,

2_ मण्डलजी सँगको भेट हुनु र दलित अधिकार सम्बन्धी ठूलो प्रोजेक्ट आएपछि शरदले जागिर पाउनु,

3_ कुमारी आफ्नै घर बनाउने लालसा पूरा गर्न सानो घडेरी लिनु,

4_ २०६३ मङसिर ५ गते शान्ति सम्झौता भएका दिन छोरी जन्मनु,

**५४. उपशीर्षक : लोकतन्त्र गणतन्त्र**

1_ नेपालमा विभिन्न सम्झौताले छुट्टाछुट्टै व्यवस्था ढल्नु र छयालीस सालपछि त्रिभुवनले गणेशमानलाई प्रधानमन्त्री हुने प्रस्ताव गर्नु तर इन्कार गरी कृष्णप्रसादलाई बनाउन सल्लाह दिनु,

2_ २०४८ सालको आम निर्वाचनमा किसुनजीलाई मदन भण्डारीले परास्त गर्नु,

3_ मदनभण्डारीले टुडिखेलबाट राजालाई श्रीपेच फुकालेर चुनाव लड्न चुनौति दिनु,

4_ काङ्ग्रेसले वहुमत ल्याउनु, मदनभण्डारीको जीप दुर्घटनामा मृत्यु हुनु र उपनिर्वाचनमा विद्याभण्डारीले किसुनजीलाई फेरी हराउनु,

5_ मदनभण्डारीको मृत्यु रहस्यमय ढंगबाट हुनु,

6_ सवुत प्रमाण अमर लामालाई पनि कीर्तिपुर पुऱ्याएर रहस्यमय ढंगले मार्नु,

7_ देशमा गिरिजाप्रसादको हालीमुहाली बढ्नु,

8_ माओवादीले सोझै राजा बीरेन्द्रसँग वार्ता गर्छौ भन्नु,

9_ बीरेन्द्रले पनि माओवादी सँग वार्ता गरी निष्कर्ष खोज्न चाहनु,

10_ गिरिजाले सेनापरिचालन गर्नु, जतिखेर ज्ञानेन्द्र राजा हुनु,

11_ राजदरवार हत्याकाण्डको घटनाले गिरीजाले राजिनामा गर्नु र देउवा प्रधानमन्त्री बन्नु,

12_ राजाले ठुलो आन्दोलनको आँधीवेहरी थाम्न नसकी विघठित प्रतिनिधी सभा पूनः स्थापित गर्नु,

13_ फेरी गिरीजाप्रसाद प्रधामन्त्री हुनु,

14_ एक महिनापछि एमाले र माओवादीका नेताहरू प्रधानमन्त्री बन्दै जानु,

**५५. उपशीर्षक : हिमालयमा मेघ गर्जियो**

1_ माओवादी सँगको विस्तृत शान्ति सम्झौतापछि दोस्रो ठूलो जनआन्दोलनको बेलामा सतचालिस सालको संविधान खारेज गरी अन्तरिम संविधानको खाका तयार हुनु,

2_ विभिन्न जातीय र क्षेत्रीय दङ्गाहरू हुनु,

3_ मधेशमा पहाडीयाहरूको सालिक तोडिनु,

4_ २०६४ वैशाख ११ गते वार्ता भएपछि मधेशवादी दल चौथो शक्ति वन्नु,

5_ मण्डलजीको मातहतको एनजिओ उहाँ सँगै मधेश अधिकार पक्षमा उत्रनु,

6_ जनकपुर आन्दोलित भयो र पहाडीया माथि आक्रमण हुनु,

7_ सबै पहाडेहरूले जनकपुर छोडेपछि शरदले कुमारीलाई हामी कहाँ जाने ? भनेर सोध्नु,

8_ मधेस हाम्रो पनि हो, जनकपुर छोडेर नजाने भनी कुमारीले भन्नु,

9_ शरद झोक्राएर बस्नु र जीवाले भनेको सम्झनु हिमालयमा मेघ गर्जन्थ्यो,

**५६. उपशीर्षक : साधना**

1_ मण्डलजीको परिवारले काठमाडौँमै प्रोजेक्ट सञ्चालन गर्नु,

2_ जनकपुरको व्यथितिले जनकपुर छोडी काठमाडौं जाने सोच बनाउनु त्यो सजिलो नहुनु

3_ शरदले जीबाले भनेको 'हरेक मान्छेको आफ्नो गन्त्यव्य आफै बनाउनु पर्छ' सम्झी आफ्नो गन्तव्य वनाउन लाग्नु,

4_ गंगासागरमा कालीबाबा अघोरी बस्थे उनकै सत्सङ्गमा लाग्नु,

5_ देशका ठूला ठूला मन्त्री, नेताहरू समेत बाबाकोमा जाने गर्नु,

6_ बाबाकोमा पुगेर एकदिन चिलिम तानेर जीबाले भनेको नोटवुक वीच वीचमा पढ्नु,

7_ पढ्दा पढ्दै त्याँहाका घटनाक्रममा साक्षतकार हुनु र कुमारीले व्युजाउनु,

8_ उपचार गर्न काठमाण्डौं जानु र शर्माजीले दवाई दिइ फेरी भेटन भन्नु,

9_ काठमाडौँमा केवल मण्डलजीका काका भतिजमा मात्र हुनु उनीहरू लगायत धेरै जना जेलमा भ्रष्टचारी मुद्धामा पर्नु,

10_ मण्डली लाई भेट्न जाँदा मधेस एक प्रदेश वनाई छाड्ने कुरा गर्नु,

**५७. उपशीर्षक : एकाम्लिरड**

1_ कुमारी र शरद जनकपुर फर्कनु,

2_ शरदले आफ्नो सिद्धि मुक्ति मार्ग खोल्न बाबा ले दिएको मन्त्र जपी जिवालाई मौका पाएपिच्छे बोलाउनु,

3_ जिबाले नेपालमा अग्निवर्णको राज भएकाले शान्ति सहज नहुने ठहर गर्नु,

4_ अग्निवर्णको सन्दर्भ कालिदासको लेखमा भनेझैं मद्यपान र कामवासनामा लीन हुने राजा हुनु,

5_ अग्निवर्ण झैं सत्तालिप्सा बन्ने नेपाली नेताको सिंहदरवारको झ्यालबाट झुन्डिएको चरणहरु देखाई जीवाले भन्नु,

6_ कुमारीले अत्तालिएर जोड्ले घचघच्याए संगै जीवा हराउनु,

7_ जनकपुर छोड्न निधो गरेसँगै घडेरी पास गरेर फर्कदा शरद अपहरणमा पर्नु,

8_ लालजी र झा सरको सहयोगमा फिर्ता आउनु,

9_ शरद फर्किएर आएपछि कुमारी अफिसको इमरजेन्सी कामगरी टिकट लिएर चाँडै आउने भन्दै अफिस जानु,

10_ शरदले केही दिन अघि लिएको निर्माण चिठीमा लेखेर नोटबुकमै राखिदिनु,

11_ कुमारी र कालीबाबासँग विदा मागिसकेकाले ऊ स्वतन्त्र हुनु,

12_ छतमा गएर जीबालाई आह्वान गरी आकाशतर्फ उडी सिंहदरबार वरिपरि पुग्नु,

13_ सिंहदरबारको झ्यालबाट अग्निवर्णका जस्ता पाँचवटा चारतारा र हँसिया घन भएका चरणहरु जनता तर्फ हल्लिरहेको जीबाले देखाउनु,

14_ पार्टीका आजीवन थुनामा पर्नेहरु छुट्नु र हत्या गर्दागर्दै मर्ने हत्याराहरु आफै पनि मरे उनीहरुलाई सहिद बनाउने निर्णय गर्नु,

15_ उक्त चरणमा चार तारा अङ्कित चरण पहिले विलाउनु,

16_ नेपाललाई घनघोर तुवालोले ढाक्नु र त्यसैसँग जीबा र म उडी सबै जिल्लाहरुको भ्रमण गरौं त्यहाँ पनि अग्निवर्णका झै हल्लिएका चरण भएका स्थायी सिंहदरवार रहेछन् भन्नु,

17_ केवल दुई हसियाँ तारा अङ्कित चरण मात्र बाँकी रहनु र सारा जनता तान्त्रिकको सम्मोहनमा विभिन्न नारा लगाउनु,

18_ मेरो अनुहार अँध्यारो भए सँगै जीबाले सम्झाउदै सम्पूर्ण कालो र घना मेघ हट्ने छ र शान्तिकै भविष्य छ भन्नु,

19_ जीबासँग अन्तिम सन्देश लेख्न अनुमति मागेर लेखी सदाको लागि विदा हुनु,

## ५.५ सकस उपन्यासको कथानक तथ्याङ्कको विश्लेषण

प्रस्तुत उपन्यास जम्मा तीन चरणमा र ३०६ पृष्ठमा वितरित भएर कथानक व्यवस्थापन गरिएको छ । सकसमा कसको नोटबुक ? बाहेक ५७ वटा बिभिन्न उपशीर्षक राखी नवीनतम विविध कथावस्तुमा आधारीत भएको देखिन्छ । पूर्व दीप्ति शैलीमा समाज, इतिहास, राजनीति, कुटनीति, मायाप्रेमका विविधि सन्दर्भमा विसङ्गतिवाद, यथार्थवाद, आदर्शवाद र झीनो अतियथार्थवाद आदीका बीच कथानक समख्यान गरिएको पाइन्छ । छुट्टा-छुट्टै कथाहरुको संग्रहको भान हुने उपन्यासका उपशीर्षकको कथावस्तु वृत्राकारीय स्वरूपमा अन्तर सम्बन्धित रहेको पाइन्छ । कसको नोटबुक ? उपशीर्षकलाई अंकन गरिएको पाइदैन र उक्त उपशीर्षकलाई हेर्दा अन्य सम्पूर्ण उपशीर्षकको कथानक बीजव्याडका रूपमा प्रस्तुत गरेको प्रष्ट हुन्छ । यसर्थ चरणगत रूपमा उपशीर्षक संयोजन सहित माथि प्रस्तुत गरिएको कथानक तथ्याङ्कका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ ।

## चरण : एक

यस चरण अन्तर्गत पनि विभिन्न उपशीर्षकमा कथानक व्यवस्थापन गरिएको छ । कसको नोटबुक ? उपशीर्षक साथमा प्रश्नवाचक चिन्हको समेत प्रयोगले कुनै विषयमा कसैद्वारा तयार पारिएको नोट, टिपोट बुक छ भन्ने सङकेत गर्दछ । उक्त नोटबुकका सन्दर्भमा पञ्चायत कालदेखि महिला र बाल हिंसाका विरूद्धमा समाजसेवा गर्दै आएकी देबीजी नामक पात्रलाई पीडित बेपत्ता महिलाले दिएको र त्यो कसैलाई पढ्न आग्रह गरे सँगै कथानक अगाडि बढेको छ । यसर्थ देबीजीले ती महिलाका बारेमा प्रस्ट पार्ने सन्दर्भमा कुमारी नेपालीको अवस्था, शरदसँगको माया प्रेम, शान्तिको जम्न र लालजस्ता पात्रको बलात्कारी शैलीका सन्दर्भमा चर्चा गरिएको छ ।

शैलुङ्मा जन्मिएको शरद नामको पात्र बुबाको कुकृत्यले आमासहित चरिकोट मावली गएर वस्नु र ट्रक ड्राइभरसँग आमाले विवाह गरे सँगै काठमाडौं जीबा जीमाको शरणमा पुगेको देखिन्छ । ड्राइभरले समेत धोका दिएपछि आमाले आत्महत्या गर्नु र धर्मपूत्रको रुपमा जीबा जीमाले शरदलाई हेरचार गरेका छन् । शरदले एस.एल.सी. पासगरी पत्रकारिता पढ्ने निर्णय गरी क्याम्पस भर्ना भएको देखिन्छ । क्याम्पसमा विभिन्न राजनैतिक चक्रजालको मारमा रूमलिएको देखिन्छ । वि.स. २०४६ पछि देशभक्त नभइ सत्ता र भत्तारूपी दलको जन्म हुने गरेको जीबाले प्रष्टयाएका छन् ।

कुमारी स्टाफ नर्स बन्नु र शरदले पत्रकारितामा डिप्लोमा पासगरी पत्रकार बन्ने सँगै एक अर्का प्रेम प्रणयका साथ बैवाहिक जीवन निर्वाह गर्न थालेको देखिन्छ । जीबा र जीमाको शरणमा छोरा बुहारीको रूपमा बसिरहेका उनीहरुले जीमालाई गुमाउनु र जीबा पनि कमजोर बन्दै गएको देखाइएको छ । जीबाले आफ्नो अन्तिम अवस्थामा शरदलाई आत्मा वृतान्त सुनाउदै जानु र शरदले रेकर्ड गर्नु । उक्त क्रममा जीबाले जात र संस्कृतिक, पृथकता, ढिकुराको पुजागर्ने उत्तराधिकारीको महत्त्व, बाले दरवारीय पण्डित बनाउन जीवालाई तीनधारा पाठशाला पुऱ्याउदाको चर्चा, कली र नेपालको राजनैतिक सङक्रमणका सन्दर्भ, काँशीयात्रा र विभिन्न व्यक्तिहरुसँग को भेट जस्ता विभिन्न विषयका आत्म संस्मरण बताउदै गएको प्रसङ्गमा कथानकको संरचना गरिएको छ ।

त्यसैगरी भारतमा अङ्ग्रेज र नेपालमा राणा र राजाको निरङ्कुसता राजबन्दीहरुको व्यथा, कथा, जयतु संस्कृतम् आन्दोलन, नेपाल अंग्रेज युद्ध पृथ्वीनारायणको एकीकरण

अभियान, शतिप्रथा र त्यस पछिका राजमहाराजाहरुको विलाशी जीवनशैली र अन्तर सङ्घर्ष आदि विभिन्न तीता मीठा सन्दर्भका कथा भन्दै जानु र शरदले बीच बीचमा प्रश्न गर्दै सोध्ने गरेको देखिन्छ ।

प्रस्तुत कथानकलाई विश्लेषण गर्दा उपन्यासमा पताका र प्रकरी उठान प्रशस्त देखिन्छ । यो चरणमा खासगरी शरद र कुमारीको बाल्यकालीन जीवन देखी प्रेम जीवनलाई रोचक पारामा प्रस्तुत गरिएको छ । अर्कोतर्फ देशको बर्तमान राजनैतिक अस्थिरता र व्यथितीमा विभिन्न राजनैतिक दल र व्यक्तिहरुको वास्तविकता प्रस्तुत गरिएको छ भने राणा र राजामहाराजाहरुको कार्यशैलीको ऐतिहासिक संक्षेपीकरण गरिएको छ ।

## चरण दुई

यस चरणको कथानक बोधदादा, बीपी र जीबा काठमाडौं जाने सन्दर्भमा खुर्कोटमा वासबस्न पुगेको प्रसङ्ग देखी फूलवाली जीमा सँगको जीबाको प्रेम प्रणय सम्म फैलिएको छ । बीचमा विभिन्न आख्यान र उपाख्यानहरुलाई हेर्दा जीबा आफ्नो घर पुग्नु र परिवारले राजनीति त्याग्न आग्रह गरेको देखिन्छ तर बाको मृत्यु पछि सबै घरव्यवहार भाइलाई जिम्मा लगाई जीबा काठमाडौं लाग्दछन् । नरेश र बद्रीलाल सहित राणा शासन पल्टाउन कलकत्ता जानु र पुष्पलाल सँगको भेटले कम्युनिष्ट विचारमा लाग्नु । पछि बीपीसँग भेट भएपछि पून समाजवादको पक्षधर भएको भनी जीबन रूपी पाठशालको ठूलो अनुभव कलकत्ता भएको सन्दर्भ उल्लेख गर्नु ।

वि.स. २००७ सालको क्रान्ति र मुक्तात्मा भन्ने कम्युनिष्ट विचारकको चर्चा गरेको पाइन्छ । रणबहादुरले कान्तावतीको मृत्युपछि बैद्यहरूप्रति देखाएको क्रुर दानवीय प्रवृतिको चर्चा छ । तत्कालीन शाहहरूको एकाधिकारले जात परिवर्तन, कार्वाही, मौजात वितरण तथा दर्जा उपाधी प्रदान गर्ने स्वेच्छिक निर्णयको चर्चा गरिएको छ । काठमाडौंमा विफरको महामारी फैलिए सँगै त्यस्ता परिवारलाई चारभञ्ज्याङ्ग कटाउने आदेश गर्नु र उक्त क्रममा विभिन्न परिवारको विचल्निको चित्रण मार्मिक ढङ्गबाट प्रस्तुत गरिएको पाइन्छ । तत्कालीन द्वारे र बीर्ताबारको व्यवहारको समेत चर्चा परिचर्चा भेटिन्छ ।

बद्रिलाल कम्युनिस्ट विचारधारमै रहनु, मालेमावाद र प्रचण्डपथ प्राप्तसँगै सम्पन्नता प्राप्त गरेको व्यङ्ग्य प्रहार गरिएको छ । राजा त्रिभुवनको २००७ सालमा भारत शरणार्थी भएर जानु र ज्ञानेन्द्रलाई राजा बनाएको प्रसङ्ग उल्लेख छ, भने नेपालका विभिन्न वर्गमा

विभाजन भएका राणाहरुसँग फुटको चर्चा समेत गरिएको छ । काङ्ग्रेसको नेतृत्वमा राणाशासन ढलेको सन्दर्भ उल्लेख छ । २०१७ सालमा पञ्चायती व्यवस्था र नेताहरूको सर्वस्वहरण सहित जेलनेल पूर्ण जीवन यापन गर्नु र महेन्द्रवाद र पञ्चायती व्यवस्थामा लाग्न आग्रह गर्नु सङगै जीबा समेत पञ्चायती व्यवस्थामा लागेर मन्त्रीसमेत बनेको सन्दर्भ उल्लेख आख्यानमा देखिन्छ । तत्कालीन ब्राह्मणवाद र ब्राह्मण परिवारका बुहारीप्रति हेर्ने दृष्टिकोण र व्यवहार समेत छर्लङग पारिएको छ ।

आख्यानलाई थप अगाडि बढाउने क्रममा जेठ १९ को राजदरबार हत्याकाण्ड र विभिन्न व्यक्ति-व्यक्तित्वहरूको समालोचनात्मक आलोचना प्रस्तुत गरी दरवार सँधै तरबाररूपी भएको कुरा उल्लेख गरिएको छ । हरिवंश बाजेले सपनामा यमलोक पुगेको सपना देख्नु र रण बहादुरले यमराजसँग नेपालमा गई पुनः शासन गर्ने इच्छा जाहेर गरेको स्वैरकल्पनात्मक आख्यान व्यक्त गरिएको छ । मन्त्री भए पछिको खलनायकी व्यवहार र परिवार सुखको कथा बताउँदै जीबा यो लोकबाट विदा हुन र आफ्नो छोरा छोरी समेत संस्कार पूरागर्न आउन नभ्याएको सन्दर्भ उल्लेख छ। सुन्दर र सुनिता विलासी बन्दै जानु र जेठी जीमाको मृत्युपछि जीबा एक्लो बन्न पुग्नु त्यसै सन्दर्भमा फूलवाली जीमा सँगको भेट, पिरती र दाम्पत्य सुख सन्दर्भको रोजक कथानकमा यो चरणको अन्त्य गरिएको छ ।

विशेषतः नेपालको राणाकाल, राजतन्त्र, पञ्चायती व्यवस्था र नेपाली काँङ्ग्रेसले गरेको क्रान्तिलाई आख्यान स्वरूप दिइएको छ । त्यसैगरी राजा-महाराजाहरुको विलाशी जीवन र कुकृत्यको नाङ्गो यथार्थ समेत देखाइएको छ । समसामयिक राजनैतिक घटनाक्रम, राजदरवार हत्याकाण्ड र गैर जिम्मेवार प्रतिकियाका सन्दर्भमा घुमाउरो व्यङ्ग्य छ । बद्रीलाल जस्ता पात्रलाई देखाई नक्कली कम्युनिष्ट छद्मले राष्ट्रको नभइ व्यक्तिको स्वार्थपूर्ति गरेको सन्दर्भ समेत उल्लेख छ । जीबाको बृद्ध अवस्थाका विभिन्न भौतिक र मानसिक पारिवारिक द्वन्द्वपूर्ण दुःख-कष्टको तीतो यथार्थ प्रस्तुत गरिएको छ । त्यसैगरी फूलवाली जीमाको एक्लो जीबन र जीबाको अवस्थालाई संयोजन गरी बृद्धा अवस्थामा समेत प्राकृतिक प्रेमको जड देखाउने प्रयत्न गरिएको छ । जीबाले सपनामा रणबहादुर शाहले यमराजसँग गरेको बिन्ती र चित्रगुप्तको आदेश स्वैरकल्पनात्मक रुपमा प्रस्तुत गरी झिनो अतियथार्थता समेत प्रस्तुत गरिएको देखिन्छ ।

**चरण : तिन**

जीबाको मृत्यु पछि काठमाण्डौ बस्न शरद र कुमारीलाई मन नलाग्नु र रामेश्वर सर मार्फत मन्थलीमा जागिर पक्का गरी त्यतै लागेको प्रसङ्ग साथ चरण तीन आरम्भ गरिएको छ । राष्ट्रिय पञ्चायतका अध्यक्षलाई रामेछापमा गरेको बेइज्यती, राजा बीरेन्द्रको सवारी, छेरूवाको पहिरो, २०४५ सालको भूकम्प र सदरमुकाम मन्थली सरेको यथार्थ घटनामा आधारित आख्यान प्रस्तुत गरिएको छ । त्यसैगरी मन्थली पुग्दा माओवादी युद्ध देश भरी चरममा पुग्नु र सर्वसाधारण, कर्मचारी सेना-प्रहरी सम्पूर्णको सकसपूर्ण दिनचर्याको वास्तविकता झैं प्रस्तुत गरिएको देखिन्छ ।

दोरम्बा हत्याकाण्डसँगै बल्दैगएको चरम द्वन्द्वले शरद, केशव सर र रामेश्वर सरलाई दुवैतर्फको धाक धम्की र यातनाले ठूलो दरारमा फसाएको तीतो सत्यपूर्ण कथानक उल्लेख छ । कमरेड आकाश, सागर, बारुद र अन्य स्थानीय माओवादी नेताकार्यकर्ताको चन्दा आतङ्क सङ्केत स्पष्टताका साथ वर्णन गरिएको पाइन्छ । माओवादीका विभिन्न राजनैतिक गतिविधि, जनसरकार गठन, अपहरण, कारवाही र नरवली प्रथाको कहाली लाग्दो घटना वर्णनको चर्चा परिचर्चा समेत गरिएको छ ।

शदर काठमाडौँ जाँदा सेनाको अपहरणमा परी कष्टपूर्ण जेल जीबन यापन गर्दाको घटना र कुमारीको न्यानो प्राकृतिक प्रेमको रिक्तताले आत्माकेन्द्रित बन्दै गएको देखाइएको छ । काठमाण्डौ जेलमा विभिन्न व्यक्तिहरूको भेट र यातना पछि रामेछाप जेल चलान र छुट्कारा पाउँदा समेत निस्सारता महसुसगरी जीवनप्रति हार खाएको विसङ्गतिपूर्ण चर्चा गरिएको छ । बिभिन्न उपचार र फुकफाकले समेत शरदलाई रोग निको नहुनु र अर्को तर्फ माओवादीले सेनाको सुराकी गर्न कारवाही नगरी छोडेको आरोप र आशङ्काले मन्थलीको बसाईमा थप सकस पैदा भएको देखाईको छ ।

शरद कुमारीको जनकपुर जाने निर्णय, मिथिला र मण्डलजी सँगको भेटले जागिरको बन्दोवस्त भएको देखाईएको छ । वि.स २०६३ मङ्सीर ५ मा शान्तिको जन्म हुनु र इतिहास सम्बद्ध विभिन्न राजनैतिक घटनाक्रमले राज्य व्यवस्थामा परिवर्तन ल्याउनु साथै माओवादीसँग विस्तृत शान्ति सम्झौता भएको तथ्य उल्लेख गरिएको छ । तर विस्तारै विभिन्न जातीय र क्षेत्रीय दङ्गा भड्कदै गएको समसामयिक यथार्थता प्रस्तुत गरिएको छ । मधेस आन्दोलन चर्कनु र शरद र कुमारीलाई बस्न सहज नभई काठमाडौँ जाने सन्दर्भ उल्लेख छ, तर कुमारीले मधेसमा आफ्नो पनि अधिकार रहेको भनी सोको खोजी गर्ने सन्दर्भ व्यक्त गरेकी छन् ।

शरदको मनस्थितिमाा जीबाको साक्षात्कार गर्न भनी कालिबाबासँग भेट गरी उनकै सतसङ्गमा लागेको र बाबाले दिएको मन्त्र जपी जीबाको साक्षातकारमा लीन हुन लागेको सन्दर्भ व्यक्त छ । उक्त सिद्धि मुक्तिमार्गमा बाबाले दिएको मन्त्रको प्रभाव बढै गई अग्निवर्णको कथामा मद्यपान र यौनमा लीन भए झैं नेताहरू सत्तालिप्सा भएर सिहदरवारमा टाँसिएको जीबाले बताएको प्रसङ्ग उल्लेख छ । जनकपुर बस्न असहजै भए पछि कुमारी अफिसको आपतकालिन काम सिध्याएर टिकट लिएर आउछु भनी हिड्ने उक्त मौका पारी चिठी लेखेर छोडी छतमा गई जिबाको आह्वान गरी आकास तर्फ उडी सिंहदरबार तर्फ घुम्ने प्रसङ्गको झीनो अतियथार्थवादी झलक प्रस्तुत गरिएको छ । नेपालका राजनैतिक शक्तिको उदय र विलयको सत्तालिप्सा हेर्न जिल्ला भ्रमण गरे सँगै शरदको अनुहारमा आएको अँध्यारो, अशान्ति र सम्पूर्ण घना मेघ हटी शान्ति छिट्दै आउने र शान्तिकै भविष्य भएको सन्देश प्राप्त गरी उपन्यासको कथानक अन्त्य गरिएको छ ।

## ५.६ निष्कर्ष

नेपालको अतित र वर्तमानका राजनैतिक, सामाजिक र प्रेमजीवनका विविध सन्दर्भलाई आख्यानको रुप दिएको सफल उपन्यासको रुपमा सकसलाई प्रमाणित गर्न सम्भब छ । विशेष गरी यथार्थवादी पृष्टभूमिमा स्वैरकल्पना र झीनो अतियथार्थवादको प्रयोगले उपन्यासलाई थप उचाइमा पुऱ्याएको छ । उपन्यासमा सामाजिक, आर्थिक, राजनैतिक र मनोवैज्ञानिक विसङ्गतिको सफल प्रस्तुति समेत रहेको पाइन्छ । यसर्थ विभिन्न उपशीर्षक योजनामा भिन्न-भिन्न आख्यानको प्राकृतिक पृथक रसास्वदन गर्न पाठक अल्मलिने स्थिती जस्तो देखिएता पनि गहन अध्ययनले हेर्दा एउटै साङ्लोमा अनुबन्धिन भएको आख्यानयुक्त कृतिका रुपमा बुझ्न सकिन्छ ।

सकस वास्तवमा रौद्रता, विभत्सता र करुणाको त्रिवेणी भित्र नेपाली सामाजिक अनैतिकपन, सत्तालोलुप षड्यन्त्र, हत्या, हिंसा, शोषण, यौनदुराचार जस्ता विभिन्न पक्षहरुलाई समेटी सफल आख्यानको प्रतिरुप प्रदान गरिएको उपन्यासको रूपमा रहेको छ । लैङगिकता, जातियता र क्षेत्रीयताका सवालमा मूल आख्यानका साथ उपाख्यान समेतको सहज व्यवस्थापन गरिएको सफल उपन्यासको सीमामा पर्ने सामाजिक, राजनैतिक र ऐतिहासिक घटनामा आधारित यथार्थवादी उपन्यास हो भन्न सकिन्छ । नेपालको इतिहासदेखि विभिन्न सन्दर्भमा शान्ति प्राप्त गर्न भएका सङ्घर्षहरु र त्यो प्राप्त नभैसकेको

व्याङ्ग्यात्मक प्रस्तुति समेत पाइन्छ । विभिन्न मिथक र बिम्बहरको प्रयोग गरी समसामयिक सन्दर्भ र प्राचिन सन्दर्भलाई एकैठाउँ अन्तरमिश्रण गरी कथानकको ओज प्रदान गर्न खोजिएको पाइन्छ ।

सकस पूर्व दीप्ति शैलीमा प्रस्तुत गरिएको उपन्यास भएकाले र बृतकारीय संरचनाले केही जटिलता प्रदान गरेको छ । कथानकलाई बुझ्न उपशीर्षकगत व्यक्तिरुपमा पाठक सफल भएको अनुभूति गर्न खोजिए पनि समग्र उपन्यास प्रति न्याय नहुने देखिन्छ । कथानकमा बिभिन्न खाले सकसै सकसको भण्डारण छ । उक्त सकसपूर्ण उपन्यासमा पत्ताका र प्रकटीहरु छरिएको अवस्थामा पनि अन्योन्याश्रित रहेको देखिन्छ । यसर्थ नवीन बान्किको सफल यथार्थ कथानक युक्त उपन्यासको श्रेय प्राप्त गर्न सकस सफल देखिन्छ ।

## अध्याय छ

# सकस उपन्यासको चरित्रको विश्लेषण

## ६.१ पृष्ठभूमि

उपन्यासमा कथानकलाई अघि बढाउन पात्र वा चरित्रले सम्बाहक काम गर्दछन । पात्र वा चरीत्रबिना कथावस्तु अघि बढ्न सक्दैन । पात्रका रूपमा मानव र मानवेतर प्राणीलाई लिने गरिएको पाइन्छ । पात्र वा चरित्रका माध्यमबाट समाज, संस्कृति रहन सहन, रीतिरिवाज आदिको चित्रण सम्भव हुन्छ । अथवा पात्र वा चरित्रले सामाजिक, सांस्कृतिक, ऐतिहासिक आदि पक्षको प्रकटीकरणका लागि सहयोगीका रूपमा काम गर्दछ, साथै मान्छेका विभिन्न प्रवृत्तिको उद्घाटन समेत गर्दछ ( भण्डारी र अन्य २०६६: (पृ १८१ ) ।

कुनै पनि आख्यानात्मक कृतिमा चरित्रको अहम् भूमिका रहन्छ । आख्यानलाई गति प्रदान गर्ने काम कथानकक्ले गर्दछ । त्यसैले पनि चरित्रलाई उपन्यासमा महत्वपूर्ण आधार उपकरणको रूपमा हेरीन्छ । चरित्रलाई पनि कतै पात्र र कतै क्रियाकलाप र कार्यव्यापार आदिका नामबाट समेत चिनिन्छ ।

चारित्रिक क्रमबद्धता नै उपन्यास निर्माणको सवभन्दा ठूलो समस्या हो । मानवको समस्या र समाजलाई बुझ्ने प्रमुख आधार पनि चरित्र नै हो । मान्छेका शाश्वत सत्यलाई उद्घाटन गर्ने पक्षहरूपनि मान्छेका चरित्रमै उद्घाटित भएका हुन्छन । उपन्यासको आयतन भित्र सिङ्गो मानव सभ्यता चरित्रचित्रणकै आधारमा परिभाषित भएको हुन्छ ( सुवेदी २०६४:पृ २३) ।

कथामा पाइने ती व्यक्तिलाई चरित्र वा पात्र भनिन्छ । जो वैज्ञानिकता र अभिवृत्ति गुणले युक्त हुन्छन ( शर्मा २०५५: पृ ३९५ )

उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । ( बराल र एटम २०५६:३० )

उपन्यासलाई जीवन्तता प्रदान गर्ने सन्दर्भमा कथानक अनुरुप चरित्रको उपस्थिति गराइएको पाइन्छ । पात्र वा चरित्र पनि विभिन्न प्रवृति वा स्वभावका हुन्छन् । यसरी हेर्दा

पात्रहरु उपन्यासमा कोही दृष्य रुपमा उपस्थित भएका हुन्छन् भने कोही अदृष्यरुपमा सार्थकता प्रदान गर्न उपस्थित भएका हुन्छन् । मानवीय मानवेतर पात्र होस वा लौकिक-अलौकिक पात्रहरु जुन रुपमा भएपनि तिनीहरुको स्तर, क्षमता र परिस्थिति अनुसारको कार्यव्यापार भएको हुनुपर्दछ । यसर्थ पात्रहरुको कथानक अनुरुप जीवन्त चरित्र चित्रण हुने गरी उपस्थिथि गरिएमा उपन्यास सार्थक, विश्वासनीय र कालजयी बन्न पुग्दछ ।

## ६.२ पात्र वा चरित्रको शैलीवैज्ञानिक वर्गीकरणका आधारहरु

कुनै पनि आख्यानात्मक रचनामा जीवन्तता प्रदान गर्न उपस्थित पात्रहरुको विश्लेषण गर्ने आधार वा पद्धतिहरु बिभिन्न हुने गर्दछन् । आख्यानात्मक कृतिका पात्रहरुको शैलीबैज्ञानीक बर्गीकरण गर्ने क्रममा लिङग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना आसन्नता र आवद्धता गरी सात आधार अघि सार्न सकिन्छ । ( शर्मा, २०४८:पृ.१७४-१७६) प्रस्तुत आधारहरु भित्रका उपआधारहरु सहित निम्नानुसार सङक्षिप्त चर्चा गरिएको छ -

### ६.२.१ लिङ्ग

पात्रहरुको शैलीवैज्ञानिक वर्गीकरणका आधारहरु मध्ये लिङ्ग पनि एक हो । उपन्यासमा नायक-नायिका सहनायक सह-नायिका, खलनायक-खलनायिका आदि रुपमा कृतिमा पात्रहरु उपस्थित हुनछन र नाम कार्य स्वभाव, स्वरुप, व्यवहार आदी फरक-फरक हुनेगर्दछ सोही आधारमा पात्रको लिङग छुट्याउन सकिन्छ । हुनत आजभोली तेस्रोलिङ्गी सवाल सँगसँगै आख्यानात्मक कृतिका पात्रहरुको उपस्थिति र व्यवहार उक्त सीमामा सीमित गरी वर्गीकरण गर्न गाह्रे देखिन्छ । सामान्यतया आख्यानात्मक कृतिमा प्रयोग भएका पात्रको शारीरिक जात छुट्याउने आधार लिङ्ग मानी पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई भेदमा वर्गीकरण गरिएको पाइन्छ ।

### ६.२.२ कार्य

कृतिमा सबै पात्रको भूमिका समान रहन सक्दैन । उपन्यास भित्रको अन्तरपात्रीय समाजमा केही पात्रहरु प्रमुख भूमिका साथ देखा पर्दछन् भने केही सामान्य र सहायक खालका हुन्छन् । प्रमुख भूमिकाका पात्रहरु बढी सक्रिय साथ सुरुदेखी अन्त्यसम्म उपस्थित हुन्छन् । सहायक र गौण पात्रहरु मुख्य पात्रको कार्यलाई सहयोगी भूमिका निर्वाह गर्न

अस्थाई रुपमा उपस्थित भएका हुन्छन् । कुनै पनि पात्रको नाम वा सर्वनामको पुनरावृतिसाथ भूमिका बढी हुन्छ त्यो पात्र नै प्रमुख पात्र हो । सामान्यतया आख्यानात्मक कृतिमा कार्य वा भूमिकाका हिसाबले प्रमुख सहायक र गौण पात्र गरी तीन प्रकारले वर्गीकरण गर्ने गरिन्छ ।

## ६.२.३ प्रवृत्ति

उपन्यासले सिङ्गो समाजको प्रतिबिम्बन गर्ने हुनाले त्यसमा निहीत कथानकलाई चलायमान बनाउन विभिन्न चरित्रको उपस्थित गराउनु पर्दछ । सबैपात्र सत् (असल) र सवै असत (खराब) नै हुन्छन् भन्ने छैन । त्यसैले विभिन्न प्रवत्तियुक्त पात्रहरु उपन्यासमा रहेका हुन्छन् ।

प्रवृतिका आधारमा आख्यानका पात्रहरुलाई अनुकूल र प्रतिकूल गरी वर्गीकरण गर्न सकिन्छ । सकारात्मक भूमिका निर्वाह गर्ने नायक नायिका अनुकूल पात्र अन्तर्गत पर्दछन् भने नकारात्मक भूमिका निर्वाह गर्ने खलनायक /खलनायिका प्रतिकूल पात्र अन्तर्गत पर्दछन् । आख्यानमा निर्वाह गर्नु पर्ने भूमिकामा अनुकूल पात्रहरुको विचार, भाव, कार्य, भाषा, आदि सकारात्मक देखिन्छ भने अनुकुल पात्र हुन तर प्रतिकूल पात्रहरुको उक्त व्यवहार नकारात्मकता तर्फ प्रवृत्त भएका हुन्छन् ।

## ६.२.४ स्वभाव

उपन्यासको मूल कथानक वा पताका र प्रकरीमा रहेका आख्यान अनुरुप गरिएको कार्य र घटनावली एकै प्रकारका हुदैनन् । कृतिमा परिवेश र आख्यानात्मक घटनाहरुको परिर्तनका सापेक्षतामा कतिपय पात्रहरुको स्वभाव परिवर्तन हुदै जान्छन् भने कतिपय पात्रहरुले स्थिर रुपमै आफ्नो व्यवहार प्रदर्शन गर्दछन् । यसर्थ परिस्थिति र परिवेश अनुसार स्वभावमा परिवर्तन ल्याउने र नल्याउने आधारमा पात्रहरुलाई स्थिर र गतिशील गरी दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ ।

## ६.२.५ जीवन चेतना

आख्यानमा उपस्थित पात्रहरुको व्यवहार वा कार्यशैलीलाई महत्वपूर्ण साथ हेरिन्छ । कुनै पात्रहरू सामाजिक स्वभाव र परजनको हितका निमित्त आफूलाई समाजको

प्रतिनिधिमूलक पात्रको रुपमा स्थापित गर्दछन् भने कुनै पात्रहरु निजी व्यवहार र कार्यशैलीका साथ आफूलाई समाजभन्दा परै राखेका हुन्छन् । यसर्थ जीवनचेतनाका दृष्टिले सामाजिक वर्गको प्रतिनिधित्व गर्ने र नगर्ने आधारमा वर्गगत र व्यक्तिगत गरी दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ ।

### ६.२.६ आसन्नता

उपन्यासमा प्रयुक्त पात्रहरुमध्ये केहीको प्रत्यक्ष वर्णन वा दृष्यात्मक उपस्थिति रहन्छ भने केहीको परोक्ष वर्णन वा नेपथ्य (अदृष्य) उपस्थिति रहन्छ । यसरी हेर्दा आख्यानलाई सार्थक बनाउन कतिपय पात्रहरु मञ्चीय भूमिकामा रहन्छन भने कतिपय नेपथ्यबाटै आफ्नो कार्य मञ्चीय र नेपथ्य गरी दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ ।

### ६.२.७ आवद्धता

उपन्यासको कथानकसँग पात्रको सम्बन्ध के -कस्तो रहेको छ भनी निरुपण गर्ने उपकरण आबद्धता हो । पात्रहरुको भूमिका, कार्य र महत्वलाई मूल्याङ्कन गरी कृतिगत उद्देश्य केन्द्री हिसावले समान रहँदैन । यसर्थ उपन्यासको पूर्णता, सार्थकताका लागि जुन पात्रलाई अलग गराउँदा कथानकले पूर्ण गति नलिई कुँजो बन्दछ, त्यस्ता पात्रहरू बद्ध पात्र हुन । केही पात्रहरुको उपस्थिति बद्ध पात्रहरुको भूमिका, कार्य र महत्वलाई सहयोगी भूमिका निर्वाह गर्ने तर त्यस्ता पात्रहरुको उपस्थिती विनापनि उपन्यासले गति प्रदान गर्न सक्छ, भन्ने आधारमा त्यस्ता पात्रहरुलाई मुक्त पात्र भनिन्छ । यसर्थ आबद्धताका आधारमा पात्रहरु मूक्त र बद्ध गरी दुई प्रकारका हुने गर्दछन् ।

## ६.३ सकस उपन्यासका पात्रहरुको शैलीवैज्ञानिक अध्ययनमा

सकस विभिन्न उपशीर्षकका साथ मूल आख्यान र उपाख्यानमा अनुबन्धित बृहत किसिमको उपन्यास हो । विषयवस्तु, परिवेश र घटनाक्रमका हिसावले विविधता रहेको हुनाले पनि बहल पात्र संयोजन गरिएको देखिन्छ । पूर्व दीप्ति शैलीमा प्रस्तुत गरिएको र जीबाको सकसपूर्ण आत्मसंस्मरण सुनाइएको सन्दर्भ साथै नायक र नायिकाको भूमिकामा शरद र कुमारीलाई उभ्याएर प्रेम र जीवनको सार्थकताको खोजी सन्दर्भ बिडम्बनाहरुको धरातलमा रहँदा पात्रगत सीमितमा नै छ भन्न सकिन्छ । तर उपशीर्षक र सन्दर्भ परिवेशमा

रही महत्वपूर्ण भूमिकामा प्रमुख, सहायक र गौण रुपमा बहुल पात्र योजना निर्माणमा उपन्यासकार घिमिरे सफल नै रहेका छन् । अत्याधिक मानवीय पात्रहरुको उपस्थितिमा सहायक र गौण स्वाभावका पात्रहरु बढिनै भएता पनि कथानक अनुरुप सही व्यवस्थापन भएको हुनाले सकस उपन्यास अन्तरपात्रीय योजना निर्माणमा सबल र सफल नै रहेको पाइन्छ ।

सकस उपन्यासमा संयोजन गरिएका प्रमुख, सहायक र गौण पात्रहरुमा शरद,कुमारी, जीबा, देवीजी, शान्ति, बा, जीमा, बद्रीलाल बोध दादा,नरेश, सावित्रा,लाल, झा सर, आमा, ड्राइभर, सुसन, उर्मिला, दिपक, ठूले, दारिमबोटे, कागतिबोटे, माझी, घर्ती, क्षेत्री, कसाई, चुर्ने काइलो, कोइराला बाजे, रामप्रसाद पौड्याल, चन्द्र सम्शेर, भीमसम्शेर, कृष्णलाल, गान्ध, देवपुरुष, राजबन्दी, साम्बभक्त, पद्‌म शम्शेर, मोहन शम्शेर, ढोके, बीपी, सोमनाथ शर्मा, हेमराज पाण्डे, डिठ्ठा बाजे, मेघप्रसाद, केदारमान, पृथ्वीनारायण, बहादुर शाह, राजेन्द्र लक्ष्मी,दलजित शाह, स्वरुप सिंह, प्रतापसिंह शाह, कान्तावती, कुटुनी आमा, पण्डित दिननाथ, रामे पोडे, मुक्तात्मा, राजबैध, हाकुचा, कृष्णबाजे, कर्मलाल, लालमती, समैलाल, पण्डित विधाधर, गिरिजा, प्रचण्ड, तारानाथ रानाभाट, यमराज, चित्रगुप्त, सुन्दर, रश्मी, कुन्ता, उषा, विकास कोइराला नेपाली, धर्मलाल,पुष्पलाल, रामलाल, त्रिभुवन ढुङ्गेल , हरिवंश अधिकारी, अग्निप्रसाद, रामेश्वर शर्मा, केशव श्रेष्ठ , कमरेड आकाश, बारुद, पत्रकार, रामेश्वर चौलागाई, लीले कामी, गोपाल, रामे तामाङ्ग, दिदी , क्याप्टन प्रधान, डा.सुमन, अहमद, सुशील, सुनिता कार्की, पण्डित रामप्रसाद न्यौपाने, सेना, शिक्षक , युवराज तामाङ्ग, सागर, मिथिला, नरसिंह थापा, मण्डलजी आदि रहेका छन् ।

## ६.३.१ सकस उपन्यासका पात्रहरूहको शैलिवैज्ञानिक वर्गीकरण तालिका

तालिका नं.५

| क्र.सं | आधार | लिङ्ग | | कार्य | | | प्रवृति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्र | पुलिङ्ग | स्त्रीलिङ्ग | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | व्यक्तिगत | वर्गगत | नेपथ्य | मञ्च | वद्ध | मूक्त |
| १ | शरद | + | | + | | | + | | + | | | + | | + | + | |
| २ | कुमारी | | + | + | | | + | | + | | | + | | + | + | |
| ३ | जीबा | + | | + | | | + | | + | | | + | | + | + | |
| ४ | जीमा | | + | | + | | + | | + | | | + | | + | + | |
| ५ | देवीजी | | + | | | + | + | | | + | | + | | + | | + |
| ६ | शान्ति | | + | | | + | + | | | + | | + | + | | | + |
| ७ | लाल | + | | | | + | | + | | + | + | | | + | | + |
| ८ | बा | + | | | + | | + | | | + | + | | | + | | + |
| ९ | बोध दादा | + | | | + | | + | | + | | | + | | + | | + |
| १० | बद्रीलाल | + | | | | + | + | | | + | | + | | + | | + |
| ११ | कालीबाबा | + | | | | + | | + | + | | + | | + | | | + |

## ६.३.२ शैलीवैज्ञानिक वर्गीकरण तालिकाका आधारमा पात्रहरूको व्याख्या तथा विश्लेषण

### (क) शरद

सकस उपन्यासको प्रमुख पात्र शरद हो । उपन्यासमा आरम्भ देखि अन्त्यसम्म कथानकलाई चलायमान वनाउने प्रमुख जिम्मेवारी उसैमा रहेको छ । जीबा र जीमाको धर्मपुत्र झैँ देखिने र कुमारीको श्रीमान् तथा शान्तिको बुबा मानिने व्यक्तिको रूपमा रहेको छ ।

**पुरूष पात्र :** लिङ्गका आधारमा शरद पुलिङ्ग पात्र हो ।

**प्रमुख पात्र :** सकस उपन्यासका धेरैजसो उपशीर्षकका घटनाहरू तथा आख्यानहरू शरदकै केन्द्रीयतामा अगाडि वढेका छन । जीबाले आफ्नो आत्मावृतान्त सुनाएका घट्नाहरूलाई हेर्दा शरद ओझेल परेझैँ लाग्दछ तर आत्मवृतान्त शरदकै इच्छा र चाहना अनुसार व्यक्त भएको पाइन्छ । यसरी हेर्दा उपन्यासको सिङ्गो कथानकमा प्रत्यक्ष र परोक्ष शरदको भूमिका रहेको हुनाले पनि उसलाई प्रमुख पात्र मान्न सकिन्छ ।

**अनुकूल पात्र :** प्रवृतिका आधारमा सकस उपन्यासको शरद अनुकूल पात्र हो । बाल्यकाल देखि नै दुःख र कष्ट झेल्दै आएको र कुमारी सँग प्राकृतिक प्रेम गर्ने पात्रको रूपमा देखापरेको छ । सामाजिक, आर्थिक, राजनैतिक र पारिवारिक उत्पीडनले खग्रास बन्न पुगेता पनि उसको विचार, भाव, कार्य तथा भाषा सबै प्रायः सकारात्मक देखिन्छ ।

**गतिशील पात्रः** शरद उपन्यास भित्रका विभिन्न आख्यान र उपाख्यान परिवर्तनको सापेक्षतामा परिवर्तन हुँदै जान्छ । जीवन भोगाइका विसङ्गतिपूर्ण यथार्थतालाई वहन गर्दै शान्तिको चाहना स्वरूप कालिबाबाको सत्सङ्गमा लागी मृत जीबाको साक्षत्कार गर्नपुग्ने जस्ता स्वैरकल्पनात्मक प्रस्तुतिले समेत उसलाई गतिशील पात्र हो भन्न सकिन्छ ।

**वर्गगत पात्र :** शरद वास्तवमै आफ्ना परिवारबाट उपेक्षा र विछोड भई पराश्रित वन्न पुग्ने हरेक वाल वालिकाको प्रतिनिधी पात्र हो । त्यसैगरी हरेक दुःख कष्ट र विसङ्गति बीच पनि आफ्नो प्राकृतिक प्रेमलाई अमर राख्नु पर्दछ भन्ने विचारको प्रतिनिधित्व उसले गरेको छ । नेपालको विभिन्न समय र राजनैतिक परिवर्तनको दोहोरो चेपमा परि यातना भोग्न विवश

पात्र हो । समग्रमा भन्ने हो भने पारिवारिक विक्षिप्तता, आर्थिक विपत्ति ,आत्मिक वा प्राकृतिक प्रेम, द्वन्द्व पीडित आदि वर्गको प्रतिनिधि पात्र भएको हुनाले ऊ वर्गीय पात्र हो भन्न सकिन्छ ।

**मञ्चीय पात्र** : उपन्यासमा विभिन्न उपशीर्षक अन्तर्गत शरदले निर्वाह गरेको भूमिकालाई मञ्चीय रूपमा प्रस्तुत गर्न सकिन्छ । कालिबाबाको मन्त्र जप गरी जीबासँग साक्षत्कार भई आकाशमा उडेका स्वैरकल्पनात्मक घट्नालाई हेर्दा अत्याधुनिक रङ्गमञ्चको आवश्यकता पर्ने देखिन्छ । समग्रमा शरद मञ्चीय पात्र हो भन्न सकिन्छ ।

**बद्ध पात्र** : सकस उपन्यासको नायक शरदलाई झिकिदिदा उपन्यासले गति प्रदान गर्न सक्दैन अर्थात उपन्यास अपूर्ण हुने देखिन्छ त्यसैले पनि शरद वद्ध पात्र हो ।

(ख) **कुमारी**

कुमारी सकस उपन्यासको नायिका हो । शरदकी प्रेमिका वा श्रीमतिको भूमिकामा रहेकी पात्र कुमारी मधेशमूलकी एक महिलाले देवीजीको उद्दार गृहमा छोडी हुर्किएकी र पछि नर्स बनेकी देखिन्छे । ऊ उपन्यासको विभिन्न श्रृङ्खलामा महिला हिंसा सहन विवश शान्तिकी आमाको रूपमा देखापरेकी प्रमुख नारी पात्र हो ।

**स्त्री पात्र** : सकस उपन्यासको कुमारी शारीरिक जातका आधारमा स्त्री पात्र हो ।

**प्रमुख पात्र** : सकस उपन्यासका विभिन्न उपशीर्षकका घटनाक्रममा कुमारीको प्रमुख भूमिका रहेको पाइन्छ । कुमारी नामकै उपशीर्षक समेत राखेर उनको भूमिकालाई थप प्रभावकारी र आवश्यक देखाइएको छ । यसर्थ पनि कार्यका आधारमा कुमारी प्रमुख पात्र हो ।

**अनुकूल पात्र** : प्रवृत्तिका आधारमा कुमारी अनुकूल पात्र हो । शरदसँग को प्राकृतिक प्रेमलाई अमर वनाउन विभिन्न व्यवधानका विरुद्ध सङ्घर्षरत देखिन्छे । विभिन्न सन्दर्भमा महिला हिंसा र वलात्कारको सामना भोग्दै आएकी तथा शान्तिको बलात्कार समेतले विछिप्त बनेकी र त्यसको विरुद्धमा सङ्घर्ष गर्ने हिमम्त कसेकी अनुकूल चरित्रको भूमिकामा देखिएकी छ ।

**गतिशील पात्रः** उपन्यासको कथानक घटना र परिघटनाका विभिन्न श्रृङ्खलामा आफूलाई चलायमान राख्न सफल कुमारी स्वभावका आधारमा गतिशील पात्र हो । शरदसँगको प्रेमपूर्ण

जीवनलाई हेर्दा स्थिर वा गतिशील रहेको तर्क गर्न सकिएता पनि आपसी प्रेमजीवनमा तर्कपूर्ण सार्थकताको खोजी र सङ्घर्षले गतिशील नै ठहर गर्न सकिन्छ ।

**वर्गगत पात्र** : कुमारी महिला हिंसा र दमनमा परेका सारा नेपाली दिदीवहिनीहरूकी प्रतिनिधि पात्र हो । आर्थिक र सामाजिक रूपमा उत्पीडनमा परी विभिन्न दुःख र कष्ट सहनु पर्ने साथै अन्यायका विरुद्ध आवाज उठाउने हिम्मत गरेकी नारी वर्गको वर्गीय पात्र हो ।

**मञ्चीय पात्र** : उपन्यासको प्रमुख नयिकाको भूमिका निर्वाह गरेकी कुमारीको उपस्थिति प्रायः मञ्चन गर्न सक्ने अवस्थामा नै रहेको छ । कतिपय मानवीय र यौनिक अतिसंवेदनशील घट्नाक्रमलाई थप व्यवस्थित गरिएमा कुमारी पूर्णरूपमा मञ्चीय पात्र हो ।

**बद्ध पात्र** : सकस कथानक संरचना सन्तुलन गर्न कुमारीको उपस्थिति अनिवार्य देखिन्छ । उसलाई उपन्यासवाट हटाइदिदा उपन्यासको संरचना विग्रन्छ त्यसैले पनि कुमारी वद्ध पात्र हो ।

(ग) **जीबा**

सकस उपन्यासको अधिकांश आख्यान जीबाको आत्मसंस्मरणसँग सम्बन्धित भएको र उक्त आत्मासंस्मरण जीबा स्वयम्ले गरेको हुनाले उनलाई प्रमुख पात्रकै रूपमा देखिन्छ । हरिवंशका नामले समेत चिनिने जीबा शरद र कुमारीको संरक्षण, सुन्दर र रश्मिको बुबा तथा जीमा (सविता /फूलवाली) को श्रीमान्को रूपमा देखापरेका छन् । जीबाले आफ्नो बाल्यकालदेखि भोगेका र अनुभव गरेका ऐतिहासिक, राजनैतिक, आर्थिक, सामाजिक तथा पारिवारिक सकसपूर्ण यथार्थता प्रस्तुतिको केन्द्रियतामा उपन्यास अगाडि वढेको छ । त्यसैले पनि उनलाई उपन्यासको अभिन्न पात्रको रूपमा हेरिन्छ ।

**पुरूष पात्र** : जीबा लिङ्गको आधारमा सकस उपन्यासको पुरूष पात्र हुन ।

**प्रमुख पात्र** : जीबाको आत्मसंस्मरण पूर्व दीप्ति शैलीमा प्रस्तुत गरी कथानकलाई अगाडि बढाइएको हुनाले उनी उपन्यासको प्रमुख पात्रको रूपमा रहेका छन ।

**अनुकूल पात्र** : सकस उपन्यासको कथानकलाई हेर्दा जीबा राजनैतिक गतिविधिमा संलग्न हुनाले तथा विभिन्न आन्दोलन र क्रान्तिमा होमिएको आत्मसंस्मरणले असत वा प्रतिकूल

पात्र हुन भ्कैं महसुस भएता पनि उनको समग्र व्यवहार र भूमिका निरूपण गर्दा अनुकूल पात्रकै रूपमा उभिएका छन् ।

**गतिशील पात्र** : उपन्यासको आख्यानमा जीबाको बाल्यकालदेखि भोगेका र गरेका घटनावली प्रस्तुत गरिएको छ । उक्त आख्यान वा उपआख्यान अनुसार उनको स्वभावमा समेत परिवर्तन हुँदै गएको पाइन्छ । यसर्थपनि जीबा गतिशील पात्र हुन ।

**वर्गीय पात्रः** जीबा आफ्नो र परिवारको निजी स्वार्थ्यलाई त्यागी राष्ट्र र समाजका लागि समर्पित भएका छन् । जेल जीवन अन्त्यपछि पञ्चायतमा लाग्नु र मन्त्रि वन्ने स्वथ्यपूर्ण व्यवहारले व्यक्तिगत चरित्रको निजी स्वार्थ्य वोकेको पात्रको रूपमा प्रस्तुत गर्न खोजेपनि समग्र उनको जीवन चेतना वर्गीय स्वभावकै छ ।

**मञ्चीय पात्रः** धेरै उपशीर्षकगत कथानक जीबाको आत्मसंस्मरण प्रस्तुतिसँग सम्बन्धित भएकाले मञ्चन सहज देखिन्छ । सपना देखी चित्रगुप्त र यमराज सँगको भेटमा पुग्नु तथा मृत्यूपछि आकाशमा उडेर देश दौडाहामा हिड्नु जस्ता स्वैरकल्पनात्मक प्रस्तुति मञ्चीय रुपमा जटिलता श्रृजना गर्ने आधार हुन । समग्रमा जीबा मञ्चीय पात्र नै हुन ।

**वद्ध पात्रः** जीबालाई सकस उपन्यासबाट अलग्याइदिने हो भने समग्र उपन्यासको संरचना नै खलल हुने हुनाले ऊ यो उपन्यासका वद्ध पात्र हो ।

(घ) **जीमा**

सकस उपन्यासमा सहायक पात्रको रूपमा देखापरेकी छन् जीमा । जीबाको कान्छी श्रीमति र शरद कुमारीको संरक्षक आमाको भूमिकामा छन् । सन्तोष नामको दलितसँग विवाह गरी उसको मृत्यु र छोरो विकासको विदेश पलायन पछि एक्लो वनेकी हुनाले जीवन गुजारा गर्न पशुपतिमा फूल बेच्न लागेको कुरा उल्लेख छ । तीनै सविता वा फूलवाली जीबासँग को विवाहपश्चात जीमा वनेकी देखिन्छिन ।

**स्त्री पात्र** : सविता फूलवाली तथा जीमाका रूपमा परिचित उनी सकस उपन्यासको स्त्री लिङ्गी पात्र हुन ।

**सहायक पात्र** : उपन्यासमा जीमा बनिसकेपछिको सन्दर्भ र त्यो पूर्वको सविताको जीवनका घट्नासँग जोडेर दीप्ति रूपमा आख्यान प्रस्तुत गरिएको छ । फूलवाली नामवाट समेत

उपशीर्षक योजना गरी विभिन्न कथानक घट्नाक्रमको सहयोगी भूमिका निर्वाह गरेको हुनाले कार्यगत रूपमा सहायक पात्रको रूपमा देखिन्छ ।

**अनुकूल पात्र :** कथानकभित्र जीमा नकारात्मक भूमिकामा कतै पनि देखिएकी छैनन् । सीधा र सकारात्मक सोचका साथ हरेक प्रकारका मानवीय संवेदनायुक्त सुख दुःखमा साथ र सहयोग गरेकी छन । त्यसैले पनि जीमा अनुकूल पात्र हुन ।

**गतिशील पात्र** : सकसको कथानकमा सविताको जीवन र सन्तोष सङ्गको सम्वन्ध, फूलवाली हुँदाको चिन्तन र जीवासँगको भेट तथा प्रणयपछिको जीवनमा खेलेको भूमिकालाई हेर्दा उनको स्वभाव गतिशील छ ।

**वर्गगत पात्र** :कथित दलित उपेक्षित वर्ग, एकल महिलाको मार्मिक जीवन र वृद्धअवस्थाको व्यथितियुक्त र्मम भोगेका आमाहरूको वर्गको प्रतिनिधित्व गरेको हुनाले जीमा वर्गीय पात्र हुन ।

**मञ्चीय पात्र** : पूर्व दीप्ति भित्र पनि प्रत्यक्ष संवाद र कार्यव्यवहार प्रदर्शन गरेको भूमिका भएकाले मञ्चीय पात्र को रूपमा वर्गीकरण गर्न सकिन्छ ।

**बद्ध पात्र** : जीवाको जीवनसँग जोडिएका पछिल्लो जीवनभोगाइका घटनाहरू र जीमा हुनु पूर्वका सविताका घट्नायुक्त तीता यथार्थलाई हटाउँदा उपन्यासको पूर्णता प्राप्त गर्न सक्दैन त्यसैले जीमा बद्ध पात्र हुन ।

(ङ) **देवीजी**

महिला र वालहिंसा विरुद्धमा कामगर्दै आएकी समाजसेवी पात्र र कसको नोटवुक ? उपशीर्षकको नायिका हुन देवीजी । समग्र उपन्यासको कथानक सार भएको उक्त उपशीर्षकमा कुमारी र शान्ति जस्ता पात्रको उद्दार गर्ने सचेत नारी पात्र हुन ।

**स्त्री पात्र** : लिङ्गका आधारमा सकस उपन्यासमा देवीजीलाई स्त्री पात्रको रूपमा लिइन्छ ।

**गौण पात्र** : कसको नोटबुक उप शीर्षकको भन्दा अन्य सन्दर्भमा उपस्थिति नभएको हुनाले उनलाई गौण पात्रको रूपमा हेरिन्छ तर समग्र उपन्यासको सार संक्षेपको केन्द्रियताको प्रतिनिधित्व उक्त उपशीर्षकमा नै रहेको हुनाले उनको सहायक भूमिका रहन्छ भन्ने तर्क पनि गर्न सकिन्छ ।

**अनुकूल पात्र :** प्रवृतिका हिसावले देवीजीको भूमिका अनुकूल देखिन्छ । उनी स्वयम वाल र महिला हिंशा विरुद्धमा काम गर्ने समाजसेवीका रूपमा रहेकाले पनि कथानक अनुकूल भूमिका रहेको छ ।

**गतिहीन पात्र :** सुरुको उपशीर्षकमा प्रस्तुत कथानक र अन्य कथानकमा उनको स्वभाव एकै किसिमको देखिएको हुनाले उनी स्थिर पात्र हुन ।

**वर्गगत पात्र :** देवीजी समग्रमा निस्वार्थ्य समाजसेवा गर्ने वर्गको प्रतिनिधि पात्र हुन । त्यसैले उनी जीवनचेतनाका आधारमा वर्गीय पात्रको भूमिका रहेको छ भन्न सकिन्छ ।

**मञ्चीय पात्र :** उपन्यासमा देवीजीको भूमिका दृष्यात्मक नै भएको हुनाले उनी मञ्चीय पात्र हुन ।

**मुक्त पात्र :** उपन्यासको समग्रभाव रहेको कसको नोटवुक ? उपशीर्षकलाई र त्यसमा भएको उनको भूमिकालाई हेर्दा उनी बद्ध पात्रको रूपमा देखिन्छिन तर उक्त शीर्षकअन्यका वृतकारीय रूपमा संक्षेपीकरण वीजव्याड मात्र भएकाले र समग्र उपन्यासमा उनको भूमिका अटाउँदा खासै असर नपर्ने भएकाले देवीजी मुक्त पात्र हुन भन्न सकिन्छ ।

(च) **शान्ति**

कुमारीकी छोरी शान्ति र प्रतिकात्मक रूपमा समग्र नेपालकै इतिहास र वर्तमान सन्दर्भको शान्ति प्रक्रिया वा व्यवस्थाका रूपमा देखापरेकी छन ।

**स्त्री पात्र :** बारम्बार बलात्कृत भएकी वाल स्त्री पात्रको रूपमा उपस्थित भएकी पात्र हो शान्ति ।

**गौण पात्र :** उपन्यासको सुरूमा कुमारीले देवीजीलाई जिम्मा लगाएजस्तो देखिएता पनि शान्तिको भविष्यको खोजी गरी कथानक अन्त्य हुँदा शान्ति प्रतिकात्मक र गौण भूमीकामा देखापरेकी छ ।

**अनुकूल पात्र :** वाल अवोध अवस्थामा रहेकी तथा हिंसा र पीडा सहन विवस भएकाले पनि कथानकमा उसले खेल्ने भूमिका प्रतिकूल किसिमको छैन ।

**गतिहीन पात्र** : आख्यानमा वाल र प्रतीकात्मक उपस्थितिमा रहेकी शान्ति आफैमा पीडित भएकाले स्वभावमा गतिशीलता देखिदैन । यसर्थ ऊ गतिहीन पात्र हो ।

**वर्गीय पात्र** : समग्र हिंसा पिडित बालबालिकाको प्रतिनिधित्व गर्ने पात्र हो भने प्रतिकात्मक रूपमा शाह, राणा, पञ्चायत, प्रजातन्त्र र गणतन्त्रमा समेत नेपालआमाले शान्ति प्राप्त गर्न नसकेको तीतो यथार्थ भोग्न विवश पात्र हो ।

**नेपथ्य पात्र** : शान्तिको उपस्थिति दृष्यात्मक रूपमा उपन्यासमा देख्न सकिदैन त्यसैले ऊ नेपथ्य पात्र हो ।

**मूक्त पात्र** : उपन्यासवाट शान्तिलाई झिकिदिने हो भने पनि कथानक खासै असर नगर्ने देखिन्छ । त्यसैले आवद्धताका हिसाबले शान्ति मुक्त पात्र हो ।

**(छ) लाल**

सकस उपन्यासमा लाल गौणरुपमा देखापरेता पनि कथानकको निश्चित दीशा प्राप्त गर्न उसको भूमिका महत्वपूर्ण छ । खासगरी शान्तिको बलात्कृत गर्ने र कुमारी प्रति पनि कुविचार राख्ने महिला हिंसामा उद्त पात्रको भूमिकामा देखिएको छ । प्रतीकात्मक रुपमा समग्र कम्यूनिष्ट जो नेपालमा शान्ति प्राप्त हुन नदिने पात्रको रुपमा समेत देखाइएको छ ।

**पुरुष पात्र** : सकस उपन्यासमा लाललाई लिङ्गगत रुपमा पुरुष पात्रको हो भन्न सकिन्छ ।

**गौण पात्र** : उपन्यासको कथानक कार्यव्यपारमा त्यति ठूलो भूमिकामा लाल रहेको छैन तर प्रतीकात्मक अर्थप्रधानताका दृष्टिले महत्वपूर्ण भूमिका रहेको पाइन्छ । समग्र कार्यगत आधारमा लाल गौण पात्र हो ।

**प्रतिकूल पात्र** : शान्ति तथा कुमारीको वलात्कार गर्न उद्त्व रहने महिला हिसाको दृष्टिले कुविचार भएको पात्र हो । प्रतिकात्मक रुपमा पनि नेपालमा शान्ति प्राप्त गर्न नदिने पात्रको भूमिकामा देखिएकाले लालको प्रवृति प्रतिकूल देखिन्छ ।

**गतिहीन पात्र** : आफ्नो स्वार्थ्य पूर्तिगर्न जस्ता सुकै हर्कत प्रस्तुत गरेता पनि लालको हिंसा जनित स्वभावमा स्थिरता छ त्यसैले ऊ गतिहीन पात्र हो ।

**व्यक्तिगत पात्र** : लाल कामवासनाको परिपूर्ति गर्न अराजक स्वभाव प्रस्तुत गर्ने अपराध मानसिकता भएको व्यक्तिगत स्वभावको पात्र हो । समग्रता र प्रतीकात्मक सन्दर्भलाई हेर्दा बाल र महिला हिंसा गर्ने वर्ग साथै समग्र शान्ति प्रक्रियाका विरोधी वर्गको नेतृत्व गर्ने पात्रको रुपमा देखिएको हुनाले लाल वर्गगत पात्र हो भन्ने तर्क पनि अगाडि सार्न सकिन्छ ।

**मञ्चीय पात्र** : लालको प्रतीकात्मक अर्थ प्रदान गर्ने कथानक पात्रहरू र भूमिका साथै उसको प्रत्यक्ष भूमिका मञ्चीय नै देखिन्छ ।

**मुक्त पात्र** : लाललाई उपन्यासबाट हटाइदिदा कथानकमा खल्लोपन आउँछ तर उपन्यास नै विश्रृङ्खलित हुने सम्भावना नभएकोले ऊ मुक्त पात्र हो ।

**(ज) बा**

**पुरुष पात्र** : हरिवंश अधिकारी ( जीबा ) को बुबा का रुपमा देखिएका बा लिङ्गगत रुपमा पुरुष पात्र हुन ।

**सहायक पात्र** : जीबाले प्रस्तुत गरेको आत्मवृतान्त भित्रका कथानकका विभिन्न उपशीर्षकको नेतृत्व समेत बाले गरेका छन । खासगरी जीवालाई पाकशाला पढ्न लैजाँदा र घरका विभिन्न उपाख्यानमा बाको भूमिका कथानकलाई अगाडि वढाउन सहयोगी देखिन्छ , त्यसैले बा कार्यका आधारमा सहायक पात्र हुन ।

**अनुकूल पात्र** : बा कथानकभित्र कुनै पनि अवस्थामा नकारात्मक भूमिकामा देखिएका छैनन् त्यसैले अनुकूल पात्र हुन । राजनीति र परिवर्तनका सर्न्दभमा जीबालाई अवरोध गर्न र सम्झाउन खोज्नुले प्रतिकूल भूमिकाको सङ्केत समेत गर्न खोज्दछ तर त्यो सफल भएको छैन ।

**गतिहीन पात्र** : बा उपन्यासको आख्यानमा परम्परागत ग्रामीण ब्राह्मणवादी स्वभावमा देखिएका र आफ्नो परिवारिक सर्वोच्चतालाई वढी महत्व दिने स्वभाव उनको उपस्थिति भरी परिवर्तन भएको देखिदैन त्यसैले उनी गतिहीन पात्र हुन ।

**व्यक्तिगत पात्र** : आफ्नो र आफ्नो परिवारको स्वार्थ्थ पूर्ति भन्दा अन्य सोच गर्न नसक्ने स्वभावलाई हेर्दा वा व्यक्तिगत पात्र हुन ।

**मञ्चीय पात्र :** अदृष्य भन्दा दृष्य रुपमा नै उपस्थिति भएर आफ्नो भूमिका सम्पन्न गरेका छन । त्यसैले बा मञ्चीय पात्र हुन ।

**मूक्त पात्र :** सकस उपन्यासमा सहायक भूमिकामा रहेता पनि बाको अनुपस्थितिमा उपन्यास विथोलिदैन वा कथानकको मर्म टुट्दैन त्यसैले उनी मुक्त पात्र हुन ।

(झ) **वोध दादा**

**पुरुष पात्र :** जिम्वाल रुद्रप्रसाद घिमिरेका छोरा वीपीको समकक्षी कट्टर काँङ्ग्रेसमा लागेका वोध दादा लिङ्गका आधारमा पुरुष पात्र हुन ।

**सहायक पात्र** : नेपाली काङ्ग्रेसको राजनीति, पृथ्वीनारायणको नेपाल एकीकरण अभियान अङ्ग्रेज नेपाल युद्ध आदि विषयका उपशीर्षकको सन्दर्भमा जीवाको आत्मसंस्मरण भित्र आत्मसंस्मरण गर्ने सहायक पात्रको रूपमा वोध दादालाई हेर्न सकिन्छ ।

**अनुकूल पात्र :** आत्मा संस्मरण भित्र आत्मा संस्मरण प्रस्तुत गर्ने पात्रका रूपमा रहेका र राजनैतिक घटना , जयतु संस्कृतम आन्दोलनका योद्धाको भूमिका पनि खासै असत नभएकाले वोध दादा को प्रवृति अनुकूल देखिन्छ ।

**गतिशील पात्र :** नेपालको राजनैतिक घटनाक्रमलाई आत्मासात गरी काँङ्ग्रेसमा लागेका बोध दादाको स्वभाव गतिशील देखिन्छ ।

**वर्गीय पात्र :** वोध दादा राष्ट्रियता, प्रजातन्त्र र समाजवाद अङ्गीकार गर्ने राजनीतिज्ञ हुनुको साथै समाज र राष्ट्र परिवर्तनमा पारिवारिक र निजी स्वार्थ्य त्यागेका वर्गीय पात्र हुन ।

**मञ्चीय पात्र :** यात्रा र आत्मकथन सहित प्रस्तुत भएका वोध दादा दृष्य भूमिका नै रहेकाले मञ्चीय पात्र हुन भन्न सकिन्छ ।

**मुक्त पात्र** : वृहत र विभिन्न विषयवस्तु भएको उपन्यासको ऐतिहासिक राजनीतिक पक्षको एक अंशमा भूमिका रहेको र उक्त अंश झिक्दा पनि उपन्यासको श्रृङ्खलता नविग्रने भएकोले वोध दादा मुक्त पात्र हुन ।

(ञ) **बद्रीलाल**

**पुरुष पात्र :** जीबाको साथी र कम्यूनिष्ट विचार वोकेको बद्रीलाल लिङ्गको आधारमा पुरुष पात्र हो ।

**गौण पात्र :** उपन्यासको राजनैतिक कथानकमा साथी र विभिन्न विचारमा नअल्मलिकन पुष्पलालको कम्युनिष्ट विचारको अनुयाई भूमिकामा मात्र देखिएकाले बद्रीलाल कार्यगत रूपमा गौण पात्र हो ।

**अनुकूल पात्र :** कम्युनिस्ट सिद्धान्तको र कसैले कुभलो नचिताउने पात्रको रूपमा भएकाले उसको प्रवृति अनुकूल नै देखिन्छ ।

**गतिहीन पात्र** : आफ्नो विचार र सिद्धान्तमा कति पनि विचलित नहुने स्थिर स्वभावको पात्रका रूपमा बद्रीलाललाई हेरिन्छ ।

**वर्गीय पात्र** :निम्न तथा सर्वहारा वर्गको मुक्तिका लागि कम्युनिष्ट विचारमा हुर्केको भएकाले बद्रीलाल वर्गीय पात्र हो ।

**मञ्चीय पात्र :** उपन्यासका अन्य धेरै पात्र जस्तै बद्रीलाल मञ्चीय पात्र हो ।

**मुक्त पात्र :** कथानकीय आवद्धताका हिसावले बद्रीलाल मुक्त पात्र हो । किनकी उसको अनुपस्थितिमा पनि कथानकले गति लिन सक्छ ।

**(ट) कालीबाबा**

शरदलाई जीबा सँग साक्षात्कार गराउने दैवी शक्ति युक्त व्यक्तिका रूपमा प्रस्तुत छन् । देशका विभिन्न व्यक्तिहरू समेत दर्शन गर्न जाने बाबा उपन्यासको स्वैरकल्पनात्कम एवम् अतियथार्थवादी कथानकको केन्द्रीय भूमिकामा प्रस्तुत छन् ।

**पुरुष पात्र :** लिङ्गका आधारमा कालीबाबा पुलिङ्ग नै हुन भन्ने विश्वास गर्नुपर्दछ ।

**गौण पात्र :** कथानक घट्नाक्रमको छोटो भूमिकामा देखिने कालीबाबा गौण पात्र हुन ।

**प्रतिकूल पात्र :** आध्यात्मिक तथा दैविक शक्तिको प्रस्तुतिलाई हेर्दा अनुकूल पात्र भै भएता पनि मानवीय संवेदनशील भौतिक जगतमा उनको भूमिका प्रतिकूल नै ठहर गर्न सकिन्छ ।

**गतिशील पात्र :** आध्यात्मिक अदृष्य शक्तिको भरमा स्वभाव परिवर्तन गर्न सक्ने कालिबाबा गतिशील पात्र हुन ।

**व्यक्तिगत पात्र :** आध्यात्मिक पक्षको नेतृत्व गर्ने दैवी शक्तिको वर्ग समेट्ने पात्रका रूपमा कालीबाबाको उपस्थिति देखिएता पनि उनी निजी र छुट्टै व्यक्तिगत स्वभावका छन् । त्यसैले जीवन चेतनाका आधारमा व्यक्तिगत पात्र हुन ।

**नेपथ्य पात्र :** अदृष्य रुपमा आध्यात्मिक दैवी शक्ति प्रदान गर्ने कालीबाबा नेपथ्य पात्रको रुपमा रहेका छन ।

**मुक्त पात्र :** कालीबाबालाई आख्यानबाट हटाउँदा उपन्यासको स्वैरकल्पना र झीनो अतियथार्थवादको वाहेक अन्य कुनै श्रृङ्खला भङ्ग नहुने भएकाले मुक्त पात्र हुन ।

## ६.४ निष्कर्ष

सकस पूर्व दीप्ति शैलीमा आत्मवृतान्त प्रस्तुत गरिएको आख्यान यूक्त कृति हो । त्यसैले सीमित पात्रको मात्र भूमिका रहेको देखिन्छ तर सपना भित्र सपना देखे झैं कथानक आत्मवृतान्त भित्र वहुल पात्रहरूको छुट्टा-छुट्टै भूमिका देखिन्छ । विभिन्न विषयवस्तु र उपशीर्षकको व्यवस्थापन गरिएको आख्यानलाई चलायमान गर्ने पात्रहरू १०० जना भन्दा वढी देखिन्छन् । खासगरी यी विभिन्न पात्रहरूको जीवन समेट्ने गरी अगाडि बढेको कथा शरदको नोटले भन्छ जसमा प्रसङ्ग वा नोट गर्दछ । यस आधारमा माथि उल्लेख गरेका विभिन्न पात्रहरू कथानकको लक्ष्य प्राप्तिका लागि प्रस्तुत भएका छन ।

जीवा र शरदले प्रस्तुत गरेका कथानक नोटका आधारमा उनीहरूलाई प्रुमख पात्रका रूपमा वर्गीकरण गरिएको छ । त्यसै गरी उपशीर्षक र कथानक लक्ष्य पूरा गर्न प्रस्तुत अन्य वहुल पात्र मध्ये केहीको मात्र शैलिवैज्ञानीक वर्गीकरण गरिएको छ । ती पनि विभिन्न भूमिकामा महत्वपूर्ण योगदान सहित प्रमुख सहायक र गौण रुपमा देखा परेका छन् । उपन्यसाको पृथक स्वरुपमा देखा परेको सकसका कतिपय पात्रहरू सन्दर्भ सूच्यरुपमा आएका हुन वा भूमिकामा भनी पर्गेल्न सक्ने अवस्थामा पनि देखिदैन । तथापी सवै पात्रहरूको आख्यान अनुसार धेर-थोर भूमिका अवस्य छ । सवै पात्रहरूको शैलीवैज्ञानिक वर्गीकरण गर्न सम्भव नभएकाले महत्वपूर्ण भूमिकामा रहेकालाई मात्र अध्ययन विश्लेषण गरिएको हो ।

अध्याय सात

# उपसंहार

## ७.१ निष्कर्ष

उपन्यासकार जगदीश घिमिरे ( २००२-२०७० नेपाली साहित्य क्षेत्रका एक विशिष्ट व्यक्तित्व हुन । वि.सं २०२० बाट सिर्जना र प्रकाशन सुरुगरेका उनी स्नातकोत्तर सम्मको उपाधी हाँसिल गर्न सफल देखिन्छन् । नेपाल, भारत र बेलायतबाट शिक्षा प्राप्त गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरू मार्फत सामुदायिक विकासमा लागेका देखिन्छन् । साहित्य र पत्रकारितामा विशेष रुचिराख्ने घिमिरे कथा, उपन्यास, कविता, यात्रा संस्मरण, निबन्ध, नाटक जस्ता विधामा कलम चलाउन सफल रहेका छन् । राजनैतिक विश्लेषक अर्थात राजनैतिक चेतनाको सर्वोच्चाता प्राप्त गरेका साहित्यकार नेपाली हिन्दी, अङ्ग्रेजी र अन्य भाषाका प्रखर ज्ञाता समेत रहेका छन ।

शब्द-शव्दमा कलात्मक जादुका साथ पृथक रसास्वादन गराउन सक्ने साहित्यकार घिमिरेले लिलाम (वि.सं २०२७) र साविति (वि.स.२०३२) जस्ता उत्कृष्ट उपन्यास लेखेका छन् । जगदीशको कथाहरू (२०२८), कथा कविता संस्मरण (२०३४), सन्तान - नाटक) २०३५ बर्दी प्रतिनिधि कथा सङ्ग्रह २०६५), अग्निसूत्र (प्रतिनिधि कविता सङ्ग्रह २०६६) स्थानकाल पात्र (विविध रचना सङ्ग्रह २०६७) आदि जस्ता साहित्यका कविता, आख्यान र नाटक क्षेत्रमा कलम चलाउन सफल वहुमुखी प्रतिभावान व्यक्तिको रुपमा स्थान वनाएका छन् । अर्न्तमनको यात्रा - आत्मा संस्मरण २०६४) जस्तो नेपाली द्रष्टाका माझ सुपरिचित, लोकप्रिय र यजस्वी वनाउने : मदन पुरस्कार र उत्तम शान्ति पुरस्कार द्वारा सम्मानित ग्रन्थका स्रष्टाको साहित्यिक ओझ अझ वृद्धि भएको पाइन्छ । जीवनको उत्तरार्धमा मृत्यु शैयाको छट्पटी बीच नेपाली समाजमा इतिहास, राजनीतिका सकसपूर्ण यथार्थ विषयलाई आख्यानको रुपदिएर सकस ( २०६९ ) प्रकासन गरेका छन् । रामेछापको तामाकोशी सेवा समिति र काठमाडौं तिलगंङ्गा आँखा प्रतिष्ठान जस्ता संस्थापन सम्मानित समाजसेवी तथा साहित्यिक व्यक्तिको रुपमा घिमिरे सु-परिचित नै छन् ।

**सकस** उपन्यासको शैलबैज्ञानिक अध्ययन शीर्षकमा प्रस्तुत गरिएको शोध ग्रन्थमा शैलीवैज्ञानिक समालोचकीय कसीमा **सकस उपन्यासको** विश्लेषण गरिएको छ । विश्लेषणको क्रममा सकसको कथानक र पात्र व्यवस्थापनलाई मुख्य केन्द्र बनाइएको छ । उक्त शैलीवैज्ञानिक अध्ययन विश्लेषणबाट प्राप्त अध्यायगत निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ७.१.१ अध्याय एक, दुई र तिनको निष्कर्ष

शोधपत्रको पहिलो अध्यायमा समस्या कथन, उद्‌देश्यहरू, औचित्य, सीमाङ्कन आदि जस्ता महत्वपूर्ण कुराहरूलाई प्रस्तुत गरिएको छ । सकस उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकमा गरिएको शोधका उद्‌देश्यहरू कथानकका आधारमा सकस उपन्यासको विश्लेषण गर्नु, पात्र विधानका दृष्टिले सकस उपन्यासको विश्लेषण गर्नु तथा निष्कर्षात्मक मूल्याङ्कन प्रस्तुत गर्नु राखिएको छ ।

प्रस्तुत शोधलाई सार्थकता प्रदान गर्न सहयोग पुऱ्याउने सम्बन्धित साहित्य र अप्रकासित शोध ग्रन्थहरुको समीक्षा अध्याय दुई अन्तर्गत गरिएको छ । जसले अध्ययनलाई निश्चित मार्ग प्रदान गर्नुका साथै वस्तुगत, व्यवस्थित र सु-सङ्गठित बनाउन मद्‌दत गर्दछ ।

अध्ययन तिन अन्तर्गत शोध विधि प्रस्तुत गरिएको छ । यस क्रममा तथ्याङ्क सङ्कलनका श्रोतहरू, सामग्रीको निर्माण र प्रयोग साथै तथ्यहरुको व्याख्या-विश्लेषणको निश्चित स्वरूप प्रदान गरिएको छ । यस प्रक्रियाले शोधलाई नयाँ तथ्य प्राप्तिका लागि आधार प्रदान गर्ने देखिन्छ ।

### ७.१.२ अध्याय चारको निष्कर्ष

प्रस्तुत अध्यायमा शैलीविज्ञानको परिचय दिइएको छ । उक्त सिद्‌धान्त तहको अध्ययन विश्लेषण गरी सकसको शैलीवैज्ञानिक अध्ययनलाई थप वस्तुगत वनाउन सहयोग पुगेको पाइन्छ । समग्रमा यस अध्यायका निष्कर्षलाई निम्न बुँदामा प्रस्तुत गरिएको छ -

1_ शैलीविज्ञान अंग्रेजी शव्द क्तथष्कितष्अ को नेपाली रुपान्तरण हो ।

2_ अङ्ग्रेजीको क्तथभि शब्दमा ष्कत र ब्अक को योगबाट क्तथष्कितष्अक शब्द वनेका हो ।

3_ १९ औं शताव्दीमा भाषावादी सिद्धान्त र पद्तीका रुपमा देखापरेको शैलीविज्ञान साहित्य समालोचनाको क्षेत्रको नयाँ विधि हो ।

4_ पूर्वीय मान्यतामा 'शी ' धातुमा 'लक' प्रत्ययको योगवाट **शील** हुँदै संस्कृतको **शैली** शब्द निर्माण भएको हो । उक्त शैली शब्दले विषयवस्तु अनुकूल भाव अभिव्यक्ति गर्ने ढाँचालाई जनाउँछ ।

5_ सामान्य अर्थमा शैलीको अध्ययन गर्ने विज्ञान हो भने विशिष्ट अर्थमा भाषाको माध्यमवाट गरिने वस्तुनिष्ट आलोचना भन्ने सङ्केत गर्दछ ।

6_ विशेषतः कृतिभित्र प्रयुक्त भाषिक अध्ययन तथा कृति केन्द्रित शैली वैज्ञानिक समाललोचना प्रणालीको रुप हेरिन्छ ।

7_ पूर्वीय एवम् पाश्चात्य भाषा विद्हरुले विभिन्न अर्थमा शैलीविज्ञानको प्रयोग तथा परिभाषा व्यक्त गरेको पाइन्छ ।

8_ शैली वैज्ञानिकका सवालमा पाश्चात्य विद्वानहरुले व्यापक रुपमा र गहिराइ सम्मको अध्ययन प्रस्तुत गरेका छन् ।

9_ शैलीवैज्ञानिक दृष्टिकोणको चर्चा वैदिक र लौकिक संस्कृतिक परम्पराबाटै चल्दै आएको देख्न सकिन्छ ।

10_ पूर्वमा भरतमुनि र पाश्चात्य जगतमा अरस्तुले सर्वप्रथम शैलीका सन्दर्भमा चर्चा गर्ने जमकौ् गरेका छन् ।

11_ पूर्वमा भामह, वामन, अनन्दवर्दन, कुन्तक, क्षेमेन्द्र आदिले समेत शैलीलाई आ-आफ्नै तरिकाले चर्चा गरेका छन् ।

12_ फर्डिनाड डी. सस्यूर र आधुनिक भाषाविज्ञानको जन्म सङ्गै शैलीविज्ञानले समेत वस्तुगत आधार प्राप्त गऱ्यो ।

13_ सस्युरका चेला चार्ल्स वालीले शैलीविज्ञानको विकासमा ठूलो योगदान प्रस्तुत गरेको पाइन्छ ।

14_ डेभिड क्रिस्टलले भाषाविज्ञानकै शाखाको रुपमा मानी मानवीय भाषिक प्रयोगको अवस्थाको आधारमा सिद्धान्त स्थापित गर्ने मान्यता अगाडी सारे ।

15_ बालीले शैलीवैज्ञानकका पाठले सम्पूर्ण अभिव्यक्ति अवस्थाको विश्लेषण गर्ने तर्क गर्दछन ।

16_ लङ्म्यान डिक्सनरी अफ अप्लाइड लिङ्ग्विस्टिक्सका अनुसार खासगरी लेख्य र साहित्यिक पाठसँग सम्बन्धित भई श्रोता र वक्ताले खास अभिव्यक्ति नै किन छनोट गर्दछन भनी खोजी गर्ने तर्क सार्दछ ।

17_ मोहनराज शर्माका अनुसार भाषा विज्ञानको नवीनतम भाषावादी सिद्धान्त मानी साहित्यिक कृतिको संरचना वनोट आदि जस्ता पक्ष खोतल्ने तर्क गर्दछन ।

18_ शैलीविज्ञानले कृतिको अमूर्त आकारलाई मूर्त आकारका माध्यमबाट वुझ्ने सामर्थ्यय दिन्छ ।

19_ शैलीवैज्ञानिक विश्लेषणका लागि विश्लेषकले कृतिको प्रकृति, आफ्नो ज्ञान, क्षमता तथा शक्ति र सीमा सन्दर्भमा ध्यान दिनु पर्दछ ।

20_ कृतिको विश्लेषणका क्रममा साहित्यिक संरचना ( बनोट र बुनोट ) शैली ( चयन, अग्रभूमि निर्माण र विविधता ) तथा भाषा संरचना ( व्याकरण, शब्द र ध्वनि व्यवस्था ) जस्ता पक्षलाई आधार मानिन्छ ।

21_ विशिष्ट उपकरणबाट साहित्यको आन्तरिक सौन्दर्यको उद्घाटन गर्ने साहित्य समालोचनाको नवीनतम शाखा हो ।

22_ भाषा शास्त्र र साहित्यशास्त्रको समन्वयात्मक उपजको रुपमा शैलीविज्ञानलाई हेरिन्छ ।

23_ शैलीविज्ञानको पद्धति भाषापरक र दृष्टि कलापरक रहेको हुन्छ ।

### ७.१.३ अध्याय पाँचको निष्कर्ष

प्रस्तुत शोधको महत्वपूर्ण उद्देश्यमा कथानकका आधारमा सकस उपन्यासको विश्लेषण गर्नु रहेको छ । यस अध्याय अन्तर्गत उक्त उद्देश्यलाई सार्थकता प्रदान गर्न कथानकको परिचय, शीर्षक चयन, सकस उपन्यासको उपशीर्षक योजना र कथानक चरणगत उपशीर्षकका आधारमा कथानकको प्रस्तुति तथा कथानक तथ्याङ्कको विश्लेषण गरी निष्कर्ष प्रदान गरिएको छ । समग्रमा अध्याय पाँचको निष्कर्षलाई निम्न बुँदामा प्रस्तुत गरिएको छ -

1_ आख्यानात्मक कृतिमा कथानक अनिवार्य तत्त्वका रुपमा रहन्छ ।

2_ उपन्यासमा अन्तर्निहित घटनाहरूको योजनावद्ध ढाँचालाई कथानक भनिन्छ ।

3_ उपन्यासको विषयवस्तुमा अन्तर्निहित पताका र प्रकरीको अन्तर सम्योजनवाट उपन्यासको कथानकले पूर्णता प्राप्त गर्ने ।

4_ कथानकको पूर्णता भनेको आदि, मध्य र अन्त्य भाग रहनुको साथै एकान्वितिको व्यवस्था हो । तथापि वृतकारीय अउपन्यासका कथानक ढाँचा पृथक रहन्छ ।

5_ एक शब्दे शीर्षक सकसको शाब्दिक अर्थमा कुनै काम कुरोमा हुने वा पाउने हैरानी, सासन, सास्ती भन्ने हुन्छ ।

6_ नेपाली समाजमा, इतिहास र राजनितिको त्रिवेणी सकस तथा प्राकृतिक प्रेमका भित्रको सास्तीलाई समेट्ने सार्थक शीर्षक चयन गरिएको छ ।

7_ तिन चरणमा ५७ उपशीर्षक भित्र विभिन्न विषयवस्तुलाई समेटिएको उपन्यासको कथानकमा विविधता पाइन्छ ।

8_ कसको नोटबुक ? उपशीर्षकलाई अन्य उपशीर्षकको बीज व्याडका रुपमा प्रस्तुत गरी कृतिका प्रमुख सचेतकलाई देबीजीले एउटा मोटो नोटवुक दिदै यो परिचित उत्पीडित परिवारको रहेको सूचना प्रभाव सँगै अगाडि वढको छ ।

9_ आफ्नै बाबुबाट वलात्कृत भएर देवीजीको आश्रममा पुगेकी र त्यहीँ हुर्केकी नर्सको काम गर्ने कुमारी तथा जँड्याहा, स्वास्नी फेर्दै हिड्ने बाबु र एउटी सीमान्त महिलाबाट जन्मेको शरद वीचको प्राकृतिक र अमर प्रेंमको सकसपूर्ण तथ्य कथानकमा उल्लेख छ ।

10_ शरदकी आमालाई र उसको आत्महत्या पछि शरद र कुमारीलाई आश्रय दिने हरिवंश अधिकारी ( जीबा ) र फूलवाली ( जीमा ) बीचको जीवन सङ्घर्षको आत्मवृतान्त प्रस्तुत छ ।

11_ ऐतिहासिक आत्मवृतान्तपूर्ण कथानकमा गोर्खालीहरूको राज्य विस्तार अभियान, प्रतापसिंह शाहका बौलठ्ठीपूर्ण हर्कतहरू, दरवारमा चल्ने षडयन्त्र, रणबहादुरले गरेको मनपरी र पीडित जनताहरूको अपमानपूर्ण कथानक प्रस्तुत छ ।

12_ नेपालको राणा विरोधी आन्दोलन, महेन्द्रको शासनको समयमा काँङ्ग्रेसले पाएको सास्ती, २०४६ सालको आन्दोलन र अलोकतान्त्रिक जनविरोधि गतिविधिपूर्ण कथानक प्रस्तुत छ ।

13_ माओवादी जनयुद्धका क्रममा सेना र माओवादी दुवै पक्षबाट जनसाधारणले भोगेको अकल्पनीय दुःख र पीडाको कथा प्रस्तुत छ ।

14_ मधेस आन्दोलन, जनजाति आन्दोलन र संविधानसभाको अकाल मृत्यु सम्मको नेपालको राजनैतिक घटनाक्रम प्रस्तुत छ ।

15_ विभिन्न उपशीर्षकमा छुट्टा छुट्टै कथाको सङ्ग्रहको भान हुने कथावस्तु वृतकारीय रुपमा अन्तर सम्वन्धित छन् ।

16_ पूर्व दीप्ति शैलीमा आत्मसंस्मरण गरिएको उपन्यासमा समाज, इतिहास, राजनीति, कुटनीति र मायाप्रेमका विभिन्न सर्न्दभमा विसङ्गतिवादी, यर्थाथवादी, आर्दशवादी र झीनो अतियथार्थवादी आदिका विचारसाथ कथानक समख्यान गरिएको पाइन्छ ।

17_ जीबाले सपनामा रणहबहादुर शाहले यमराजसँग गरेको विन्ति र नेपालमा फेरी शासन गर्न चित्रगुप्तको आदेश स्वैरकल्पनात्मक रुपमा प्रस्तुत गरिएको छ ।

18_ कालीबाबा सङ्ग भेटगरी मृत जीबाको साक्षत्कारका लागि मन्त्र जप्नु र जीबासँग सिंहदरवार तथा देशदौडाहको लागि चराझैं आकाशमा उडेको देखाइ झीनो अतियथार्थवादको झलक प्रस्तुत गरिएको छ ।

19_ शान्तिको जन्म र वलात्कारको घटना नेपालको शान्तिप्रक्रिया सङ्ग प्रतीकात्मक रुपमा जोडी यथार्थता प्रस्तुत गर्न खोजिएको छ ।

20_ उपन्यासमा सामाजिक, आर्थिक, राजनैतिक र मनोवैज्ञानिक विसङ्गतिको सफल प्रस्तुति पाइन्छ ।

21_ विभिन्न विबब र मिथकहरुको प्रयोग गरी समसामयिक र प्राचीन सन्दर्भलाई अन्तरमिश्रण गरी कथानकको ओज प्रदान गरिएको छ ।

### ७.१.४ अध्याय छ को निष्कर्ष

प्रस्तुत अध्ययनको दोस्रो महत्वपूर्ण उद्देश्यमा पात्र विधानका दृष्टिले सकस उपन्यासको विश्लेषण गर्नु रहेको छ । उक्त उद्देश्यलाई पूर्णता दिई तथ्य केलाउने कार्य अध्याय छ अन्तर्गत गरिएको छ । चरित्र वा पात्रको कथानकमा उपस्थितिको खोजी, शैलीवैज्ञानिक वर्गीकरणका आधारहरूको चर्चा र सकस उपन्यासका पात्रहरुको शैलीवैज्ञानिक अध्ययन प्रस्तुत गरिएको छ । सकस उपन्यासको चरित्रको विश्लेषण गरिएको यस अध्ययनका समग्र निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ -

1_ आख्यानात्मक कृतिमा पात्र विधान महत्वपूर्ण पक्ष हो ।

2_ उपन्यासमा कथानकलाई चलायमान गराउने काम पात्र/ चरित्रले गर्दछन ।

3_ उपन्यास भित्र कुनै विशेषता बुझाउन व्यवस्थित रुपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ ।

4_ उपन्यासमा पात्रहरूको शैलीवैज्ञानिक वर्गीकरण र विश्लेषण गर्दा लिङ्ग, कार्य, प्रवृति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धतालाई आधार बनाइन्छ ।

5_ सकस उपन्यासमा प्रमुख, सहायक र गौण भूमिकामा वहुल पात्रको प्रयोग गरिएको पाइन्छ ।

6_ धने र मने वाख्राका पाठा, सिङ्गारी, कुकुर, चराहरू अमानवीय पात्रहरुको प्रसङ्ग चर्चा मात्र गरीएको छ तर खास भूमिकामा उपस्थित छैनन् । त्यसैले मानवीय मात्र पात्रको प्रयोग गरिएको छ भन्न सकिन्छ ।

7_ शरद, कुमारी र जीबालाई प्रमुख पात्रको भूमिकामा देख्न सकिन्छ ।

8_ सहायक र गौणपात्रहरू कथानक उपशीर्षक अनुसार अत्याधिक प्रयोग गरिएको पाइन्छ ।

9_ विश्लेषण पात्र मध्य लाल, बा र कालीबाबा बाहेक सबै वर्गीय स्वभावका पात्रका रुपमा देखिन्छन् ।

10_ सवै पात्रहरू मञ्चीय रुपमा प्रस्तुत भएका छन् भने शान्ति र कालीबाबा नेपथ्यवाट गौण भूमिकामा रहेका छन् ।

11_ कालीबाबा र लाल बाहेक सवै अनुकूल पात्रको रुपमा रहेका छन् ।

12_ स्वभावका आधारमा गतिशील र गतिहीन दुवै पात्रको उपस्थिति रहेको छ ।

13_ कुमारी, शरद, जीबा र जीमा उपन्यासमा आवद्धताका आधारमा बद्ध पात्र हुन भने अन्यलाई मुक्त गर्न सकिने अवस्थामा देखिन्छन ।

14_ स्वैरकल्पनात्मक एवम् प्रतीकात्मक स्वरुपमा पनि पात्रहरूको उपस्थिति रहेको पाइन्छ ।

15_ पूर्व दीप्ति शैलीमा जीबा र शरदले आत्मवृतान्त प्रस्तुत गरेको टिपोट वा नोटको रुपमा समग्र सकसलाई हेर्दा पात्रगत सीमितता रहेको छ । तर उपशीर्षक अनुसारको आख्यानलाई चलायमान गराउन असीमित पात्रको उपस्थिति देखिन्छ ।

16_ दैवी शक्ति मुक्त पात्रको समेत प्रयोग गरिएको छ ।

17_ इतिहास राजनीति, समाज र मनोविज्ञान भित्रका विभिन्न विषयवस्तुलाई समेट्न सक्ने चरित्र योजना भएको सफल उपन्यास हो ।

## ७.२ निष्कर्षात्मक मूल्याङ्कन

साहित्यिक शैलीको अध्ययन गर्ने परम्परा पूर्वीय र पाश्चात्य दुवैतिरका साहित्य शास्त्रमा प्राचिन कालदेखी नै प्रचलित रहेको भएता पनि शैलीविज्ञान साहित्य समालोचनाको आधुनिक नयाँ सिद्धान्त वा पद्धति हो । खासगरी भाषाको शैलीपरक समालोचना तथा अध्ययन प्रणाली मानिने यस अध्ययनले मूल विषयवस्तुका अलावा भाषाका विविध विषयवस्तुको अध्ययन गर्दछ । शैलीवैज्ञानिक समालोचना साहित्य समालोचनाको भाषावादी र वस्तुवादी पद्धति वा मान्यता हो । जसले कृतिमा निहीत भाषिक पक्षको मात्र नभई कथानकीय संरचना तथा चरित्रगत पक्षको समेत वस्तुगत र सूक्ष्म विष्लेषण गर्दछ । यसर्थ शैलीवैज्ञानिक अध्ययन वा समालोचना एक विशिष्ट र व्यवहारिक प्रणालीको रुपमा विकास भएको पाइन्छ ।

साहित्यका विधालाई गद्य र पद्य गरी दुई भेदमा वर्गीकरण गर्न सकिन्छ । उपन्यास गद्य विधाअर्न्तगत पर्ने आख्यान्युक्त आधुनिक समृद्ध विधा हो । परम्परागत मान्यतामा काव्यलाई समग्र साहित्यको समावेशीकरण गर्ने विशिष्ट रुप र अर्थमा हेरिन्थ्यो तथा नाटक विधालाई समेत थप महत्व दिइएको पाइन्छ । समयको परिवर्तन र मानवीय चेतनाको तीब्र वुद्धि सँगै पूर्व एवम् पाश्चात्य जगतमा उपन्यासलाई थप महत्वका साथ हेरी लेखन, अध्ययन र विश्लेषण गर्न थालिएको हो ।

उपन्यासमा कथानकको व्यास वृतलाई क्रमवद्ध रुपमा प्रस्तुत गर्ने र जीवनको सेरोफेरो प्रस्तुत गरिदिने विषयवस्तुलाई समेटेर औपन्यासिक मूल्य प्रदान गरिएको हुन्छ । सिङ्गो मानवजीवनलाई, समष्टि समाजलाई, लौकिक र अलौकिक विश्वजीवनलाई समेटी कौतुहलताका साथ उपन्यासका पाठकलाई कथानकका माध्यमबाट निश्चित सोपान हुँदै कार्यान्वितिको धुरी सम्म डोर्याउने काम गरिएको हुन्छ । संस्कृति, इतिहास,समाज, प्रकृति र प्राणिजगत जस्ता विविध पक्षसँग सम्वन्धित भई निश्चित जीवन दर्शन वोकेर कथात्मक अभिव्यक्तिका साथ उपन्यास अगाडि वढेको हुन्छ । यसर्थ उपन्यास जीवनको समष्टि प्रस्तुति हो ।

नेपाली उपन्यासको विकासक्रम प्रक्रिया र स्वरुपलाई हेर्दा विगत देखी वर्तमान सम्म विभिन्न विषयवस्तु र प्रवृतिका प्रशस्त उपन्यासहरू पाइन्छन् । यथार्थवादी, आर्दशवादी, स्वच्छन्दतावादी अस्तित्ववादी, मनोविष्लेषणवादी, विसङ्गतिवादी, अतियथार्थवादी, प्रकृतिवादी, प्रयोगवादी, आञ्चलिक, मिथकीय आदि जस्ता वाद वा पद्धति मध्ये कुनै न कुनै विशेषताउपन्यासमा निहीत हुन्छ ।

**'सकस'** नेपाली साहित्यमा पृथक पृष्ठभूमि बोकेर देखापरेको नवीन उपन्यास विधा हो । हुनत साहित्यकार जगदीश घिमिरे समाज, इतिहास र राजनीति वुझ्केका अब्वल व्यक्तित्व हुनुहुन्थ्यो । नेपाली उपन्यासको क्षेत्रमा रुपमती र बसाई जस्ता उपन्यासले सामान्य पाठकलाई आकर्षित गरेको देखिन्छ । भवानी भिक्षुको आगत र मदनमणि दीक्षितको माधवी समक्ष आइपुग्दा त्यसमा निहीत विषयवस्तु र स्वरुपले विशिष्ट पाठकको खोजी गऱ्यो । त्यसैगरी सकस सामाजिक यथार्थवाद, आदर्शवाद, विसङ्गतिवाद, मानवतावाद, मनोविज्ञान झीनो, अतियथार्थवाद आदिलाई समेट्ने कृति हो जसले सामान्य पाठक, वुद्धिजिवी, समाजसेवी र राजनीतिज्ञलाई समेत आकर्षण गर्न सफल देखिन्छ । लिलाम,

साबिति, अन्तर्मनको यात्रा र सकस जस्ता आख्यानात्मक कृतिहरू नेपाली साहित्य भण्डारमा दिएर कालजयी बनेका घिमिरे सफल उपन्यासकार हुन् ।

सकसको समग्र कथानकलाई हेर्दा पूर्व दीप्ति शैली र वृत्ताकारीय ढाँचामा प्रस्तुत गरिएको पाइन्छ । विविध विषयवस्तुसँग सम्बन्धित भई आख्यानको संयोजन गर्न उपशीर्षकहरूको छनोट गरिएको छ । उक्त उपशीर्षक र त्यसको आख्यान जीबा र शरदले आत्मसंस्मरण गरी प्रस्तुत गरिएको पाइन्छ । नेपाल र भारतको परिवेशमा भए घटेका विभिन्न सामाजिक तथा राजनैतिक घटनाहरूलाई समेटी आत्मसंस्मरण प्रस्तुति गरिएको पाइन्छ । त्यसैगरी नेपालको इतिहास जसमा राणाकाल, शाहकाल, प्रजातन्त्र, पञ्चायत र गणतन्त्र सम्मको घटनाक्रमलाई सफल आख्यान दिएको पाइन्छ । विगत देखी वर्तमानसम्म सामाजीक विसङ्गति र यथार्थता प्रस्तुत गरी भविष्यमा छिट्टै शान्ति प्राप्त गर्ने आर्दश समेत कथानकमा प्रस्तुत भएको छ । अर्कोतर्फ शरद र कुमारीको आत्मिक प्रेम र त्यसमा निहीत सकस त्यसैगरी जीबा र जीमाको जीवन सन्दर्भका रोचक तथा कारुणिक सन्दर्भ समेतले सकसलाई थप उचाइ प्रदान गरेको छ ।

सकस उपन्यासको कथानकमा आदि, मध्य र अन्त्यको श्रृङ्खला नमिलेता पनि उपशीर्षक योजनाले कथानकलाई निश्चितता प्रस्तुत गरी व्यवस्थित गरेको छ भने विभिन्न वर्गका पाठकलाई समेट्न सक्ने क्षमता समेत राख्दछ । उपन्यासमा जीबाले आफ्नो सपनाको सन्दर्भ शरदलाई सुनाउदै रणबहादुरले यमराजसँग भेट र वार्तालापका स्वैरकल्पनात्मक कथानक प्रस्तुत गरिएको छ । शरदको कालीबाबासँग भेट र मृतजीबाको साक्षात्कार गर्ने इच्छा अनुसार मन्त्रजपी जीबासँगै आकासमा उडेका अतियथार्थवादी आख्यान समेत प्रस्तुत गरिएको छ । शान्तिको जन्मलाई प्रतीकात्मक रुपमा समेत प्रस्तुत गरी लाल जस्ता पात्रबाट वलात्कृत भएको सामाजिक विसङ्गति र प्रतीकात्मक यथार्थता प्रस्तुत गरिएको पाइन्छ । समग्रमा उपन्यासको आख्यानामा इतिहास, समाज, राजनीति र मनोविज्ञानपूर्ण विसङ्गति र सकसको सफल प्रस्तुति भेटिन्छ ।

समग्र उपन्यासको कथानक जीबा र शरदले आत्मसंस्मरण गरी पूर्णता प्रदान गर्ने सन्दर्भलाई हेर्दा पात्रगत सीमितता भएको पृथक प्रयोग भेटिन्छ । सपनामा सपना देखेझैं आत्मसंस्मरण भित्र विभिन्न उपशीर्षकमा पताका र प्रकरीलाई अगाडि बढाइएको छ । उक्त आत्मसंस्मरणयुक्त विविध कथानकमा उपयुक्त पात्रहरुको उपस्थितका साथ समख्यान गरिएको उपन्यासमा बहुल पात्रहरुको उपस्थिति देखिन्छ । स्वैरकल्पनात्मक एवम्

प्रतीकात्मक भूमिकामा समेत पात्रहरुको उपस्थिति गराइएको छ । धने-मने बाखाका पाठा, सिङ्गारी, कुकुर, चराहरू जस्ता अमानवीय पात्रको प्रसङ्ग चर्चा मात्र गरिएको छ तर खास भूमिकामा देखिदैनन । यसर्थ मानवीय पात्रको मात्र उपन्यासमा प्रयोग भएको छ भन्न सकिन्छ । नेपाली उपन्यास जगतमा पृथक पृष्ठभूमिका देखापरेको सकस विषयवस्तु अनुकूल पात्रहरूको भूमिका सन्दर्भ सूच्य रुपमा वा खास भूमिकामा उपस्थित भएका हुन सो पर्गेल्न गाह्रो देखिन्छ ।

# सन्दर्भ सूची

**प्रकाशित पुस्तकहरूः**


अधिकारी हेमाङ्ग राज (२०४९) **समसामयिक नेपाली व्याकरण,** काठमाण्डौ : विधार्थी पुस्तक भण्डार ।

अधिकारी हेमाङ्ग राज ( २०७०) **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

आचार्य, माधव र रामप्रसाद गौतम,(२०६६), **प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरु**, काठमाण्डौ : दीक्षान्त प्रकाशन ।

गौतम, देवीप्रसाद र अन्य (२०६७), **सामान्य भाषा विज्ञान,** काठमाण्डौः पिनाकल पब्लिकेसन ।

घिमिरे, जगदीश, (२०६९), **सकस उपन्यास,** मन्थली, रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

ढकाल, शान्तिप्रसाद (२०६६,चौथो सं.) **सामान्य भाषा विज्ञान,** काठमाडौंः शुभकामना प्रकाशन ।

ढुंगेल,भोजराज र दुर्गाप्रसाद दाहाल,(२०६८), **नेपाली कथा र उपन्यास** , काठमाण्डौ एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

पोखरेल, बालकृष्ण र अन्य ( २०५५), **नेपाली बृहत शब्दकोश,** काठमाण्डौ : ने.रा.प्र.प्र.।

बन्धु, चूडामणि, (२०५२) **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाडैं :रत्नपुस्तक भण्डार ।

बराल, कृष्णप्रसाद र नेत्र एटम् (२०५८) **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ललितपुर : साझा प्रकासन ।

भट्टराई, डा.रामप्रसाद, (२०६८), **भाषिक अनुसंन्धान विधि,** ताहाचल काठमाडौं :शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि (२०५४),**प्रायोगिक भाषा विज्ञानका केही पक्ष,** काठमाडौंः शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणी,(२०६६), **स्नातकोत्तर नेपाली शिक्षा,शोध विवरण**, काठमाडौं : न्यू हिरा इन्टरप्राइजेज ।

................ र अन्य (२०६८), **भाषिक अनुसन्धान विधि,** काठमाडौं : सनलाइटप्रब्लिकेशन ।

यादव, योगेन्द्रप्रसाद र भीमनारायण रेग्मी (२०५८), **भाषाविज्ञान,** काठमाडौँः न्युहिरा बुक्स इन्टरप्राइजेज ।

रचना, (२०७०), **सकस मन्थन विशेषाङ्क,** मन्थली, रामेछाप :जगदीश घिमिरे प्रतिष्ठान ।

लामिछाने, यादवप्रकाश र अन्य (२०६९), **भाषिक अनुसंन्धान विधि,** काठमाडौँ : विधार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश र अन्य (२०६९) सामान्य भाषविज्ञान, काठमाण्डौः विधार्थी पुस्तक भण्डार ।

शर्मा, बसन्तकुमार (२०५८,दोस्रो सं.) **नेपाली शब्दसागर** काठमाण्डौं ।

सुवेदी, राजेन्द्र, (२०६४), **नेपाली उपन्यासः परम्परा र प्रवृति** (दोस्रो संस्करण),काठमाडौँः साफा, प्रकाशन ।

त्रिपाटी, बासुदेव (२०४९), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २,** ललितपुर : साफा प्रकाशन ।

**अप्रकाशित शोधग्रन्थहरू**

खनाल, **राजेन्द्र, (२०६१), मुगलान उपन्यासको शैलीवैज्ञानिक अध्ययन** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग कीर्तीपुर ।

(छत्कुली), बुर्लाकोटी, सान्नानी, (२०६८) **मोदिआइन उपन्यासको शैलीवैज्ञानिक अध्ययन** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग कीर्तीपुर ।

पाण्डे, राजाराम, (२०६८), छिमेकी कथा **उपन्यासको शैलीवैज्ञानिक अध्ययन'** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग कीर्तीपुर ।

शर्मा, भवानीराम, (२०६३), **अलिखित उपन्यासको शैलीवैज्ञानिक अध्ययन'** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग कीर्तीपुर

शर्मा, शारदा, (२०६९), **अल्वर्ट आइस्टाइन र गौतम वुद्ध खण्डकाव्यको शैलीवैज्ञानिक अध्ययन** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग कीर्तीपुर

## परिशिष्ट एक

# ‘सकस’ उपन्यासको शैलीवैज्ञानिक अध्ययन

‘सकस’ उपन्यासका शोधनायक वरिष्ठ साहित्यकार श्री जगदीश घिमिरेज्यूमा ‘सकस’ उपन्यासको कथानक, पात्र विधान र सारवस्तु प्रयोगका दृष्टिमा गरिएको शोधपरक अन्तर्वार्ता आधार प्रश्नावली :

**<u>कथानक सम्बन्धी प्रश्नावलीहरू:</u>**

1_ कथानकका हिसाबले ‘सकस’ उपन्यासलाई कस्तो उपन्यासका रूपमा लिनुहुन्छ ?

2_ कथानक सूत्रका हिसाबले ‘सकस’ उपन्यासले नेपाली उपन्यास साहित्यमा कस्तो भूमिका खेलेको छ ? स्रष्टाका माध्यमबाट बताइदिनुहोस् न ?

3_ कथानक बुनोटका हिसाबले ‘सकस’ उपन्यासलाई केकसरी प्रष्ट्याउनु हुन्छ ?

4_ बहुकथानकका हिसाबले ‘सकस’ उपन्यासलाई कस्तो उपन्यासका रूपमा लिँदा न्याय पर्न जान्छ ?

5_ आधुनिक कथानकका हिसाबले ‘सकस’ उपन्यासलाई कस्तो उपन्यासका रूपमा लिनु पर्दछ ?

6_ ऐतिहासिक कथानकका हिसाबले ‘सकस’ उपन्यासलाई कस्तो उपन्यासका रूपमा लिनु सहज हुन्छ होला ?

7_ वृतकारीय कथानक संरचनामा आदि मध्य र अन्त्यको संयोजन कसरी गर्नु भएको छ ?

8_ बहु कथानकका हिसाबले ‘सकस’ उपन्यासलाई के कस्तो उपन्यासका रूपमा लिनु पर्दछ ? कृपया सविस्तारमा बताइदिनुहोस्न ।

9_ उप कथात्मक उपन्यासका हिसाबले ‘सकस’ उपन्यासलाई कस्तो उपन्यासका रूपमा लिँदा न्याय हुन्छ होला ?

10_ दीप्ति शैलीमा आत्मवृतान्त प्रस्तुत गरी स्वैरकल्पनाको प्रयोग पनि देखिन्छ त ?

11_ विविध सह कथानक संयोजनका हिसाबले 'सकस' उपन्यासलाई कस्तो उपन्यासका रूपमा लिनु उपयुक्त हुन्छ होला ?

12_ ऐतिहासिक पौराणिक र मिथक प्रयोग युक्त कथानकका हिसाबले 'सकस' उपन्यासलाई कस्तो उपन्यासका रूपमा लिनुहुन्छ ?

**<u>पात्र विधानका आधारमा सोधिएका प्रश्नहरू :</u>**

1_ पात्र विधानका दृष्टिले 'सकस' उपन्यासलाई कस्तो उपन्यासका रूपमा लिनु उपयुक्त हुन्छ होला ?

2_ बहु पात्रविधानका दृष्टिले 'सकस' उपन्यासलाई कस्तो उपन्यासका रूपमा लिनु उपयुक्त हुन्छ होला ?

3_ वर्गीय पात्र विधानका दृष्टिले 'सकस' उपन्यासलाई कस्तो उपन्यासका रूपमा लिनु उपयुक्त हुन्छ होला ?

4_ ऐतिहासिक पात्र विधानका दृष्टिले सकस उपन्यासलाई कस्तो उपन्यासका रूपमा लिनु उपयुक्त हुन्छ होला ?

5_ शान्ति र लाल प्रतीकात्मक पात्रको रुपमा पनि प्रयोग भएका हुन ?

6_ पौराणिक पात्र विधानका दृष्टिले 'सकस' उपन्यासलाई कस्तो उपन्यासका रूपमा लिनु उपयुक्त हुन्छ होला ?

7_ आधुनिक पात्र विधानका दृष्टिले 'सकस' उपन्यासलाई कस्तो उपन्यासका रूपमा लिनु उपयुक्त हुन्छ होला ?

8_ मानवतावादी पात्र विधानका दृष्टिले 'सकस' उपन्यासलाई कस्तो उपन्यासका रूपमा लिनु उपयुक्त हुन्छ होला ?

9_ दैवी शक्ति भएका स्वैरकल्पनात्मक पात्र पनि देखिन्छन नि ?

10_ अभिजात पात्र विधानका दृष्टिले 'सकस' उपन्यासलाई कस्तो उपन्यासका रूपमा लिनु उपयुक्त हुन्छ होला ?

11_ अभिजात्य पात्र विधानका दृष्टिले 'सकस' उपन्यासलाई कस्तो उपन्यासका रूपमा लिनु उपयुक्त हुन्छ होला ?

12_ न्यून चेतना भएका पात्र विधानका दृष्टिले 'सकस' उपन्यासलाई कस्तो उपन्यासका रूपमा लिनु उपयुक्त हुन्छ होला ?

**सारतत्त्व सम्बन्धी प्रश्नावलीहरू :**

1_ ऐतिहासिक तथा राजनैतिक विषयवस्तुलाई समातेर आख्यान तयार गर्नुभएको छ । त्यस मार्फत दिन खोजेको खास सन्देश के हो ?

2_ समसामयिक र ऐतिहासिक घटनाक्रमलाई जोडेर भविष्यमा शान्तिको कामना सन्देश दिन खोज्नु भएको हो ?

3_ आर्थिक राजनैतिक र सामाजिक जीवनका विसङ्गतिपूर्ण यथार्थता प्रस्तुत कसरी गर्नु भएको छ ?

4_ प्राकृतिक प्रेम र अपराध मनोविज्ञानको सफ झलक देखिन्छ । त्यो सत्य हो ?

5_ स्वैरकल्पनालाई कसरी बुझ्नुभएको छ ? उपन्यासमा पनि मिथक र स्वैरकल्पनाको प्रयोग रहेछ । केही भनिदिनुस त/

6_ यथार्थवाद तथा झीनो अतियथार्थवाद पनि देखिन्छ । थप प्रष्टयाई दिनुस न ?

7_ सकस तपाईको जीवनको अनुभव हो ? के मानवीय जीवनमा उपन्यासमा भए झै सकस अनिवार्य छ ?

8_ प्रेम र जीवन अर्न्तसम्बन्धित पक्ष हुन ? किन ?

9_ सकसको मूल सन्देश के हो ? प्रष्ट पारिदिनुस न ।